# स्थानीय गाउँ शिक्षा योजना २०७८-२०८८

Local Education Plan - 2021-2030

# वराहपोखरी गाउँपालिका


वाघखोरभन्ज्याङ, खोटाङ

प्रदेश नं. १, नेपाल।

mswordcoverpages.com

# स्थानीय शिक्षा योजना -२०७८-२०८८

Local Education Plan - 2021-2030




## स्थानीय सरकार

## वराहपोखरी गाउँपालिका, खोटाङ

## प्रदेश नं. १, नेपाल

## २०७८

# भुमिका

शिक्षा ज्ञानको वत्ती हो। ज्ञानलाई व्यवस्थित, योजनाबद्ध ,प्रभावकारी रुपमा परिचालन गर्न शिक्षा योजनाको आवश्यकता पर्दछ।शिक्षा योजनाले नै शैक्षिक भविष्यको रुपरेखा निर्धारण गर्ने भएकाले यस्तो योजना स्थानीय परिवेशका आधारमा निर्माण गर्नुपर्छ।नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा गरेअनुसार शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगार मूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रियहितप्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको लागि सो तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनी मौलिक हकको व्यवस्था गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) ले आधारभूत तथा माध्यमिक शिक्षाको २३ वटा अधिकार गाउँपालिकालाई प्रदान गरेको छ । संविधान र कानुनी प्रावधानले गरेको व्यवस्थालाई सवल सफल र जीवनीपयोगी बनाउदै कार्यान्वयन गर्नु आजको आवश्यकता रहेको छ।यो स्थानीयस्तरको विकेन्द्रिकृत गाउँशिक्षा योजनाले यस पालिकामा शैक्षिक पहुच अभिवृद्धि गर्ने शैक्षिक गुणस्तर उकास्ने शैक्षिक सस्थाहरुको क्षमता बढाउने कार्यमा ठुलो सहयोग पुर्याउने अपेक्षा राखेकोछु।

उपल्लास्तरमा तयार गरिएका सबैका लागि शिक्षा, विद्यालय क्षेत्रसुधार योजना जस्ता योजनाले स्थानीय तहका शैक्षिक आवश्यकताहरुको पहिचान र समधान गर्न सक्ने अवस्था नरहेकोले स्थानीय तहमा स्थानीय आवश्यकता अनुसार स्थानीय सरोकारवालाहरुको सक्रिय सहभागितामा माटो सुहाउदो गाउँ शिक्षा योजना निर्माण तथा कार्यान्वयनको प्रयास भएको छ।यस गाउँपालिकाले पनि गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना, विद्यालय शिक्षाको संरचना, शिक्षाको गुणस्तर, शिक्षाको समान अधिकारको कार्यान्वयन गर्न समयसापेक्ष रणनीतिहरु तय गरी शैक्षिक सेवा प्रवाह गर्ने प्रयत्न गरेको छ। प्रत्येक तहमा खुद भर्नादर वढाउने, विद्यालय वाहिर रहेका बालबालिकालाई विद्यालय आउने वातावरण सृजना गर्ने, विद्यालय तथा कक्षा छोडने दर घटाउने र विद्यालय शिक्षामा सवृ बालबालिकाको समतामूलक पहुच स्थापित गर्न वराहपोखरी गा.पा.को शिक्षा योजना सफल हुने विश्वास लिएको छु।

नागरिकहरुलाई सहज,सुलभ, सरल तथा आवश्यकता अनुसार शिक्षा प्रदान गर्न २०७८ देखि २०८८ सम्मको १० बर्षे शिक्षा योजना सरोकारवाला पक्षको सहभागितामा तयार पारिएको छ । गाउँपालिकाभित्रका शैक्षिक मुद्दा तथा चुनौतीहरुलाई शृङखलाबद्ध रुपमा निदान गर्न सर्वपक्षीय छलफल तथा अन्तरक्रिया गरी योजनाको निर्माणमा प्राथमिकता प्रदान गरिएको छ । शिक्षाको मार्गचित्र निर्माण गर्नु जटिल एवम् चुनौतीपूर्ण कार्य भएतापनि यो योजना निर्माणमा योजना निर्माण कार्यदल तथा लेखन समूहले गरेको मेहनतप्रति कृतज्ञता व्यक्त गर्दछु । यस कार्यमा निरन्तर तथा अहोरात्र खटिनु भएका शिक्षा युवा तथा खेलकुद शाखा, सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक, समितिका पदाधिकारीहरु, शिक्षक, समितिका पदाधिकारी तथा शिक्षासँग सरोकारवालाहरु तथा यस गाउँपालिकाका शिक्षा अधिकृत विज्ञान राउतलाई धन्यवाद दिन चाहन्छु साथै यस कार्यमा सहयोग पुर्याउनुहुने उपाध्यक्ष गोमा मगर, प्रमुख प्रशासकीय अधिकृत मान बहादुर वन,५ न. वडाध्यक्ष फौदराज राई, सूचना प्रविधि अधिकृत सुजिव तामाङ, जनप्रतिनिधिज्यूहरु लगायत सम्पूर्ण सरोकारवालाहरुलाई विर्सन सक्दिन ।योजनाले निर्धारण गरेको मार्गदर्शनको कार्यान्वयनलाई चुस्त, दुरुस्त, सक्षम, प्रभावकारी तथा समस्या समाधानमुखी वनाई शैक्षिक उन्नयनलाई प्राथमिकतामा राख्ने वचनवद्धता व्यक्त गर्दछु ।

**शालिकराम बन्जारा**
**अध्यक्ष**
**वराहपोखरी**
**गाउँपालिका**

# दुई शब्द

शिक्षा देश विकासको मार्गदर्शक हो । शिक्षालाई अगाडि बढाउन शिक्षा योजनाको आवश्यकता पर्दछ।यस्ता योजनाका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ । स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र गाउँपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी वर्तमान एवम् भावी पुस्तालाई समृद्ध वराहपोखरी सुम्पन गाउँपालिकाले स्थानीय तहको शिक्षामा विभिन्नम कार्यक्रमहरु सञ्चालन गरिदै आएको छ। वराहपोखरी गाउँपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन शिक्षा क्षेत्रको योजना २०७८-२०८७ तयार गरी  कार्यान्वियन गर्ने सतप्रयास गरेको छ ।

गाउँ शिक्षा योजना यस गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको १० वर्षे मार्गदर्शन हो। यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा गाउँपालिकाले राखेको छ । यस शिक्षा योजनाले वराहपोखरी गाउँपालिकाको १० वर्षे शैक्षिक विकासको उद्धेश्य तथा रणनीति निर्माण गरि प्रभावकारी कार्यन्वयन हुने अपेक्षा गरेको छु ।  छोटो अवधिमा वराहपोखरीको गाउँ शिक्षा योजना (२०७८-२०८७) निर्माण कार्य गर्ने असल अभ्यास वास्तवमै तारिफयोग्य छ ।  यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति,शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्णको सहयोग, सुझाव, सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु र यस योजनाको सफल कार्यन्वयनको अपेक्षा गर्दछु । धन्यवाद ।

**गोमा मगर**
**उपाध्यक्ष**
**वराहपोखरी**
**गाउँपालिका**

# हार्दिक आभार

शिक्षा समाज परिवर्तनको सम्वाहक हो, विकासको मेरुदण्ड हो । शिक्षा क्षेत्रको विकास बिना समाज परिवर्तन असम्भव छ । वराहपोखरी गाउँपालिकाले यस क्षेत्रको शैक्षिक विकास गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । शिक्षा क्षेत्रमा गरेको लगानीलाई उद्धेश्यमूलक र अर्थपूर्ण बनाउन गाउँपालिकाले शिक्षा योजना बनाउन आवश्यक छ । राज्यको पुर्नसंरचना पश्चात स्थापित यस गाउँपालिकाले शिक्षा क्षेत्रको यथार्थ अवस्था पहिचान गरी शैक्षिक उन्नयनमा क्रियाशील छ । स्थानीय शैक्षिक नीति तथा योजना अनुसार कार्यक्रमहरुलाई प्राथमिकिकरण गरी उपलब्ध सिमित श्रोत तथा साधनको अधिकत्तम सदुपयोग गरी गाउँपालिका शैक्षिक विकासलाई अधिकतम रुपमा सहयोग पुर्याउने प्रतिवद्धता व्यक्त गर्दछु । यस योजनाले शिक्षा क्षेत्रका सबै अवयवहरुको यथार्थतालाई समेट्न प्रयास गरेको भएतापनि सीमित समय तथा श्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण नहुन सक्छ । यस्ता आवधिक योजनाहरु समय सापेक्ष रुपमा अद्यावधिक गर्नुपर्छ।

वराहपोखरी गाउपालिकाले विज्ञान तथा प्रविधिमा आएको तिव्र परिवर्तन , सूचना तथा संचार प्रविधिको क्रान्ति, ज्ञान तथा खोजमा भएको विस्फोटन र कोभिड-१९ जस्ता संक्रामक रोगको वर्तमान अवस्था जस्ता पक्षको प्रभाव र असरलाई विश्लेषण गरी गाउँशिक्षा योजना निर्माण गरिएको छ । यो शिक्षा योजना निर्माणमा अग्रसरता लिने गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई हार्दिक धन्यवाद दिन चहान्छु साथै शिक्षा योजना निर्माण कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिका परिवार, शिक्षा समिति परिवार, विद्यालयका प्रधानाध्यापक र शिक्षकहरु तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट हार्दिक धन्यबाद व्यक्त गर्दछु।

अन्त्यमा यस गाउँपालिकाको शिक्षा योजना शिक्षा विकासको दीर्घकालिन आधारशिला बन्न सकोस् । शैक्षिक विकासको लागि गुरुयोजना भई कार्यान्वयनमा रहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

**मान वहादुर वन**
**प्रमुख प्रशासकीय अधिकृत**
**वराहपोखरी गाउँपालिका**

## हाम्रो भनाइ

नेपालको संवैधानिक प्रावधान तथा कानुनी सीमाभित्र रहेर वराहपोखरी गाउपालिकाले स्थानीय १० वर्षे गाउँ शिक्षा योजनाको मार्गचित्र निर्माण गरेको छ। १० वर्षको अवधिमा कहाँसम्म पुग्ने, त्यस कार्यका लागि कुन पक्षले केके गर्ने, कस्ता रणनीति अवलम्वन गर्ने जस्ता शिक्षा क्षेत्रका यावत विषयक्षेत्रलाई सही मार्गमा डोर्याउने अभिष्ठ राखी सरोकारवालाहरुसंग आवश्यक समन्वय तथा छलफल र सुझाव संकलन गरी यो योजना निर्माण गरिएको हो।वराहपोखरी गा.पा.मा गुणस्तरीय शिक्षा प्रदान गरी शैक्षिकस्तर उन्नयनमा सहयोग पुर्याउनु यस योजनाको प्रमुख उद्देश्य रहेको छ। आन्तरिक स्रोतको उच्चतम प्रयोग तथा आवश्यकतामा आधारित वाह्य सहयोगको आधारमा प्रस्तुत योजनाको स्रोत परिचालन गरिने गरी व्यवस्थापन गरिएको छ। शिक्षकहरुको आत्मवल उच्च राखेर अभिभावकको चाहना र भविश्यको आवश्यकता अनुसारको आधारभुत जनशक्ति तयार गर्ने गरी सवै सामुदायिक विद्यालयहरुको स्तरोन्नती गरेर विद्यालय सवलिकरण गरिनेछ।

विगत देखि भएका राम्रा प्रयासलाई निरन्तरता दिंदै थप आवश्यक पर्न सक्ने सहयोग उपलव्ध गराइ आफ्नो विद्यालय प्रति स्वयम् अभिभावक नै उत्तरदायी र जिम्मेवार हुने गरी कार्यक्रम सञ्चालन गरिने छ। यस स्थानिय तह भित्र विद्यालय उमेरका कुनै पनि वालवालिका विद्यालय वाहिर रहनु नपर्ने व्यवस्था सुनिश्चित गर्नको लागि वडा सरकारहरुलाई जिम्मेवार वनाएर अगाडी वढीने छ। वालविकास शिक्षा र आधारभुत तहमा स्थानिय उत्पादनलाई प्राथमिकता दिने गरी दिवाखाजा कार्यक्रम निरन्तरता दिइने छ र अनिवार्य तथा निःशुल्क आधारभुत शिक्षाको गाँउपालिकाले सुनिश्चितता गर्ने छ। स्थानिय आवश्यकताका आधारमा स्थानिय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिने छ। शिक्षकहरुको कक्षाकोठामा अन्तरक्रियाको समय वढाउन आवश्यकतामा आधारित प्राविधिक सहयोगको कार्यलाई थप सवल वनाइने छ। शिक्षा नै विकासको मेरुदण्डको रुपमा स्वीकार गर्दै शिक्षा क्षेत्रमा यस गाँउपालिको आफ्नै वजेटको अंश वढाएर २५% मा पुर्यउने छ। सतप्रतिशत विद्यार्थीलाई आधारभुत तहको शिक्षा पार गर्न सक्षम वनाइने छ। कसैलाई पनि शारिरीक तथा मानसिक यातना नदिई भयमुक्त सहितको वालमैत्री वातावरणमा सिकाइ सुनिश्चितता गरिने छ र समतामुलक शिक्षामा जोड दिइने छ।

शिक्षा योजना निर्माणमा सहयोग गर्नुहुने योजना कार्यदलका सम्पूर्ण सदस्यहरु तथा योजना लेखनका सदस्यहरु सुजिव तामाङ, लक्ष्मीप्रसाद पौडेल, हिक्मतसिङ पेला ,प्रकाश बन्जारा, रामचन्द्र राई लाई हार्दिक धन्यवाद व्यक्त गर्दछौ।शिक्षा योजना निर्माणमा प्राविधिक सहयोग पुर्‍याउने, निरन्तर रुपमा सल्लाह दिने, EGRP-II का खोटाङ जिल्ला संयोजक शान्ता राईलाई विशेष धन्यवाद प्रकट गर्दछौ। राजनीतिक दलका प्रतिनिधि ,वुद्धिजिवी , समाजसेवी,शिक्षक , कर्मचारी र सम्पूर्ण सरोकारवाला तथा जनसमुदायलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा योजना निर्माणमा गर्नुभएको सहयोग प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौ। यस पालिकाको १० वर्षे शैक्षिक योजना निर्माणमा हरतरहले सहयोग र मार्गदर्शन गर्नुहुने गा पा अध्यक्ष शालिकराम बन्जारा, उपाध्यक्ष गोमा मगर र प्रमुख प्रशासकीय अधिकृत मान वहादुर वनलाई हार्दिक धन्यवाद टक्राउँदछौ।

शिक्षा युवा तथा खेलकुद शाखा
वराहपोखरी गाउँपालिका

**गाउँ शिक्षा योजना निर्माणको कार्यदलका सदस्यहरु :**

श्री मान वहादुर वन - संयोजक

श्री विज्ञान राउत – सदस्य-सचिव

श्री सुजिव तामाङ - सदस्य

श्री लक्ष्मी प्रसाद पौडेल - सदस्य

श्री छत्र बहादुर बानियाँ - सदस्य

श्री रामचन्द्र राई- सदस्य

श्री तोयानाथ निरौला - सदस्य

श्री हिक्मत सिं पेला- सदस्य

श्री मोहन कुमार खड्का - सदस्य

श्री रमेश पोखरेल- सदस्य

श्री विपिन निरौला - सदस्य

**शिक्षा योजना लेखन समिति**

श्री विज्ञान राउत

श्री सुजिव तामाङ

श्री लक्ष्मी प्रसाद पौडेल

श्री हिक्मत सिं पेला

श्री प्रकाश बन्जारा

**विशेष प्राविधिक सहयोग**

श्री सुजिव तामाङ

श्री निरोज राई

*नोट:- यो गाउँ शिक्षा योजना NEGRP/EGRP-II को प्राविधिक सहयोगमा यस गाउँपालिकाले तयार पारेको हो ।*

# विषयसूचि


भुमिका....3

दुई शब्द ....4

हार्दिक आभार ....5

हाम्रो भनाइ....6

परिच्छेद १ : परिचय....1

**१.१ पृष्ठभूमि**....1

**१.२ गाउँपालिकाको सन्दर्भ**....2

**१.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ** ....2

**१.२.२ आर्थिक सन्दर्भ** ....3

**१.२.३ भौगोलिक तथा जनसांख्कीय स्वरुप** ....4

**१.३ गाउँपालिकाको शैक्षिक सन्दर्भ**....6

**१.३.१ नीतिगत प्रबन्ध** ....6

**१.३.२ अवस्था, उपलब्धि र अन्तर**....9

**१.३.३ प्रमुख समस्या**....14

**१.३.४ चुनौतीहरु तथा अवसरहरु** ....15

१.४ योजना निर्माणको प्रक्रिया ....16

परिच्छेद २ : दुरदृष्टि, ध्येय, उदेश्य तथा प्रमुख उपलब्धि सूचकहरु....18

**२.१ राष्ट्रिय दीर्घकालीन सोच**....18

**२.२ प्रदेशको दीर्घकालीन सोच**....18

**२.३ गाउँपालिकाको दीर्घकालीन सोच** ....18

**२.४ गाउँपालिका ध्येय** ....18

**२.५ गाउँपालिकाको उद्देश्यहरु**....18

**२.६ गाउँपालिकाको रणनीतिहरु**....19

**२.७ मुख्य कार्यसम्पादन सुचकहरु**....21

परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु ....23

**३.१ प्रारम्भिक बालविकास** ....23

३.१.१ परिचय ....23

३.१.२ वर्तमान अवस्था....24

३.१.३ अवसर र चुनौतीहरू....24

३.१.४ उद्देश्य....25

३.१.५ रणनीति ....................................................................................................25
३.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ....................................................26
**३.२ आधारभूत शिक्षा**......................................................................................................27
३.२.१ परिचय ......................................................................................................27
३.२.२ वर्तमान अवस्था..............................................................................................28
३.२.३ अवसर र चुनौतीहरू..........................................................................................29
३.२.४ उद्देश्य.........................................................................................................30
३.२.५ रणनीतिहरू....................................................................................................31
३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ....................................................31
**३.३ माध्यमिक शिक्षा**.......................................................................................................35
३.३.१ परिचय ......................................................................................................35
३.३.२ वर्तमान अवस्था..............................................................................................36
३.३.३ अवसर र चुनौतीहरू..........................................................................................37
३.३.४ उद्देश्य.........................................................................................................38
३.३.५ रणनीति ......................................................................................................38
३.३.६ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलापहरु र लक्ष्यहरु..............................................39
**३.४ पाठ्यक्रम र मूल्याङ्कन**...............................................................................................41
३.४.१ परिचय ......................................................................................................41
३.४.२ पाठ्यक्रमको वर्तमान अवस्था............................................................................42
३.४.३ पाठ्यक्रम तथा मूल्याङ्कनका अवसर र चुनौतीहरू..................................................44
३.४.४ उद्देश्य.........................................................................................................45
३.४.५ रणनीति ......................................................................................................46
३.४.६ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य..................................................47
**३.५ शिक्षक व्यवस्थापन तथा विकास**...................................................................................48
३.५.१ परिचय ......................................................................................................48
३.५.२ वर्तमान अवस्था..............................................................................................49
३.५.३ उद्देश्य.........................................................................................................56
३.५.४ रणनीतिहरू....................................................................................................56
३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ....................................................57
**३.६ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ (Non-formal Education and Life-long Learning)**.......62
३.६.१ परिचय ......................................................................................................62
३.६.२ वर्तमान अवस्था..............................................................................................62
३.६.३ उद्देश्य.........................................................................................................63

३.६.४ रणनीतिहरू....63
३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य....63
परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु....66
४.१ परिचय....66
४.२ समावेशी तथा समता....66
४.२.१ परिचय....66
४.२.२ वर्तमान अवस्था....66
४.२.३ उद्देश्यहरु....66
४.२.४ रणनीतिहरु....66
४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य....67
**४.३ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम**....68
४.३.१ परिचय....68
४.३.२ वर्तमान अवस्था....68
४.३.३ उद्देश्य....69
४.३.४ रणनीतिहरु....69
४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य....69
**४.४ छात्रवृत्ति**....70
४.४.१ परिचय....70
४.४.२ वर्तमान अवस्था....70
४.४.३ उद्देश्य....71
४.४.४ राणनीति....71
४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य....71
**४.५ विद्यालयको भौतिक पूर्वाधार विकास**....72
४.५.१ परिचय....72
४.५.२ वर्तमान अवस्था....72
४.५.३ उद्देश्य....72
४.५.४ राणनीतिहरु....73
४.५.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु तथा लक्ष्य....73
**४.६ विद्यालयमा सूचना र प्रविधि**....74
४.६.१ परिचय....74
४.६.२ वर्तमान अवस्था....74
४.६.३ उद्देश्यहरु....75
४.६.४ राणनीतिहरु....75

४.६.५ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य ....75
परिछेद ५ विद्यालय सुशासन तथा व्यवस्थापन ....77
**५.१ परिचय** ....77
**५.२ वर्तमान अवस्था** ....77
**५.३ उद्देश्य** ....78
**५.४ रणनीतिहरु** ....78
**५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप** ....79
परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन ....82
**६.१ परिचय** ....82
**६.२ वर्तमान अवस्था** ....82
**६.३ उद्देश्य** ....84
**६.४ रणनीतिहरु** ....85
**६.५ स्रोतको अनुमान र विश्लेषण** ....85
**६.६ प्रस्तावित कार्यक्रम तथा वजेट अनुमान** ....86
परिच्छेद ७ : कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय तथा सहजीकरण ....89
**७.१ परिचय** ....89
**७.२ वर्तमान अवस्था** ....89
**७.३ चुनौती र अवसर** ....90
**७.४ उद्देश्य** ....91
**७.५ रणनीतिहरु** ....91
**७.६ उपलब्धि, नतिजा** ....92
**७.७ समन्वय र सहजीकरणः** ....93
**७.८ मुख्य क्रियाकलाप र लक्ष्य** ....93
परिच्छेद ८ : योजनाको खाका ....95

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

शिक्षा राष्ट्र निर्माण तथा विकासको लागि चाहिने मानव संसाधनको विकासमा अहम् भुमिका खेल्ने साधन हो । शिक्षाले नै सामाजिक, भाषिक, नैतिक तथा आर्थिक रुपान्तरण गर्न सक्छ । व्यक्तिले आफु, आफ्नो समुदाय र राष्ट्रको परिवर्तनको लागि सशक्त भुमिका खेल्न शिक्षा अपरिहार्य रहन्छ । शिक्षालाई समयसापेक्ष, परिवर्तनमूखी तथा योजनावद्ध बनाउन शिक्षा योजना आवश्यक हुन्छ । यस्तो योजनाले नै शैक्षिक विकासलाई कुन मार्गमा हिडाउने भन्ने मार्गदर्शन गर्न सक्छ । त्यसैले, हरेक तह र तप्कामा शैक्षिक गतिविधिलाई उपलब्धीमुलक बनाउन शिक्षा योजनाको आवश्यक हुन्छ । यस्ता योजनाहरु राष्ट्रिय स्तरमा, प्रदेश स्तरमा, जिल्ला स्तरमा, पालिका स्तर देखि विद्यालय स्तरसम्म बनाउन पर्छ ।

नेपालको सन्दर्भमा  वर्तमान संविधानले आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र निशुल्क गरेको छ भने माध्यमिक तह सम्मको शिक्षालाई निशुल्क गर्ने हकको सुनिश्चत गरेको छ । अपाङ्गता भएका तथा आर्थिक रुपले पिछाडिएका बालबालिकाहरुको शिक्षामा कानुन बमोजिम निशुल्क गर्ने कुराको समेत सुनिश्चत गरेको छ । तीनै तहका सरकारहरु स्थापना भएका छन् । सबै सरकारहरुका आआफ्ना परिवेश भए अनुरुप र प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ । स्थानीय सरकारले संघीय र प्रदेश स्तरीय योजनाहरुलाई आधार मान्दै माटो सुहाउदो योजना निर्माण गरी कार्यन्वयन गर्दा पाठ्यक्रमले राखेका राष्ट्रिय, तहगत तथा विषयगत उद्धेश्य पुरा गर्न मद्धत पुग्छ र यस कार्यका लागी उपयुक्त रणनीति निर्माण गरी कार्यन्वयन गर्न सकिन्छ । यसबाट प्रत्यक स्थानीय तहको आवश्यकता अनुसार शैक्षिक क्रियाकलाप सञ्चालन गर्न मद्धत पुग्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को  परिच्छेत ६ (२४) मा योजना तयारको सन्दर्भमा नीतिगत ब्यवस्था भएको छ । जसमा गाऊँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक, बार्षिक, क्षेत्रगत योजनाहरु बनाउनुपर्ने, यसरी योजना बनाउँदा संघ र प्रदेश सरकारको नीति, लक्ष्य तथा उद्देश्यसँग तादात्म्यता कायम गर्नुपर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिनुपर्ने, छिटो र उच्च प्रतिफल दिने, रोजगारीमूलक, दीगो एवं सामाजिक न्याय अभिवृद्धि गर्ने विषयलाई प्राथमिकता दिने, स्थानीय तहले मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची (Project Bank) तयार गर्नुपर्ने, सहभागितामूलक योजना तर्जुमाको पद्धति अवलम्बन गर्ने र सरोकारवालाहरुको अधिकतम सहभागिता सुनिश्चित गर्ने जस्ता विषयहरुका विषयमा नीतिगत भए बमोजिम नै क्षेत्रगत योजना तयार गर्नु नीतिगत ब्यवस्था छ ।

नेपाललाई वि.सं. २०७९ (सन् २०२२) सम्ममा अल्पविकसित राष्ट्रको स्तरबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्न र वि.सं. २०८७ (सन् २०३०) सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरण गर्न आवश्यक जनशक्ति उत्पादन गर्नका साथै नेपालले सरकारले राखेको २५ बर्षीय दीर्घकालिन सोच संमृद्द नेपाल खुसी नेपाली सहितको राष्ट्रको विकासमा पनि शिक्षा क्षेत्रको विकास र सुधार आजको अपरिहार्यता रहेको छ ।

संघीय शासन प्रणाली अन्तरगत सहकारिता समन्वय र सहअस्तित्वको मुल मर्मलाई आत्मसात गर्दै **'समद्द नेपाल सुखी नेपाली'** को लक्ष्य प्राप्तिमा स्थानीय सरकारको सहभागिता र योगदान सुनिश्चत गर्न स्थानीय सरकारले सहयोग पुर्याउनु आजमको अपरिहार्यता छ ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ अधिकारहरु को ब्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको १० बर्ष योजना, शिक्षा नीति २०७६, विद्यालय सबलीकरण दशक (२०७६ -२०८५), १५ बर्षे दिगो विकासको लक्ष्य, १५ औं आवधिक योजनाले तय गरेका लक्ष्यहरु पुरा गर्न का लागि र त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले सहयोग समन्वय तथा आत्मीकरण गर्नु आवश्यक रहेको छ। त्यसैगरी सन् २०३० सम्म प्राप्त गर्ने भनेर तय भएको १७ दिगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य नं ४ मा सबैका लागि समावेशी र समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरु प्रोत्साहित गर्ने लक्ष्य निर्धारण गरेको छ। जसको लागि ७ उदेश्य तथा ३ माध्यमहरु तय गरेको छ। त्यसको साथै यस गाउँ पालिकाले पनि समग्र पालिकाको विकास र परिवर्तनका लागि केहि सोच, लक्ष्य, उदेश्य सहित शिक्षा क्षेत्रको नीति तय गरेको छ।

हरेक आवमा स्थानीय सरकारले बार्षिक बजेट तथा कार्यक्रम तयार गर्नु पर्ने हुन्छ र आगमि दिनमा एकमुष्ट संघीय सरकारबाट बजेट प्राप्त हुने र त्यसबाट स्थानीय सरकार आँफैले बार्षिक कार्यक्रम बनाउनु पर्ने सन्दर्भ रहेको छ। हालै कोभिड १९ ले शिक्षा क्षेत्रमा पारेको प्रभावलाई मध्यनजर गर्दै शिक्षा क्षेत्रको सुधारका लागि एवम् गाउँपालिकामा भएका सिमित स्रोत साधन तथा शिक्षा क्षेत्रको सुधारका असिमित आवश्यकता तथा समस्याहरुको सम्बोधनका लागि पनि ब्यवहारिक रुपमा कार्यान्वनयन योग्य योजना को विकल्प नभएको हालको अवस्था रहेको छ ।

उल्लेखित सन्दर्भमा राज्यको शिक्षा सम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उदेश्य पुरा गर्न स्थानीय गाउँपालिकाका आवश्यकताहरु पुरा गर्न गाउँपालिकाको आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको १० बर्ष योजना तयार गर्नु आजको आवश्यकता रहेको निष्कर्ष रहेको छ।

## १.२ गाउँपालिकाको सन्दर्भ

### १.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ

वराहपोखरी गाउँपालिकाएक सामाजिक तथा सांस्कृतिक रुपमा विविधताले भरिएको छ। यहाँ विभिन्न जातजातिको बसोबास रहेको छ। यस गाउँपालिकामा हाल राई, मगर, क्षेत्री, नेवार, तामाङ, ब्राह्मण, वि.क., सार्की, दमाई, घर्ती र भुजेल, सन्यासी र दशनामी लगायतका जातजातिहरूको बसोबास छ। सबै भन्दा बढी जनजाती समूहको मानिसहरुको बहुल्यता रहेको छ। वराहपोखरी गाउँपालिकाको घरदुरी सर्वेक्षण २०७५ अनुसार राई, मगर, क्षेत्री, नेवार, तामाङ, ब्राह्मण, वि.क., सार्की, दमाई, घर्ती र भुजेल, सन्यासी र दशनामी तथा अन्यनखुलाईएका जातीहरुको जातीगत आधारमा जनसंख्या प्रतिशत क्रमश ३८.२६, २२.०४, ११.०५, ७.५०, ६.७०, ५.४१, ३.३६, १.६८, २.३८, ०.८७, ०.३६, ०.०३ रहेको छ। स्रोत: घरदुरी सर्वेक्षण वराहपोखरी गाउँपालिका २०७५

यस गाउँपालिकामा सबै भन्दा धेरै नेपाली भाषा बोल्ने ४०.३१ प्रतिशत मानिसको बसोबास रहेको छ भने त्यसपछि राई भाषा बोल्ने २७.३८ प्रतिशत मानिसहरु रहेकाछन्। त्यसैगरी मगर १९.९५, गुरुङ ४.७९, तामाङ ३.७३, नेवारी ३.३५, लिम्बु ०.०३ र अन्य भाषी ०.१४ प्रतिशत मानिसहरुको बसोबास रहेको छ।

स्रोत: घरदुरी सर्वेक्षण वराहपोखरी गाउँपालिका २०७५

त्यसैगरी, यस वराहपोखरी गाउँपालिकामा सबैभन्दा धेरै हिन्दु धर्म मान्ने ७८.८६ प्रतिशत मानिसहरुको बसोबास रहेको छ भने त्यसपछि बौद्ध धर्म मान्ने १०.८० प्रतिशत, क्रिश्चियत धर्म मान्ने ०.६२ र अन्य धर्म मान्ने ९.७ प्रतिशत रहेको छ।

स्रोत: घरदुरी सर्वेक्षण वराहपोखरी गाउँपालिका २०७५

### १.२.२ आर्थिक सन्दर्भ

गाउँपालिकाको वजेट कार्यान्वयनका लागि संघीय सरकारवाट अनुदानको रुपमा हस्तान्तरण भएको रकम र आफ्नो आन्तरिक स्रोत समेतलाई कायम गरि वजेट कार्यक्रम निर्माण गरिन्छ । संघ तथा प्रदेशवाट वित्तीय समानिकरण, राजस्व वाँडफाँड , विशेष अनुदान , समपूरक अनुदान र गाउँपालिकाको आफ्नै आन्तरिक स्रोतवाट प्रत्येक आर्थिक वर्षका लागि असार १० गते भित्र गाउँकार्यापालिकाले गाउँसभामा पेश गरि असार मसान्त भित्र गाउँसभाले वजेट पास गर्नुपर्ने प्रावधान रहेको छ ।

वराहपोखरी गाउँपालिकाको सन्दर्भमा आफ्नो स्रोतवाट आम्दानी अत्यन्तै कम रहेको छ । कृषि, पशुपालन, पर्यटन, गिट्टि बालुवा उत्खनन् आदि जस्ता क्षेत्रहरुबाट यस क्षेत्रका वासिन्दाले आय-आर्जन गरी जिविको पार्जन गर्दछन् । यस पालिकाले  प्रशासन सञ्चालन तथा विकास निर्माणका लागि संघ र प्रदेश सरकारको नै मुख ताक्नु पर्ने वाध्यता रहेको छ । नेपालको संविधान २०७२ को अनूसुची ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख भए वमोजिम कार्य सञ्चालन गर्ने गरि वजेट तर्जुमा र आर्थिक नीति तथा योजना निर्माण गर्नुपर्दछ । खासगरी सिमित साधन र स्रोतको उपयोग गरि उच्चतम प्रतिफल प्राप्त हुने गरि काम गर्नुपर्ने र आफ्ना आन्तरिक आम्दानीलाई सदृढ गर्नु यस गाउँपालिकामा ठूलो चुनौती रहेको छ ।

**आ व २०७७।०७८ मा वराहपोखरी गाउँपालिकाको तर्फबाट शिक्षा क्षेत्रका कार्यक्रम तथा बजेटहरु**

| सि नं | खर्च शिर्षक न | कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | २११३४ | विद्यालयहरुका प्र अ बैठक सञ्चालन खर्च | १००००० | |
| २ | २११३५ | विध्यालयहरुका कार्यालय सहयोगी परिचालन खर्च | ६८२५०० | |
| ३ | २११३५ | विद्यालयहरुका लेखा कर्मचारी परिचालन खर्च | १५६००० | |
| ४ | २११३५ | बालबिकास सहजकर्ता परिचालन खर्च | ४२९००० | |
| ५ | २११४१ | शिक्षा समितिको बैठक सञ्चालन खर्च | १००००० | |
| ६ | २२४१३ | कम्प्युटर शिक्षक अनुदान आधारभुत तह | १६२०००० | |
| ७ | २२४१३ | कम्प्युटर शिक्षक अनुदान माध्यमिक तह | १८१५००० | |
| ८ | २२४१३ | सामुदायिक अध्ययन केन्द्रका परिचालिका परिचालन खर्च | ३६००० | |
| ९ | २२५२२ | बालबिकास केन्द्रमा बालबालिका बसाई व्यवस्थापन तथा शैक्षिक सामाग्रि खरिद | ३५०००० | |
| १० | २२५२२ | कक्षा ८ को परीक्षा व्यवस्थापन खर्च | ३००००० | |
| ११ | २२५२२ | IEMIS प्रशिक्षण कार्यक्रम | २००००० | |
| १२ | २२५२२ | विद्यालय सुपरिवेक्षण तथा नमुना पाठ प्रस्तुतीकरण कार्यक्रम | २००००० | |
| १३ | २२५२२ | गाउँपालिकास्तरीय बार्षिक शैक्षिक पात्रो निर्माण | २००००० | |
| १४ | २२५२२ | गाउँपालिकास्तरीय शिक्षा योजना निर्माण | १००००० | |
| १५ | ३१११२ | घोरीङ्खा पुस्तकालय भवन निर्माण क्रमागत योजना | २००००० | |
| १६ | ३११२३ | बालकन्या मा वि फर्निचर निर्माण | ३००००० | |

| | | | | |
|---|---|---|---|---|
| १७ | ३११५९ | आधारभूत तहको लागी स्थानीय मातृभाषा (राई/मगर) पाठ्यक्रम निर्माण | ५००००० | |
| | **कुल जम्मा** | | **७२८८५००** | |

**आ व २०७८।०७९ मा वराहपोखरी गाउँपालिकाको तर्फबाट शिक्षा क्षेत्रका कार्यक्रम तथा बजेटहरु**

| सि नं | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १ | IEMIS तालिम सञ्चालन खर्च | २०००००.०० |
| २ | कक्षा ८ को वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापन खर्च | ३०००००.०० |
| ३ | विद्यालय सुपरीवेक्षण तथा कक्षा अवलोकन (सो कार्यको लागी सवारी साधन खरीद समेत) | ५०००००.०० |
| ४ | शैक्षिक क्यालेण्डर निर्माण | २०००००.०० |
| ५ | शिक्षकको पेशागत क्षमता विकास सम्बन्धी तालिम | ४०००००.०० |
| ६ | बाल विकास केन्द्रका लागी शैक्षिक सामाग्री खरीद तथा व्यवस्थापन | ३०००००.०० |
| ७ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | ३६३०००.०० |
| ८ | स्थानीय पाठ्यक्रम निर्माण | ५०००००.०० |
| ९ | गाउँ शिक्षा योजना निर्माण | २०००००.०० |
| १० | प्रधानध्याकहरुको बैठक सञ्चालन खर्च | २०००००.०० |
| ११ | गाउँ शिक्षा समिति बैठक सञ्चालन खर्च | १७००००.०० |
| १२ | कम्प्युटर शिक्षक अनुदान (आ वि + मा वि) चाड पर्व भत्ता र पोशाक भत्ता सहित | ३७४७०००.०० |
| १३ | का स, बा वि के, लेखा कर्मचारी तलव भत्ता (चाड पर्व भत्ता सहित) | ४३६८०००.०० |
| १४ | सामुदायिक अध्ययन केन्द्र परीचालिका प्रोत्साहन भत्ता | ५२०००.०० |
| | जम्मा | ११५०००००.०० |

### १.२.३ भौगोलिक तथा जनसांख्कीय स्वरुप

राज्य पुन:संरचना भएपछी खोटाङ जिल्लामा दुई वटा नगरपालिका र आठ वटा गाउँपालिकाहरु कायम भएको छ। यस जिल्लामा ८ वटा गाउँपालिकाहरुमध्ये वराहपोखरी गाउँपालिका दक्षिण-पूर्वी क्षेत्रमा अवस्थित रहेको छ। खोटाङ जिल्लाका १० वटा स्थानीय तहमध्ये प्राकृतिक श्रोत साधनले सम्पन्न, सुन्दरत तथा पर्यटकिय गन्तव्यको रुपमा यो गाउँपालिका सम्भावना बोकेको क्षेत्र हो। काठमाण्डौंबाट वि.पी. राजमार्ग सिन्धुली हुँदै २३८ किलोमिटर टाढाको दुरीमा अवस्थित वराहपोखरी गाउपालिका खोटाङ जिल्लाकै अग्ला अग्ला पहाड तथा महाभारत पर्वतले ओगटेको अत्यन्तै रमणीय र स्वस्थकर मौसम तथा हावापानी भएको गाउँपालिका हो।

वराहपोखरी गाउँपालिका खोटाङ जिल्ला सदरमुकाम दिक्तेलबाट दक्षिणी भेगमा करिव २१ को (६७.२ कि.मि.) दूरीमा अवस्थित छ। प्रसिद्ध वराहपोखरी तालको नामले प्रख्यात यो गाउँपालिका वराहपोखरी तालबाट दक्षीणपट्टी १५ कि.मि. को दूरीमा रहेको बाघखोर भन्ज्याङमा पर्दछ। साविकमा गा.वि.स.हरु क्रमश: वराहपोखरी, सुन्तले, साउनेचउर, फाक्टाङ, पौवास्रा र मौवाबोटे गरी ६ वटा वडामा विभाजित यस गाउँपालिकाको कूल क्षेत्रफल १४१.६ वर्ग किलोमिटर रहेको छ। पूर्वमा जन्तेढुङ्गा गाउँपालिका, पश्चिममा उदयपुर जिल्ला, उत्तरमा खोटेहाङ गाउँपालिका र दक्षीणमा उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिका त्रियुगा नगरपालिकासँग जोडिएको छ।

समुन्द्री सतहदेखि करिव १६१ दृखि १८२६ मिटरसम्मको उचाइमा रहको वराहपोखरी गाउँपालिका भौगोलिक अवस्थितिका हिसावले २६ डिग्री ५२ मिनेट १२ सेकेन्ड उत्तरी अक्षांश र ८६ डिग्री ४५ मिनेट १८ सेकेन्ड देखि ८६ डिग्री ५५ मिनेट २० सेकेन्ड पूर्वी देशान्तरमा फैलिएको छ। प्रमुख पर्यटकीय तथा धार्मिकस्थल शंखेश्वरी शिव मन्दिर, वराहपोखरी ताल, सुनापाताल, गोकुलथुम्का, सिन्ताङ, घोप्टेथलो, वंशिलाघाट, धाप्लाङघाट, सुनकोशी दनी किनार आदिले यस क्षेत्रलाई विशेष आकर्षणको केन्द्र विन्दु बनाएको छ।

२०७५ सालमा वराहपोखरी गाउँपालिकामा सम्पन्न गरिएको घरधुरी तथ्याङ्क संकलनबाट प्राप्त तथ्याङ्कअनुसार ६वटा वडाको कूल १४१.६ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस गाउँपालिकाको २७३० घरपरिवारमा कूल १५८९९ जनसंख्या रहेको छ। तथ्याङ्कलाई हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना पुरुषहरूमा महिलाको जनसंख्या भने कम अर्थात ९३.४४ जना रहेको देखिन्छ। अर्कोतर्फ प्रतिवर्ग किलोमिटर क्षेत्रफलमा ११२ जनाको दरमा जनघनत्व रहेको देखिन्छ। यस गाउँपालिकाको भौगोलिका तथा जनसख्यकीय विवरण तल प्रस्तुत गरिएको छ।

| वडा | घरधुरी संख्या | पुरुष | महिला | जम्मा | लैगिक अनुपात | औषत परिवार आकार | क्षेत्रफला वर्ग किमि | जनघनत्व प्रति वर्ग किमि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| **१** | ७०३ | २०९४ | १९२६ | ४०२० | १०८.७२ | ६ | ३६.४३ | ११० | |
| **२** | ४६५ | १३६२ | १२७२ | २६३४ | १०७.०८ | ६ | २७.२९ | ९७ | |
| **३** | ४३४ | १२८६ | ११९९ | २४८५ | १०७.२६ | ६ | १३.२१ | १८८ | |
| **४** | ४२६ | १२३५ | ११९५ | २४३० | १०३.३५ | ६ | २३.३८ | १०४ | |
| **५** | ४३६ | १३७३ | १२७४ | २६४७ | १०७.७७ | ६ | २८.७८ | ९२ | |
| **६** | २६६ | ८६९ | ८१४ | १६८३ | १०६.७६ | ६ | १२.५१ | १३५ | |
| **जम्मा** | **२७३०.०** | **८२१९.०** | **७६८०.०** | **१५८९९.०** | **६४०.९** | **३५** | **१४१.६** | **७२५** | |

स्रोत: घरधुरी सर्वेक्षण २०७५, वराहपोखरी गाउँपालिका

जनगणना २०६८ को तथ्यांकको आधारमा हेर्ने हो भने ४०.१९ प्रतिशत बालबालिकाहरु १५ बर्ष मुनिका रहेको विवरण देखिन्छ। बालबालिकाहरुको वास्तविक अवस्था तथा भौगोलिकताका आधारमा सुहाउदो शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता छ।

## १.३ गाउँपालिकाको शैक्षिक सन्दर्भ

नेपालको शैक्षिक संरचनाको दृश्टि्ले हेर्दा विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ। एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा शिक्षापछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ भने कक्षा कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ। माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने ब्यवस्था गरिएको छ। आधारभूत तहलाई अनिवार्य तथा निशुल्क गरिएको छ भने माध्यमिक तहलाई निशुल्क रहने ब्यवस्था गरिएको छ। विद्यालय शिक्षालाई दुई तरीकाहरु नीजि लगानी र सरकारी लगानीबाट ब्यवस्थापन गरिएको छ।

### १.३.१ नीतिगत प्रबन्ध

नेपालको संविधान २०७२ ले शिक्षालाई प्राथामिकतामा राखेको पाइन्छ। नेपालको संविधानको २०७२ को भाग ३ मा मौलिक हकको व्यवस्था गरिएको छ। जसअन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ। धारा ३१ मा शिक्षालाई नागरिकको आधारभूत अधिकारको रुपमा व्यवस्था गरिएको देखिन्छ भने प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुने, अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ।

त्यसैगरी संविधानको धारा ३८ मा महिलाको हक अन्तरगत उपधारा (५)मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ। नेपालको संविधानको धारा ३९मा बालबालिकाको हक अन्तर्गत उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हकहुनेछ भन्ने उल्लेख गरिएकोछ। साथै सोही धाराको उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक उल्लेख छ र उपधारा ७ मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनैकिसिमको यातना दिन पाइनेछैन भनी उल्लेख गरिएकोछ। त्यसैगरी संविधानको धारा ४० मा दलितको हक अन्तरगत उपधारा (२) मा दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म कानुन बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ साथै प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितको लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ भन्ने व्यवस्था गरिएको छ।

संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तरगत उपधारा (२) मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्नर सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ भनी उल्लेख भएको छ। संविधानको धारा ४७ मा मौलिक हकहरुको कार्यान्वयन लागि आवश्यकता अनुसार राज्यले संविधान प्रारम्भ भएको तीन वर्ष भित्र कानुनी व्यवस्था गर्नेछ भनी उल्लेख भएको छ।

त्यस्तैगरी संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरु अन्तर्गत धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति भित्र शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एंव राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयारगर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्चशिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाइ क्रमशः निःशुल्क बनाउँदै लैजाने, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने भनी उल्लेख भएको छ।

नेपालको संविधानको अनुसूचि ५ मा केन्द्र सरकार वा संघको अधिकार सूचि भित्र शिक्षासम्बन्धी अधिकारहरुमा केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरको प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन तथा केन्द्रीय पुस्तकालय तोकिएको छ। त्यस्तैगरी संविधानको अनुसूचि ६ मा प्रदेशको अधिकार सूचि भित्र शिक्षासम्बन्धी अधिकारमा प्रदेश विश्वविद्यालय, उच्चशिक्षा, पुस्तकालय, संग्रहालय तोकिएको छ साथै संविधानको अनुसूचि ८ मा स्थानीयतहको अधिकार सूचिभित्र शिक्षासम्बन्धी अधिकारहरुमा आधारभूत र माध्यमिक शिक्षा तोकिएको छ साथै संविधानको अनुसूचि ७ र ९ मा संघ, प्रदेश र स्थानीयतहको अधिकारका साझा सूचि भित्र शिक्षा समेत समावेश गरिएको छ। नेपालको संविधानले संघ प्रदेश तथा स्थानीय तहलाई निर्दष्ट गरेका एकल वा साझा अधिकारहरुको ब्यवहारिक रुपमा कार्यान्वनय गर्दै राष्टले लिएका शैक्षिक नतिजाहरुको लागि आपसी समन्वय, सहकार्य र सहअस्तित्व आजको आवश्यकता हो।

त्यसैगरी चालु अवस्थामा रहेको १५ औं आवधिक योजनाले शिक्षा क्षेत्रको विकासको लागि स्पस्ट मार्गनिर्देशन गरेको छ। यस योजनाले पनि गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ भने उदेश्यहरुमा सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु, प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु, पहुँच र गुणस्तर अभिबृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनसुन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु, सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु तथा संघीय संरचना अनुरूप सबै तहका शैक्षिक-प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्नु रहेका छन्।

शिक्षा क्षेत्रको सुधार तथा विकासको लागि नेपाल सरकारले शिक्षा नीति २०७६ पनि जारी गरेको छ । उक्त नीतिले शिक्षा क्षेत्रमा सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने लक्ष्य राखेको छ। त्यसैगरी यस नीतिले उदेश्यहरुमा बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु, आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु, गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवं समतामूलक पहूँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु, ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहूँच र गुणस्तर अभिबृद्धि गरी विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, बैज्ञानिक, नवप्रवर्तनात्मक, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी

मानव संशाधन विकास गर्नु, नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु , सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु, शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु, सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यास Best (practices) लाई सम्मिलन (fusion) गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्नुऽ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिबृद्धि गर्नु, औपचारिक, अनौपचारिक र अरीतिक शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता, गतिशिलता  र पारगम्यता  सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु , शिक्षा प्राप्तिको संवैधानिक र कानूनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता समन्यायिकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु र व्यक्तिमा वैज्ञानिक चिन्तन र व्यवहार विकास गर्न विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकिकरण गर्दै परम्परागत एवं आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु राखेको छ।

दिगो विकास लक्ष्यहरू सन् २०१५ को सेप्टेम्बरमा संसारका १९३ वटा राष्ट्रहरूले संयुक्त रूपमा अङ्गीकार गरेका आवधिक विकासका दस्ताबेजहरू हुन् । संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूको सहमतिमा अघि सारिएका १७ वटा दिगो विकासका लक्ष्यहरू सन् २०१६ को जनवरी १ बाट कार्यान्वय आएको र नेपाल सरकारले पनि यसका लक्ष्यहरु पुरा गर्न प्रतिबद्दता ब्यक्त गरिसकेको अवस्थमा यस ले तय गरेको शिक्षाको लक्ष्य नम्बर चारमा रहेको समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवद्र्धन गर्ने लक्ष्यले पनि प्रदेशको शिक्षा योजना निर्माणमा निर्देशन प्रदान गर्दछ ।

त्यसैगरी यस गाउँपालिकाको शिक्षा क्षेत्रमा तलका अधिकारहरु रहेकाछन् ।

- प्रारम्भिक वाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन ।
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन र नियमन ।
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमती, अनुगमन र नियमन ।
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- गाउँ तथा गाउँ शिक्षा समिति गठन र व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक एवं कर्मचारीको दरबन्दी मिलान,
- विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाइको उपलब्धिको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीय स्तरका शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिइने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्यायको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ र शिक्षक र कर्मचारीको क्षमता विकास,
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।

यस वराहपोखरी गाउँपालिकाले विगत वर्षदेखि हालसम्म शिक्षकहरुको पेशागत उन्नयन, विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण, परीक्षा प्रणालीमा सुधार र शैक्षिक गुणस्तर सुधार तथा दक्ष जनशक्ति उत्पादनमा जोड दिदै आएको छ। वर्तमान सन्दर्भमा समग्र शैक्षिक सुधारका लागि बजेटको समुचित वितरण गरी आवश्यक्ता अनुकूलका क्रियाकलापहरु सञ्चालनमा जोड दिएको छ।

### १.३.२ अवस्था, उपलब्धि र अन्तर

#### १.३.२.१ अवस्था

शैक्षिक सत्र २०७७ सम्ममा यस गाउँपालिकामा २५ वटा प्रारम्भिक बाल विकास केन्द्रहरु रहेकाछन्। त्यसैगरी ३५ वटा विद्यालयहरु रहेकाछन्। त्यसमा पनि सामुदायिक विद्यालय अन्तर्गत आधारभुत तहको विद्यालयको प्रतिशत ८२.८५ रहेको छ भने माध्यमिक तहका विद्यालयको संख्या प्रतिशत १७.१४ रहेको छ। त्यसैगरी २ वटा सिकाइ केन्द्र रहेको छ। *स्रोत: गाउँपालिका पार्श्वचित्र वराहपोखरी* २०७५

विद्यार्थी संख्याको हिसाबले यस गाउँपालिकामा शैक्षिक सत्र २०७७ मा कक्षा १ बाट १२ सम्म ३७१७ जना विद्यार्थीहरु रहेका छन्। जहाँ छात्राहरुको जम्मा संख्या १८८१ र छात्रहरुको जम्मा संख्या १८३६ रहेको छ। शिक्षकको तथ्यांक हेर्दा कक्षा १ बाट १२ सम्ममा १३१ जना सामुदायिक विद्यालयका शिक्षकहरु रहेकाछन्। त्यस मध्ये पनि ३८.१७ प्रतिशत स्थायी शिक्षकहरु रहेका छन् जसमध्ये महिला स्थायी शिक्षक २० प्रतिशत र पुरुष स्थायी शिक्षक ८० प्रतिशत रहेको छ। २५.१९ प्रतिशत राहत, ३६.६४ प्रतिशत अस्थायी/करार रहेका छन्। त्यसैगरी, गाउँपालिकको कुल शिक्षकको आधारभुत तह कक्षा १-५ मा ६८.७० प्रतिशत, आधारभुत तह कक्षा ६-८ मा १६.०३

प्रतिशत, माध्यमिक तह कक्षा ९-१० मा १२.९८ प्रतिशत र माध्यमिक तह कक्षा ११-१२ मा २.२९ प्रतिशत शिक्षक रहेकाछन् । *स्रोत: IEMIS, 2077*

त्यसैगरी जनगणना २०६८ अनुसारको पालिकाको साक्षरता प्रतिशत तपसील बमोजिम रहेको छ ।

| पुरुष | जम्मा पाँच वर्ष माथि | ६०३७ |
|---|---|---|
| | पढ्न लेख्न सक्ने साक्षर | ४५०९ |
| | **साक्षरता प्रतिशत** | **७४.६९** |
| | पढ्न मात्र सक्ने | २२१ |
| | पढ्न लेख्न नसक्ने | १३०१ |
| | उल्लेख नभएको | ६ |
| महिला | जम्मा पाँच वर्ष माथि | ६७३१ |
| | पढ्न लेख्न सक्ने साक्षर | ३९५७ |
| | **साक्षरता प्रतिशत** | **५८.७९** |
| | पढ्न मात्र सक्ने | २२० |
| | पढ्न लेख्न नसक्ने | २५४६ |
| | उल्लेख नभएको | ८ |
| जम्मा | जम्मा पाँच वर्ष माथि | १२७६८ |
| | पढ्न लेख्न सक्ने साक्षर | ८४६६ |
| | **साक्षरता प्रतिशत** | **६६.३१** |
| | पढ्न मात्र सक्ने | ४४१ |
| | पढ्न लेख्न नसक्ने | ३८४७ |
| | उल्लेख नभएको | १४ |

### १.३.२.२ उपलब्धि र अन्तर

यस गाउँपालिकाले गाउँपालिका स्थापनासँगै शिक्षामा जोड दिदै आएको छ । हरेक बर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरिदै आएको छ । विद्यालय शिक्षालाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतिको विषय हो ।

| **Dist_Name** | | **Khotang** |
|---|---|---|
| **Local Level_Name** | | Barahapokhari Gaunpalika |
| **GIR in Grade 1** | Girls | 108.7 |
| | Boys | 117.4 |
| | Total | 112.6 |
| **GER in Lower basic** | Girls | 105.9 |
| | Boys | 121.5 |

| | | |
|---|---|---|
| | Total | 112.9 |
| **GER in Upper basic** | Girls | 114.4 |
| | Boys | 104.8 |
| | Total | 109.5 |
| **GER in Basic** | Girls | 108.7 |
| | Boys | 114.9 |
| | Total | 111.7 |
| **GER in Secondary (G9-10)** | Girls | 128.3 |
| | Boys | 103.8 |
| | Total | 116.1 |
| **GER in Secondary (G11-12)** | Girls | 152.0 |
| | Boys | 102.8 |
| | Total | 126.5 |
| **GER in Secondary (G9-12)** | Girls | 135.1 |
| | Boys | 103.5 |
| | Total | 119.2 |
| **NIR in Grade 1** | Girls | 99.2 |
| | Boys | 98.8 |
| | Total | 99.0 |
| **NER in Lower basic** | Girls | 98.1 |
| | Boys | 99.3 |
| | Total | 98.7 |
| **NER in Upper basic** | Girls | 99.7 |
| | Boys | 97.1 |
| | Total | 98.4 |
| **NER in Basic level** | Girls | 98.9 |
| | Boys | 98.2 |
| | Total | 98.5 |
| **NER in Secondary (G9-10)** | Girls | 69.4 |
| | Boys | 82.2 |
| | Total | 75.8 |
| **NER in Secondary (G11-12)** | Girls | 20.3 |
| | Boys | 22.4 |
| | Total | 21.3 |
| **NER in Secondary (G9-12)** | Girls | 44.9 |
| | Boys | 52.3 |

| | | |
|---|---|---|
| | Total | 48.6 |
| **Percentage of New Enrolment in Grade 1 with ECD/PPC Experienced, 2076** | **Girls** | 58.6 |
| | **Boys** | 67.9 |
| | **Total** | 63.0 |
| **GER ECD/PPC** | **Girls** | 35.6 |
| | **Boys** | 28.1 |
| **NER in ECED/PPE** | Girls | 34.8 |
| | Boys | 28.0 |
| | Total | 31.4 |

माथि उल्लेख भए अनुसार यस वराहपोखरी गाउँपालिकामा  कक्षा १ को कुल प्रवेश दर ११२.६ प्रतिशत रहेको छ ।आधारभू तहको कूल भर्नादर (१-३) को ११२.९ प्रतिशत तथा आधारभूत तह (१-५) को १०९.५ रहेको छ । आधारभूत तह कक्षा (६-८) को कूल भर्नादर १११.७ रहेको छ । त्यसैगरी माध्यमिक तह कक्षा (९-१०) को कूल भर्नादर ११६.१ रहेको छ। माध्यमिक तह कक्षा (११-१२) कूल भर्नादर १२६.५ रहेको देखिन्छ भने माध्यमिक तह (९-१२) को कूल भर्ना दर ११९.२ रहेको छ ।

कक्षा १ को खुद भर्ना दर ९९.० प्रतिशत रहेको छ भने आधारभूत तह कक्षा  (१-३) को खुद भर्ना दर ९८.७ प्रतिशत रहेको छ । आधारभूत तह (१-५) को खुद भर्नादर ९८.४ प्रतिशत देखिन्छ । त्यसैगरी आधारभूत तहको खूद भर्नादर ९८.५ प्रतिशत रहेको छ । माध्यमिक तह कक्षा (९-१०) को खुद भर्नादर ७५.८ प्रतिशत रहेको छ भने माध्यमिक तह कक्षा (११-१२) को खुद भर्ना दर २१.३ प्रतिशत रहेको छ । त्यसैगरी समग्रमा माध्यमिक तह (९-१२) को खुद भर्ना दर ४८.६ प्रतिशत रहेको छ ।

बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुन आउने विद्यार्थीको दर ६३.० प्रतिशत रहेको छ । भने ECD/PPC मा छात्राको कूल भर्ना दर ३५.६ तथा छात्रको कूल भर्ना दर २८.१ प्रतिशत देखिन्छ । ECED/PPE मा ३१.४ प्रतिशत खुद भर्ना दर रहेको छ ।

| **Dist_name** | | | **Khotang** |
|---|---|---|---|
| **Local level_name** | | | Barahapokhari Gaunpalika |
| **Total By level** | G1-5 Promotion | Girls | 87.5 |
| | | Boys | 86.7 |
| | | Total | 87.1 |
| | G1-5 Repetition | Girls | 8.3 |
| | | Boys | 6.8 |
| | | Total | 7.6 |
| | G1-5 Dropout | Girls | 4.2 |
| | | Boys | 6.5 |
| | | Total | 5.3 |
| | G6-8 Promotion | Girls | 90.7 |
| | | Boys | 89.3 |
| | | Total | 90.0 |
| | G6-8 Repetition | Girls | 0.3 |

| | | | |
|---|---|---|---|
| | | Boys | 2.4 |
| | | Total | 1.3 |
| | G6-8 Dropout | Girls | 9.0 |
| | | Boys | 8.3 |
| | | Total | 8.7 |
| | G9-10 Promotion | Girls | 95.4 |
| | | Boys | 94.2 |
| | | Total | 94.9 |
| | G9-10 Repetition | Girls | 0.0 |
| | | Boys | 0.0 |
| | | Total | 0.0 |
| | G9-10 Dropout | Girls | 4.6 |
| | | Boys | 5.8 |
| | | Total | 5.1 |

यस गाउँपालिकामा कक्षा १ मा भर्ना भई कक्षा ५ पूरा गर्ने विद्यार्थीहरुको प्रतिशत ८७.१ रहेको छ । त्यसैगरी उक्त कक्षाहरुमा कक्षा दोहोराउने विद्यार्थी ७.६ प्रतिशत रहेका छन् ।

कक्षा ६ मा भर्ना भई कक्षा ८ पूरा गर्ने विद्यार्थी दर ९० प्रतिशतमा देखिन्छ भने उक्त तहमा कक्षा दोहोराउने दर १.३ प्रतिशत पाईएको छ । कक्षा (६-८) मा ८.७ प्रतिशत विद्यार्थीले  विद्यालय छोडेको देखिन्छ ।

माध्यमिक तहको कक्षा (९-१०) पूरा गर्ने दर ९४.९ प्रतिशत रहेको छ । यसैगरी यस तहमा कक्षा दोहोराउने दर ० प्रतिशत रहेको छ । यस तहमा ५.१ प्रतिशतले कक्षा छोड्ने गरेको देखिन्छ ।

| **Dist_Name** | | | **Khotang** |
|---|---|---|---|
| **Local Level** | | | Barahapokhari Gaunpalika |
| **Lower basic Level Indicators of Internal Efficiencies** | Survival Rate to Grade 5 | G | 92.9 |
| | | B | 85.7 |
| | | T | 89.3 |
| | Cohort Graduation in Lower basic level | G | 84.9 |
| | | B | 75.0 |
| | | T | 80.0 |
| | Average no.of pupil-years invested per graduate in Lower basic level | G | 5.9 |
| | | B | 6.0 |
| | | T | 5.9 |
| | | G | 85.2 |
| | | B | 83.4 |

| | | | |
|---|---|---|---|
| | Coefficient of internal efficiency at Lower basic level | T | 84.3 |
| **Indicators of Internal Efficiencies at Basic Level** | Survival Rate to Grade 8 | G | 65.3 |
| | | B | 58.8 |
| | | T | 62.1 |
| | Cohort Graduation in Basic Level | G | 60.7 |
| | | B | 55.1 |
| | | T | 57.9 |
| | Average no.of pupil-years invested per graduate in in Basic Level | G | 12.3 |
| | | B | 12.3 |
| | | T | 12.2 |
| | Coefficient of internal efficiency in Basic Level | G | 65.0 |
| | | B | 65.0 |
| | | T | 65.8 |
| **Indicators of Internal Efficiencies at Secondary Level (Up to 10)** | Survival Rate to Grade 10 | G | 50.4 |
| | | B | 45.3 |
| | | T | 47.9 |
| | Cohort Graduation in Secondary Level | G | 50.4 |
| | | B | 45.0 |
| | | T | 47.7 |
| | Average no.of pupil-years invested per graduate in Secondary Level | G | 15.8 |
| | | B | 16.1 |
| | | T | 15.8 |
| | Coefficient of internal efficiency in Secondary Level | G | 50.5 |
| | | B | 49.7 |
| | | T | 50.6 |

यस पालिकामा कक्षा ५ सम्मका विद्यार्थीहरुको टिकाउ दर ८९.३ प्रतिशत रहेको छ। त्यसैगरी आधारभूत तह कक्षा ८ को टिकाउ दर ६२.१ प्रतिशत देखिन्छ भने माध्यमिक तह कक्षा १० मा ४७.९ प्रतिशत टिकाउ दर रहेको छ।

### १.३.३ प्रमुख समस्या

समग्रमा यस वराहपोखरी गाउँपालिकाका शिक्षा क्षेत्रमा देखिएका मुख्य समस्याहरु तपसिल अनुसार रहेको पाईन्छ :

☞ प्राविधिक धारका विद्यालयहरु नहुनु,

- ☞ विद्यालयका भौतिक संरचा सुविधासम्पन्न नहुनु,
- ☞ कक्षा कोठाहरु प्रविधिमैत्री, बालमैत्री र अपांगमैत्री बनाउन नसकिनु,
- ☞ दिवा खाजाको व्यवस्थापन तथा गुणस्तरमा कमी,
- ☞ सबै सामुदायिक विद्यालयहरुमा बाल विकास केन्द्रहरु नहुनु,
- ☞ कम्प्युटर
- ☞ विद्यालय तहका सबै बालबालिकाहरुको शिक्षामा पहुँच नहुनु,
- ☞ मुलत पिछाडिएको तथा आर्थिक रुपमा विपन्न वर्गका बालबालिकाहरुको पहुँच कम हुनु,
- ☞ प्राविधिक शिक्षामा विद्यार्थीको पहुँचमा कमी,
- ☞ भर्ना भएका विद्यार्थीहरुको उपस्थिति नियमित नहुनु तथा विद्यार्थीहरुलाई टिकाइ राख्न नसक्नु,
- ☞ तहगत, क्षेत्रगत एवम् विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु,
- ☞ तोकिएको शैक्षिक बर्षमा तह पार गर्नेको सङ्ख्या कम हुनु,
- ☞ सिकाइ उपलब्धिस्तर कमि हुनु,
- ☞ पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाका लागि सार्बजनिक पुस्तकालयको विस्तारमा कमि हुनु,
- ☞ सुशासन, जिम्मेवारी तथा जवाफदेयिताकोको प्रत्याभुति गर्न नसकिनु,
- ☞ सार्बजनिक  लगानीका शैक्षिक संस्थाको उचित व्यवस्थापन गर्न नसक्नु,
- ☞ शिक्षणसिकाइ तथा मुल्यांकन प्रक्रियामा परिवर्तन ल्याउन नसक्नु जस्ता समस्याहरु रहेका छन् । त्यसैले विद्यालय शिक्षामा सबैको पहुँच समता गुणस्तर सुशासन ब्यवस्थापन तथा सिकाइका लागि न्युनत्तम वातावरण तथा निरन्तर सिकाइसँग समस्या केन्द्रित रहेका छन् ।

### १.३.४ चुनौतीहरु तथा अवसरहरु

यस वराहपोखरी गाउँपालिकाको शिक्षा क्षेत्रको चुनौती  तथा अवसरहरुलाई तपसिल अनुसार उल्लेख गरिएको छ ।

**चुनौती:**

- ☞ सिकाई उपलब्धि वृद्धि गर्नु,
- ☞ संघीय स्वरुप अनुरुप तिन तहका सरकारहरुबिच समन्वय र सहकार्य गर्नु,
- ☞ शिक्षण सिकाईको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्नु,
- ☞ शिक्षक तालिम र पेशागत सहयोग,
- ☞ विपद्को समयमा शिक्षकको निरन्तरता दिनु,
- ☞ विद्यालय शिक्षाको सर्वसुलभता,
- ☞ उपयुक्त पुर्वाधारको विकास, सान्यायिकता, गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिबृद्धि गर्नु,
- ☞ विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु,

☞ शैक्षिक सुशासन र उत्तरदायित्व अभिबृद्धि गर्नु,
☞ शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु,
☞ विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु,
☞ कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धी हासिल गर्नु,
☞ शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु,
☞ सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

**अवसरहरु:**

☞ गाउँपालिकास्तरीय शिक्षा ऐन तथा नियमावली निर्माण तथा कार्यान्वयन गरिएको
☞ विद्यालयमा विद्यार्थीहरुलाई नियमित उपस्थिती गराउनका लागि दिवा खाजाको व्यवस्था गरिएको
☞ विपद्को समयमा शिक्षण सिकाईको निरन्तरताको लागि प्रत्येक विद्यालयहरुमा वैकल्पिक सिकाई सामाग्रीहरुको व्यवस्था गरिएको तथा ईन्टरनेटको जडान
☞ शिक्षकको पेशागत विकासको लागि स्व-सिकाईको अवसर प्रदान
☞ प्राविधिक सिपयुक्त जनशक्ति उत्पादनका लागि गाउँपालिकाको तर्फबाट आधारभूत तह (६-८) र माध्यमिक तहमा कम्प्युटर शिक्षकको व्यवस्था
☞ यस गाउँपालिकाको स्थापनाकालदेखि नै शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकता दिदै सुधारका विविध कार्यक्रमहरु लागु गरिएको,
☞ शिक्षाका तीनवटै तहका सरकारको साझा अधिकार क्षेत्रको रूपमा रहेकोले आपसी साझेदारीमा लगानी अधिवृद्धि गर्न सकिने अवस्था देखिनु,
☞ विद्यालय शिक्षामा सुधारका लागि पालिकामा विभिन्न कार्यक्रमहरु लागु हुनु जस्तै राष्टिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम, केहि मात्रामा भए पनि सार्वजनिक विद्यालय प्रतिको चासो र जनअपेक्षा बढ्दै जानु,
☞ शैक्षिक सुचांकहरुको प्रगति सकारात्मक दिशा तिर हुनु यस क्षेत्रका प्रमुख अवसर हुन् ।

## १.४ योजना निर्माणको प्रक्रिया

। योजना आफैमा निर्मित हुने होइन र यो एउटा जटिल र चुनौतिपूर्ण कार्य पनि हो । यस कार्यलाई ब्यवस्थित रुपमा अगाडि बढाउनको लागि तपसिलका चरण र प्रकृयाहरूलाई अनुसरण गरिएको छ :

- राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रमलाई प्राविधिक सहयोगकर्ताको रुपमा सहयोग गर्ने संस्था प्रारम्भिक कक्षा पढाई कार्यक्रम दोश्रोले शिक्षा विकास तथा समन्वय इकाई खोटाङ दिक्तेलको आयोजनामा शिक्षा योजना निर्माण तथा क्षमता विकास सम्बन्धी ५ दिने कार्यक्रम मिति २०७७ माघ ३० बाट फाल्गुन ४ गते सम्म सञ्चालन गरिएको र पालिकाले शिक्षा योजना तयार गर्ने प्रतिबद्दता ब्यक्त गरिएको ।
- क्षमता विकास सम्बन्धी ३ दिने कार्यक्रम सञ्चालनमा मिति २०७८ वैशाख १५ बाट १७ गते सम्म कार्यक्रममा सहभागी भएको ।

- २०७८ साउन १९ र २० गते २ दिने शिक्षक पेशागत सहयोग सम्बन्धी भर्चुअल कक्षामा सहभागिता जनाएको।
- शिक्षा योजना निर्माण सम्बन्धी जिल्ला प्राविधिक कार्यदल अभिमूखीकरण २०७८ असोज १७ र १८ गते २ दिन सहभागिता जनाइएको।
- पालिकाबाट कार्यशालामा भएका सहभागीहरुले पालिकास्तरमा बन्ने योजना सम्बन्धी पालिकाको अन्य टिमसँग छलफल तथाअन्तरक्रिया गराइएको।
- गाँउपालिकाको शिक्षा समितिको बैठक मिति २०७८ भदौ २१ ले शिक्षा योजना निमार्णका लागि प्रमुख प्रशासकीय अधिकृत मान वहादुर वन ज्यूको संयोजकत्वमा कार्यादेश सहितको ११ सदस्यीय निर्माण कार्यदलको गठन तथा शिक्षा अधिकृत विज्ञान राउतको संयोजकत्वमा ५ सदस्यीय लेखन समितिको गठन भएको।
- योजनाको लागि आवश्यक तथ्याङ्क तथा आवश्यक दस्तावेजहरुको अध्ययन टिपोट संकलन ब्यवस्थापन गरिएको।
- योजनाको लागि आवश्यक समस्याको विश्लेषण पालिकाको दुरदृश्टि, लक्ष्य ,उदेश्य, कार्यक्रमको लागि पालिकाको सबै सरोकारवालाहरुको सुझाब संकलनको लागि कार्यशाला मिति २०७८।०९।०७ गते सञ्चालन गरिएको। जसमा ४१ जनाको सहभागिता रहेको।
- सुझाबको आधारमा कार्यदलबाट गाउँ शिक्षा योजनाको खाका तय गरिएको।
- शिक्षा योजनाको खाकामा पुन: सुझाबको लागि सुझाब संकलन तथा छलफल गरिएको।
- गाउँ शिक्षा योजना निर्माणका लागि प्राविधिक कार्यदलबाट मिति २०७८।०९।१० देखि १२ सम्म संचालन गरिएको ३ दिने कार्यशालामा सहभागिता जनाएको।
- योजनालाई अन्तिम रुप दिई गाँउपालिको विशेष गाउँसभाबाट मिति २०७८।०९।२० गते प्रमाणित गरिएको ।

यो गाउँ शिक्षा योजना निर्माण गर्दा संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका नीति, कार्यक्रम, योजनाको साथै अन्तराष्टिय स्तरमा गरिएका असल अभ्यास र प्रतिबद्दताहरुलाई मुख्य आधार बनाई यस पालिकाको आवश्यक्ता र औचित्यको आधारमा उद्धेश्य, ध्येय तथा दूरदृष्टिका साथै रणनीतिहरु निर्माण गरी प्रभावकारी योजनाको निर्माण गरिएको छ।

# परिच्छेद २ : दुरदृष्टि, ध्येय, उदेश्य तथा प्रमुख उपलब्धि सूचकहरु

## २.१ राष्ट्रिय दीर्घकालीन सोच

आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने ।

## २.२ प्रदेशको दीर्घकालीन सोच

.......

## २.३ गाउँपालिकाको दीर्घकालीन सोच

"वराहपोखरी गाउँपालिकाको इच्छा, सम्पूर्ण बालबालिकालाई प्रविधिमैत्री, गुणस्तरीय र समतामूलक शिक्षा"

## २.४ गाउँपालिका ध्येय

सबै विद्यालय जाने उमेर समूहका बालबालिकाहरुको शिक्षाको पहुँचमा सुनिश्चित गर्दै समतामूलक गुणस्तरीय र प्रविधिकमैत्री शिक्षाको सुनिश्चित गर्ने ।

## २.५ गाउँपालिकाको उद्देश्यहरु

- ☞ आवश्यकता अनुसार सूचना तथा सञ्चार प्रविधि एवं वैकल्पिक माध्यमबाट आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने र माध्यमिक शिक्षालाई नि:शुल्क गरी उच्च शिक्षाका लागि आधार तयार गर्नु
- ☞ बालबालिकाहरुलाई व्यवसायिक तथा प्राविधिक शिक्षातर्फ आकर्षण गराइ सीपयुक्त र स्वरोजगार प्राप्त गर्न सक्षम नागरिक तयार गर्नु
- ☞ विद्यालय शिक्षाको शैक्षिक गुणस्तर तथा उपलब्धि वृद्धि गर्नका लागि विद्यालयका सबै सरोकारवालाहरुको व्यवस्थापकीय, प्रशासनिक र व्यवसायिक रुपले दक्षता वृद्धि गराई आ-आफ्नो कार्य र क्षेत्रप्रति पूर्ण जिम्मेवार बनाउनु
- ☞ विद्यालय अनुगमन तथा मूल्यांकनलाई चुस्त दुरुस्त एवं परिणाममुखी बनाउनु
- ☞ शिक्षाको पहुँच बाहिर रहेको समुदायलाई  अनौपचारिक तथा खुला शिक्षाको माध्यमबाट शिक्षा प्रदान गरिने
- ☞ आधारभुत विद्यालय शिक्षामा समन्यायिक पहुँच विस्तार गर्दै शैक्षिक गुणस्तर सुधार गर्नु
- ☞ माध्यमिक विद्यालय शिक्षामा समन्यायिक पहुँच विस्तार गर्दै शैक्षिक गुणस्तर सुधार गर्नु
- ☞ जीवनपर्यन्त सिकाइका अवसरहरुलाई विस्तार गर्नु ।
- ☞ सिकाइ क्रियाकलाप सञ्चालनको लागि न्युनतम सिकाइ वातावरणको स्थापनामा अभिवृद्धि गर्नु ।
- ☞ विद्यालय ब्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।
- ☞ आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा बृद्धि गर्नु ।

☞ प्राविधिक विद्यालय स्थापना, व्यवस्थापन तथा सञ्चालन  गर्नु।

☞ शैक्षिक सस्थाहरुको सस्थागत क्षमता सुधार गर्नु।

☞ एक विद्यालय एक वाल विकास केन्द्रको व्यवस्था गर्नु।

## २.६ गाउँपालिकाको रणनीतिहरु

☞ बाल तथा आधारभूत तहको शिक्षा निशुल्क र अनिवार्य गर्ने व्यवस्था मिलाइने छ।

☞ प्राविधिक विद्यालय स्थापनाका लागि कार्यपालिकाबाट निर्णय गराइ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा पेश गरी आवश्यक प्रक्रिया अगाड बढाइनेछ।

☞  निशुल्क एवं अनिवार्य शिक्षाको प्रत्याभूति दिलाउन  छात्रवृत्ति, सहायता कार्यक्रम, दिवा खाजा मार्फत् पहुँच सुनिश्चित गरिनेछ।

☞ व्यवस्थित विद्यालय भवन, कक्षाकोठा, फर्निचर, बालउद्यान सहित विद्यालयमा सिकाईमैत्री, बालमैत्री र अपाङ्गमैत्री वातावरणको निर्माण गरिनेछ ।

☞ सह एवम् अतिरिक्त क्रियाकलाप, प्रतिभाको खोजी, स्थानीय पाठ्यक्रम जस्ता क्रियाकलापको माध्यमबाट समयसापेक्ष ज्ञान, सीप प्रदान गरिनेछ ।

☞ पुस्तकालय र सूचना प्रविधिको सुविधा सहित प्रमुख सरोकारवालाहरुलाई तालिम सहित शिक्षण, सिकाई र व्यवस्थापनमा सक्षम बनाईनेछ ।

☞ माध्यमिक शिक्षा निशुल्क गर्दै पहुँच विस्तारका लागि छात्रवृत्ति, सहायता, अनुदानको व्यवस्था गरिनेछ ।

☞ विषयगत शिक्षक, तालिम,योजना,प्रयोगशाला तथा सूचना प्रविधिको व्यवस्था गरी शिक्षामा जीवनोपयोगी र व्यवहार कुशल सीपहरु हाँसिल गराई गुणस्तर र उपलब्धि वृद्धिको व्यवस्था गरिनेछ ।

☞ एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा लागु गर्दै बाल विकास केन्द्रको ब्यवस्थापन अवस्था विश्लेषण सर्वे गरी राष्टिय न्यनतम मापदण्ड मार्गदर्शक पुस्तिका बमोजिम गरिनेछ ।

☞ विद्यालय तहका सबै बालबालिकाहरुको पुहँचमा सुधारको लागि भर्ना अभियान लाई शैक्षिक सत्रको शुरुमा सम्बन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा एक समिति तयार गरी  भर्ना अभियानलाई घरदैलो अभियान सहित विद्यार्थी विवरण सहितको सशक्त र प्रभावकारी बनाइनुका साथै अभियान कार्यक्रम विद्यालय वडा तथा  पालिकास्तरीय सञ्चालन गरीनेछ ।

☞ विद्यालय जान नसक्ने बालबालिकाहरुको भर्ना अभियानबाट पहिचान गरी जोखिम बालबालिकाको शैक्षिक सहयोग लागि जोखिम बालबालिकासँग गाँउपालिका अध्यक्ष कार्यक्रम लागु गर्ने र बालबालिकाको अभिभावकत्व ग्रहण कार्यक्रम लागु गरिनेछ ।

☞ हरेक वडा सहित पालिकामा विद्यालय बाहिर बालबालिका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

- ☞ प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई कार्यान्वयनमा ल्याइनेछ ।
- ☞ प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि सिक्नको लागि पढ्ने धारणालाई थप निरन्तरता दिइनेछ ।
- ☞ विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शैक्षिक सामग्री सहितको शिक्षण, शिक्षकको पेशागत विकास र सहयोगमा प्राथमिकता दिदै सिकाइको लागि मुल्यांकनका साथै पालिका स्तरीय स्तरीकृत परीक्षा तथा परीक्षण लागु गरिनेछ ।
- ☞ सबै विद्यालयमा प्रविधिमैत्रि शिक्षणको लागि चाहिने न्युनत्तम सामग्रीको सहयोग गर्दै प्रविधिमैत्रि शिक्षण लागु गरिनेछ ।
- ☞ शिक्षण सिकाइ सुधारको लागि एक विद्यालय एक शैक्षणिक नेतृत्वकर्ताको रुपमा तोकि कार्यान्वयनमा ल्याइनेछ ।
- ☞ विद्यालयको शिक्षणसिकाइ क्रियाकलापहरु सञ्चालनको लागि न्युनतम सिकाइ वातावरणको सुनिश्चत गर्न प्रस्ताबनामा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ ।
- ☞ निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रको थप सुदढीकरण गरी निरन्तर सिकाइ कार्यक्रम सामुदायिक सिकाइ केन्द्रबाट गरिनेछ ।
- ☞ निरन्तर सिकाइको लागि माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई एक कार्यविधि तयार गरी समेत परिचालन गरिनेछ ।
- ☞ विद्यालयको सुशासन, जवाफदेयिता तथा ब्यवस्थापनमा प्रभावकारी ल्याउन विभिन्न रणनीतिहरु कार्यान्वयनमा ल्याइनेछ । त्यस्ता रणनीतिहरुमा विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम, विद्यालय आचारसिंहता निर्माण र कार्यान्वयन, कार्यसम्पादन करार सम्भौता गरी पुरस्कार र दण्ड, बाह्य परीक्षकबाट हरेक बर्ष विद्यालयको कार्य सम्पादन मुल्यांकन, सामाजिक परीक्षण लेखापरीक्षण र बार्षिक हुने विद्यालयको कार्यसम्पादन मुल्यांकनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाइने तथा विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरुको जानकारीको प्रतिवेदन मासिक रुपमा सुचना प्रविधि मार्फत लिने प्रबन्ध मिलाइने छ ।
- ☞ विद्यालय प्रअको छनोट र नियुक्ति प्रक्रियालाई पारदर्शी, विस्वासनीय गर्न निश्चित कार्यविधि तयार गरी नेतृत्व परीक्षण लागु गरिनेछ ।
- ☞ विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको पालिकातहमा निश्चित कार्यविधि बनाइ एक जना ब्यक्तिलाई तोक्ने वा एक ब्यक्तिको ब्यवस्था गरिनेछ ।
- ☞ शिक्षक दरबन्दि मिलान नियमित गर्दै अपुग शिक्षक भएका स्यमसेवक शिक्षक वा करार शिक्षकको ब्यवस्था गरी विद्यालयलाई आवश्यक शिक्षकको ब्यवस्था गरिनेछ ।
- ☞ विभिन्न निकायहरुसँग समन्वय सहकार्य गर्दै शिक्षाको बजेटमा वृद्दि गरिनेछ ।
- ☞ संकटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न पालिका स्तरमा वैकल्पिक सिकाइ सहजीकरणको कार्यक्रम लागि भर्चुअल सिकाइ सहजीकरणको ब्यवस्था मिलाइनेछ ।
- ☞ अभिभाबक तथा समुदाय सचेतीकरणको लागि विद्यालय तथा माध्यमिक तहका विद्यार्थीहरुलाई परिचालन गरिनेछ ।

## २.७ मुख्य कार्यसम्पादन सुचकहरु

| मुख्य कार्यसम्पादन सुचक | | | | | |
|---|---|---|---|---|---|
| क्रस | तह | सुचांक | आव बर्ष २०७७ | मध्यावधि २०८३ | पूर्णावधि २०८८ |
| 1.1 | प्रारम्भिक बाल विकास | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ३१.८ | ६० | ८० |
| 1.2 | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | ३१.४ | ६५ | ९५ |
| 1.3 | | न्यनतम योग्यता पुरा भएका शिक्षकको प्रतिशत | १०० | १०० | १०० |
| 1.4 | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | ६० | ८५ | १०० |
| 1.5 | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ६३ | ८० | १०० |
| 2.1 | आधारभुत तह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९९ | १०० | १०० |
| 2.2 | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | ११२.६ | | |
| 2.3 | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९८.७ | ९९.५ | १०० |
| 2.4 | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | ११२.९ | १०७ | १०१ |
| 2.5 | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | ९८.४ | ९९.३ | १०० |
| 2.6 | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | १०९.५ | १०५ | १०१ |
| 2.7 | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९८.५ | ९९.२ | १०० |
| 2.8 | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | १११.७ | १०४ | १०० |
| 2.9 | | आधारभूत तह(कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०१ | | |
| 2.10 | | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ६२.१ | ८३ | १०० |
| 2.11 | | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | NA | ६० | ८१ |
| 2.12 | | विद्यालय वाहिर रहेका बालबालिका* (%) कक्षा १-८ | १.५ | ० | ० |
| 3.1 | माध्यमिक तह | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | ७५.८ | ८७ | ९८ |
| 3.2 | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर* (%) | ११६.१ | १०८ | १०२ |
| 3.3 | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | २१.३ | ५० | ८० |
| 3.4 | | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर* (%) | १२६.५ | ११५ | १०५ |
| 3.5 | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ४८.६ | ७७ | ९५ |
| 3.6 | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ११९.२ | ११३ | १०४ |
| 3.7 | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउ दर (%) | ४७.९ | ७५ | ९१ |

| | | | | | |
|---|---|---|---|---|---|
| 3.8 | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | NA | ५९ | ७५ |
| 3.9 | | कक्षा १-१२ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १.१ | १.१ | १.१ |
| 4.1 | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ | ५ बर्ष माथिको साक्षरता दर | ६६.३१ | ८० | ९५ |
| 4.2 | | ५-२४ बर्षको साक्षरता दर | NA | ८० | १०० |
| 4.3 | | १५ बर्ष माथिको साक्षरता दर | NA | ७० | ९५ |
| 5.1 | महिला शिक्षक प्रतिशत | आधारभूत तह (कक्षा१-८) | ४५.६ | ४८.२ | ५० |
| 5.2 | | माध्यमिक तह (कक्षा९-१२) | ८.६ | १५ | ३० |
| 6.1 | PMEC पुरा गरेका विद्यालयको प्रतिशत | बालविकास | ५० | ५५ | ६३ |
| 6.2 | | आधारभुत | ५२ | ७० | ८८ |
| 6.3 | | माध्यमिक | ४५ | ६८ | ८९ |
| 7.0 | स्थानीय तहमा शिक्षाको बजेट प्रतिशत | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | | | |
| 8. 1 | छोड्नेदर | आधारभूत तह (कक्षा१-५) | ५.३ | ३.१ | ० |
| | | आधारभूत तह (कक्षा६-८) | ८.७ | ४ | ० |
| 8.2 | | माध्यमिक तह (कक्षा ९-१०) | ५.१ | ३.२ | ० |
| 9.1 | दोर्याउनेदर | आधारभूत तह (कक्षा १-५) | ७.६ | ३ | ० |
| | | आधारभूत तह (कक्षा ६-८) | १.३ | ०.९ | ० |
| 9.2 | | माध्यमिक तह (कक्षा ९-१०) | ०.०० | ० | ० |
| 10. 1 | सिकाइ उपलब्धी दर | कक्षा ८ ३.२ बाट ३.६ ग्रेड ल्याउने % | ४५ | ४० | ३० |
| 10. 2 | | कक्षा ८ ३.६ बाट ४.० ग्रेड ल्याउने % | ४० | ५० | ६० |
| 10. 3 | | कक्षा SEE ३.२ बाट ३.६ ग्रेड ल्याउने % | २० | ३५ | ४५ |
| 10. 4 | | कक्षा SEE ३.६ बाट ४.० ग्रेड ल्याउने % | २ | १० | ३० |

# परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

विद्यालय तहका मुख्य उपक्षेत्रहरू अन्तरगत- प्रारम्भिक बालविकास शिक्षा, आधारभूत र माध्यमिक शिक्षा, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन तथा विकास र अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइका मुख्य उपशीर्षकहरू- परिचय, वर्तमान अवस्था, अवसर र चुनौतीहरू, उद्देश्य, रणनीति, उपलब्धि, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू समेटेर समीक्षा गरिएको छ। प्रत्येक उपक्षेत्रहरूमा वराहपोखरी गाउँपालिकाको वर्तमान अवस्थालाई वर्णन गर्दै यहाँको वस्तुगत तथ्यलाई अध्ययन गरी अवसर र चुनौतीहरू बुँदागत रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै, प्रत्येक उपशीर्षकहरूको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरी उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ र ती सबै उपशीर्षकहरूलाई हाम्रो गाउँपालिकाको खास अवस्था र वस्तुस्थितिलाई मध्यनजर गरी व्याख्या विश्लेषण गरिएको छ।

यो योजना निर्माणका लागि मुख्य रूपमा वराहपोखरी गाउँपालिकाको आवधिक रूपमा प्रकाशित योजना पुस्तिकाहरू, अध्ययन प्रतिवेदनहरू, विद्यालय सुधार योजना (SIP), यहाँको वस्तुस्थितिको अध्ययन आदिलाई आधार बनाईएको छ। त्यस्तै, राष्ट्रिय रूपमा नेपालको संविधान २०७२ द्वारा अँगालेको मौलिक अधिकार, निर्देशक सिद्धान्त, स्थानीय तहको अधिकार र कार्यक्षेत्र, नीति ईत्यादि, शिक्षासम्बन्धी नीति, चालू योजनाका रूपमा रहेको पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१) को आधारपत्रमा समाविष्ट शिक्षा क्षेत्रलाई समेट्ने बुँदाहरू, शिक्षासम्बन्धी अधिकार र कानुनी प्रबन्ध र हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) को मूल मर्म र उद्देश्यहरूलाई तल्लो तहमा समेट्ने गरी कार्यान्वयन गर्ने खाका प्रस्तुत गर्ने प्रयास गरिएको छ । वर्तमान कार्यान्वयनको चरणमा रहेको विद्यालय शिक्षाको मुख्य खाका राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्धारण गरेको उद्देश्य, संरचना र शिक्षण सिकाइ क्रियाकलापहरूमा आधारित भएर यस परिच्छेदमा कतिपय विषयवस्तुहरू समेटिएको छ। अन्तर्राष्ट्रिय स्तरमा शिक्षा सम्बन्धी नेपालले गरेको प्रतिबद्धताहरूलाई पनि यस योजनामा केही हदसम्म समेट्ने प्रयास गरिएको छ।

## ३.१ प्रारम्भिक बालविकास

### ३.१.१ परिचय

चार वर्षको उमेर पूरा भएका बालबालिकालाई दिइने एक वर्षको शिक्षा नै प्रारम्भिक बालविकास शिक्षा हो । बालबालिकाहरूलाई विद्यालय प्रवेशको लागि तयार पार्न विद्यालय क्षेत्र विकास योजना (SSDP) ले एक वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकासपूर्व प्राथमिक शिक्षालाई आधारभूत शिक्षा चक्रको अभिन्न अङ्गको रूपमा लिएको छ। चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने छ । प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु रहेको छ । विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको सर्वाङ्गीण पक्षहरू (जस्तैः शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक) को विकास गराउने पहिलो अनि आधारभूत शिक्षा भएकोले यो अपरिहार्य र महत्वपूर्ण रहेको छ। तसर्थ, यस शिक्षालाई सबैको पहुँचमा पुऱ्याई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको मुख्य दायित्व रहन्छ। यसै परीप्रेक्ष्यमा वराहपोखरी गाउँपालिकाद्धारा निर्माण भएको दश वर्षे शिक्षा योजनामा प्रारम्भिक बाल शिक्षा तथा विकासलाई समेट्न विविध कार्यक्रमहरू तर्जुमा गरिएको छ । यो शिक्षालाई प्रभावकारी, व्यवहारिक र नतिजामुखी बनाउने जिम्मा पनि गाउँपालिका वा स्थानीय सरकारको रहन्छ। स्थानीय सरकारले नै प्रारम्भिक बालबिकास शिक्षालाई

समय सापेक्ष विद्यालय नक्साङ्कन गरी स्थापना गर्दै जानु पर्दछ। सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अवसर प्रदान गर्ने लक्ष्य स्थानीय सरकारले राखेको छ।

### ३.१.२ वर्तमान अवस्था

वराहपोखरी गाउँपालिकामा २0 वटा बाल विकास केन्द्रहरू रहेका छन्। उक्त बा.वि.के.मा२२ बालविकास सहजकर्ता कार्यारत रहेका छन्। धैरैजसो विद्यालयहरूमा बाल विकास केन्द्र रहे पनि अझै १५ वटा विद्यालयहरूमा बाल विकास केन्द्र स्थापना हुन सकेका छैनन्।बाल विकास केन्द्र नभएको विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरू पूर्व प्राथमिक शिक्षाको अनुभवबिना सिधै कक्षा १ मा भर्ना हुने गरेका छन्। यसो हुँदा ती बालबालिकाहरूलाई कक्षा १ मा बानीको विकास हुन मुस्किल परिरहेको अवस्था छ। बाल विकास केन्द्र भएका विद्यालय र समुदायका करिब सत्प्रतिशत बालबालिकाहरूले प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभव प्राप्त गरेका छन्। बलविकास सहजकर्ताको तलब एकदमै न्यून रहेको भएतापनि यस गाउँपालिकाले आ.व. २०७८/०८९ को बजेट वक्तव्यबाट रु. १५,०००।– पुऱ्याएको छ।

| **क्षेत्रहरु** | **आव ०७४/७५** | **आव ०७५/७६** | **आव ०७६/७७** | **आव ०७७/७८** |
|---|---|---|---|---|
| सामुदायिक विद्यालय को संख्या | | | | **३५** |
| सस्थागत विद्यालयको संख्या | | | | ० |
| ECD को विद्यार्थी संख्या | | | | २६१ |
| प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | | | | ३१.८ |
| प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | | | | ३१.४ |
| प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | | | | ६३ |

### ३.१.३ अवसर र चुनौतीहरू

विद्यालय शिक्षा सञ्चालनको मुख्य जिम्मेवार स्थानीय निकाय हो। विद्यालय तहको सबैभन्दा पहिलो र महत्वपूर्ण शैक्षिक कार्यक्रम प्रारम्भिक बाल विकास र शिक्षा हो। यस शिक्षालाई सर्वसूलव बनाई सबैको पहुँचमा पर्याउन वराहपोखरी गाउँपालिकामा विभिन्न अवसर र चुनौतीहरू रहेका छन्।

**(क) अवसरहरू**

१. संविधानमा स्थानीय तहको अधिकारको सूचीमा प्रारम्भिक बालविकास शिक्षाको व्यवस्था गरिनु।
२. स्थानीय तहलाई बजेट व्यवस्थापन र लगानी गर्ने व्यवस्था हुनु।
३. स्थानीय स्रोत साधनलाई उचित तवरले वितरण गरी बाल विकास शिक्षामा लगानी गर्न सकिने अवस्था रहेको।
४. यस्ता केन्द्रबाट सिकारु बालबालिकाहरुको शारीरिक, मानसिक, भाषिक, बौद्धिक, समाजिक आदि सर्वाङ्गिण पक्षको विकास गर्ने अवसर प्रदान गरिएको।
५. स्थानीय तहले वसाइ व्यवस्थापन तथा सिकाइका लागि शैक्षिक सामग्री वितरण गर्ने गरेको।
६. वालविकास सहजकर्ताहरुको लागि क्षमता विकास तालिम सञ्चालन गरिने वय्वस्था रहेको।

**(ख) चुनौतीहरू**

१. प्रारम्भिक बालविकास शिक्षा कक्षामा भौतिक पूर्वाधारको समुचित व्यवस्थापन गर्नु ।
२. सबै बालविकास केन्द्रहरूमा तोकिएको पाठ्यक्रम अनुरूप सहजीकरण गर्नु
३. प्रारम्भिक बाल हेरचाह, पोषण सुरक्षा तथा सिकाइका सम्बन्धमा अभिभावक जागरण गर्नु
४. प्रारम्भिकबाल विकास केन्द्रको न्यूनतम मापदण्ड पूरा गर्दै बालबालिकाहरूको सर्वाङ्गीण विकास गर्नु
५. पिछाडिएका वर्गका बालबालिकाहरूलाई बाल शिक्षाको पहुँचमा सुनिश्चित गर्नु
६. योग्यता तथा तालिम प्राप्त सहजकर्ताको व्यवस्था गर्नु तथा पेशाप्रति जिम्मेवार बनाउनु ।
७. एक विद्यालय एक वालविकास केन्द्रको अवधारणा कार्यान्वयन गर्नु।

३.१.४ उद्देश्य

यस गाउँ पालिकाको प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी देहाय बमोजिमका उद्देश्यहरु रहेका छन् ।

१. ५ बर्ष मुनिको सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँचको सुनिश्चित गर्नु ।
२. प्रत्यक प्रारम्भिक बालविकास केन्द्रहरूलाई मापढण्डमा आधारित रहि गुणस्तरीय बनाउनु ।
३. सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु ।
४. बाल बालिकालाई सर्वाङ्गीण विकासको मौका प्रदान गर्नु ।
५. एक विद्यालय एक विकास केन्द्रको स्थापना गर्नु।

३.१.५ रणनीति

वराहपोखरी गाउँपालिकाले सबै बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार निर्माण तथा गुणस्तरीय शिक्षा प्रदान गर्दै शैक्षिक विकासलाई अगाडि बढाउने रणनीति निर्माण गर्नेछ । यस कार्यका लागी देहाय वमोजिमका कार्यनीतिहरु कार्यन्वयनमा ल्याईनेछ ।

१. प्रत्येक बालविकास केन्द्रमा राष्ट्रिय मापढण्ड अनुसार भौतिक पूर्वाधारको व्यवस्था गरिनेछ ।
२. एक विद्यालय एक बालविकास केन्द्रको अभियान सञ्चालन गरिने छ ।
३. बालविकासमा भर्ना भएका बालबालिकाहरूलाई प्रोत्साहन गर्न आकर्षक कार्यक्रम ल्याइनेछ ।
४. बाल विकास केन्द्रलाई तोकेबमोजिम सञ्चालन गर्न कक्षाकोठालाई छापामय बनाईनुका साथै सिकाइ वातावरणका लागि न्यूनतम सामग्रीको व्यवस्था गरिनेछ ।
५. खेल तथा मन्टेश्वरी विधि मार्फत शिक्षण सिकाइ कार्य सञ्चालन गर्ने वातावरण निर्माण गरिनेछ ।
६. प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकको क्षमता विकासमा ध्यान दिदै तालिम प्राप्त योग्य शिक्षकबाट सेवा प्रवाह हुने व्यवस्था गरिनेछ ।
७. बालविकास केन्द्रलाई व्यवस्थित बनाउनको लागि अभिभावक तथा समुदायलाई समेत परिचालन गरिनेछ ।
८. प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरूप बसाइँ व्यवस्था र सरसफाइलाई ध्यान दिई खेलसामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्रीसहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ ।

९. एक वडा एक नमूना बालविकास केन्द्रको निमार्ण गर्दै लगिने छ।

१०. सङ्घीय सरकारले निर्धारण गरेका मापदण्ड र ढाँचा अनुसार निश्चित अनुदानका आधारमा प्रारम्भिक बाल विकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन स्थानीय मौलिकताको आधारमा गरिनेछ।

११. बाल शिक्षालाई अझ प्रभावकारी बनाउन नियमित अनुगमन तथा समीक्षा बैठक सञ्चालन गरिनेछ।

१२. बालविकास सहजकर्तासँग कार्यसम्पादन करार सम्झौता गरी निश्चित सूचकको आधारमा प्रोत्साहित गरिनेछ।

३.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**(क) उपलब्धि**

प्रारम्भिक बाल विकास शिक्षालाई भौतिक पूर्वाधार सम्पन्न, बालमैत्री, मनोसामाजिक वातावरण उन्मुख सिकौ सिकौ लाग्ने अवस्था सिर्जना गरी बालबालिकाको सर्वाङ्गीण पक्षको विकास उन्मुख गराउने।

**(ख) प्रमुख नतिजाहरू**

१. चार वर्षभन्दा मुनिका सबै बालबालिकाहरूले १ वर्ष प्रारम्भिक बाल विकास शिक्षा पाउनेछन्।
२. प्रारम्भिक बाल विकास सम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका २०६७ (२०७५पहिलो संशोधन )अनुसारको भौतिक पूर्वाधार र बालमैत्री सिकाइको व्यवस्था हुनेछ।
३. प्रारम्भिक बाल विकास शिक्षा सकजकर्ता शिक्षिका र अभिभावकले नियमित र आवधिक रूपमा तालिम र सचेतना अभिमुखिकरणको अवसर प्राप्त गर्नेछन्।
४. बढीमा ३० मिनेटको दूरीमा बाल विकास शिक्षाको केन्द्र स्थापित भएको हुनेछ।
५. प्रारम्भिक बाल विकास शिक्षाको बारेमा सबै पक्ष र सरोकारवालाहरू समुदाय), परिवार, सरकारी तथा गैहसरकारी संघसंस्था, विद्यालयलाई जिम्म्वार बनाईनेछ।

**(ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू**

**तालिका नं. ३.१**

**प्रारम्भिक बाल विकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बाल विकास सम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) को कार्यान्वयन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | बाल विकास शिक्षाको नक्साङ्कन र बाल विकास केन्द्र थप गर्ने | सङ्ख्या | ३ | ४ | ५ | १ | | १३ | १३ | गाउँपालिका |
| ३ | बाल विकास केन्द्र सहजकर्ता शिक्षिकालाई तालिम र अभिमुखिकरण गोष्ठी सञ्चालन | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० | |
| ४ | बालबालिकाको अभिलेखिकरण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १२ | प्रत्येक वर्ष |
| ५ | गर्भवती र नवजात शिशु पोषणमा अभिमुखिकरण गोष्ठी सञ्चालन | वटा | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| ६ | विकासका साझेदार, गैह्रसरकारी संस्था, नीजि क्षेत्रतथा समुदायलाई प्रारम्भिक बाल विकास तथा शिक्षामा समन्वय, सहयोग, सहकार्य तथा लगानी बढाउन प्रोत्साहन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १२ | गाउँपालिका र विद्यालय |
| ७ | पोषणयुक्त दिवाखाजाको व्यवस्था | सङ्ख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | सबै केन्द्रमा प्रत्येक वर्ष |
| ८ | बालविकास केन्द्रमा पोषण कर्नर स्थापना | सङ्ख्या | ५ | १० | १० | | | ३५ | ३५ | सबै केन्द्रमा १ वटाको दरले |
| ९ | सहजकर्ता शिक्षिकाको पारिश्रमिक र तलब वृद्धि | सङ्ख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीयत तहले समयानुकूल वृद्धि गर्ने |
| १० | अभिभावकहरुसंग अन्तरक्रिया र छलफल | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० | विद्यालय |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

प्रारम्भिक बालबिकास शिक्षा देखि कक्षा ८ सम्म पठनपाठन हुने शिक्षा नै आधारभूत शिक्षा हो । विद्यालय क्षेत्र विकास योजनाले औपचारिक तथा अनौपचारिक दुवै माध्यमबाट शिक्षा प्रदान गर्ने गरी कक्षा १-८ सम्मको आधारभूत शिक्षाको संरचना निर्माण गरेको छ । शिक्षा ऐन २०२८ (नवौ संशोधन) ले "आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिईने शिक्षा" भनी उल्लेख गरेको छ ।वर्तमान विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम २०७६ द्धारा निर्धारण गरे अनुरूप विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडिएको छ । आधारभूत शिक्षा वर्तमान नेपालको शिक्षाको संरचनाको पहिलो र महत्वपूर्ण तहको शिक्षा हो । बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजन जस्ता पक्षको विकास गरी आधुनिक समाज सुहाउदो व्यक्ति निर्माण गर्ने आधारशिला आधारभूत शिक्षाले नै प्रदान गर्छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्छ । यसको मूल उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु रहेको छ । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् । नेपालको संविधान २०७२ को भाग ३ धारा ३१ उपधारा २ बमोजिम प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क पाउने भनी मौलिक हकको रूपमा सुनिश्चित गरिएको छ ।

आधारभूत शिक्षा देश, समाज तथा व्यक्तिको सर्वाङ्गीण विकासको जग हो । यस्तो शिक्षा गुणस्तरीय हुनु पर्दछ । आधारभूत शिक्षाले गरिबी न्यूनीकरण गर्न सहयोग गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकास पथमा अगाडि बढ्नलाई सहयोग हुने कुरा विभिन्न प्रतिवेदनहरूले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकहरूका सबै बालबालिकाहरूले आधारभूत पढाइ सीप मात्र हासिल गर्ने हो भने १७ करोड १० लाख मानिसहरूलाई गरिबीबाट माथि उकास्न सकिने तथ्य प्रकाशन गरेको छ । आधारभूत तहको पढाइ वा शिक्षा गुणस्तरीय र भरपर्दो भएमा मात्रै सोभन्दा माथिको शिक्षाको गुणस्तर कायम हुन सक्ने भएकोले यसलाई राज्य र सबै तहका सरकारले महत्वका साथ पहिलो प्राथमिकतामा राख्नुपर्ने हुन्छ । वराहपोखरी गाउँपालिकाले आधारभूत शिक्षालाई पहुचयोग्य, गुणस्तरीय, समन्वयात्मक, सान्दर्भिक तथा संस्थागत क्षमता अभिवृद्धि गरी राष्ट्रिय उद्देश्य प्राप्तिका लागी सान्दर्भिक कार्यक्रमहरु अगाडी सारिएको छ ।

### ३.२.२ वर्तमान अवस्था

वराहपोखरी गाउँपालिकाले ३५ वटा शैक्षिक संस्थाहरुबाट आधारभूत शिक्षा प्रदान गर्दै आएको छ । यस पालिकामा विभिन्न कारणले पछि परेका र पछि पारिएका समुदायका बालबालिकाहरु अध्ययन गर्दछन् । यस क्षेत्रमा चरम गरिबीका कारण बालबालिकाहरु विद्यालय बाहिर रहने तथा कक्षामा टिकाई राख्ने समस्या रहेको छ । मूलत: यस पालिकामा आधारभूत शिक्षाको अवस्था तलको तालिकाबाट पनि बुझ्न सकिन्छ ।

| मुख्य कार्यसम्पादन सुचक | | | |
|---|---|---|---|
| **क्रस** | **तह** | **सुचांक** | **आव बर्ष २०७७** |
| **1.4** | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | ६० |
| **2.3** | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९८.७ |
| **2.4** | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | ११२.९ |
| **2.5** | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | ९८.४ |
| **2.6** | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | १०९.५ |
| **2.7** | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९८.५ |
| **2.8** | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | १११.७ |
| **2.9** | | आधारभूत तह(कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०१ |
| **2.10** | | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ६२.१ |

| | | | |
|---|---|---|---|
| **2.11** | | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | NA |
| **2.12** | | विद्यालय वाहिर रहेका बालबालिका* (%) कक्षा १-८ | १.५ |
| **5.1** | **महिला शिक्षक प्रतिशत** | आधारभूत तह (कक्षा१-८) | ४५.६ |

यस वराहपोखरी गाउँपालिकामा आधारभूत तहमा तालिम प्राप्त शिक्षक ६० प्रतिशत रहेको देखिन्छ। आधारभूत तह १-५ मा खुद भर्ना दर ९८.७ प्रतिशत रहेको छ भने ११२.९ प्रतिशत कुल भर्ना दर रहेको छ। त्यसैगरी आधारभूतह ६-८ को खुद भर्नादर ९८.४ प्रतिशत रहेको छ भने १०९.५ प्रतिशत कुल भर्ना दर पुगेको अवस्था छ। आधारभुत तह १-८ मा १११.७ प्रतिशत कुल भर्नादर तथा ९८.५ प्रतिशत खुद भर्ना दर रहेको देखिन्छ। १.०२ प्रतिशत लैङ्गिक समता सूचक, कक्षा ८ मा टिकाउ दर ६२.१ प्रतिशत, आधारभूत तहमा अध्ययन गर्ने १.५ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन्। आधारभूत तहमा ४५.६ प्रतिशत महिला शिक्षकले अध्यापन गर्ने गरेको देखिन्छ।

**तालिका नं. ३.२**

**आधारभूत शिक्षाको विद्यालय, विद्यार्थी सङ्ख्या र शिक्षकको अवस्था**

| विद्यालय सङ्ख्या | | | विद्यार्थी सङ्ख्या | | | | | | | | | **शिक्षक संख्या** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सञ्चालित कक्षा | | | **कक्षा १-३** | | | **कक्षा १-५** | | | **कक्षा ६-८** | | | **आधारभूत तह (१-८)** | | |
| **कक्षा १-३** | कक्षा १-५ | कक्षा १-८ | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | महिला | पुरुष | जम्मा |
| ९ | १४ | ६ | ६७३ | ६४२ | १३१५ | १०२० | ९७९ | १९९९ | ४९८ | ५३३ | १०३१ | ३६ | ७५ | १११ |

वराहपोखरी गाउँपालिकामा आधारभुत तह शिक्षकको संख्या जम्मा १११ जना रहेको छ । जसमा महिला शिक्षक संख्या ३६ र पुरुष शिक्षक संख्या ७५ रहेको छ। यस वराहपोखरी गाउँपालिकाको IEMIS Report 2077 अनुसार कक्षा १ देखि कक्षा ५ सम्म जम्मा विद्यार्थी संख्या १९९९ जना रहेको छ। आधारभुत तहमा शिक्षक विद्यार्थी अनुपात १:२७ रहेको छ।

### ३.२.३ अवसर र चुनौतीहरू

**(क) अवसरहरू :-**

१. आधारभूत तहलाई संविधानले नै निशुल्क र अनिवार्य हुने व्यवस्था गरेको।
२. आधारभूत तहको शिक्षालाई सर्वसुलभ, अनिवार्य र निःशुल्क बनाउन स्थानीय तहलाई स्वायत्तता रहनु।
३. विद्यालय स्थापना गर्न र विद्यालय गाभ्न सकिने वातावरण रहनु।

४. स्थानीय तहले भौतिक पूर्वाधार विकासमा लगानी गरी सोको उचित प्रबर्धन गर्ने र सिकाइमा आवश्यक सुधार ल्याउने व्यवस्था हुनु।
५. शिक्षकलाई तालिम, गोष्ठी र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने गरिएको।
६. स्थानीयआवश्यकता र अनुकूलमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न सकिने।
७. करार शिक्षक नियुक्ति गर्न र दरबन्दी मिलान गर्न सकिने।
८. परीक्षा सञ्चालन, मूल्याङ्कन, पृष्ठपोषण प्रदान गर्न र प्रमाणीकरण गर्न स्थानीय तहलाई अधिकार रहनु।
९. सबै वर्ग तह र तप्काका बालबालिकालाई आधारभूत शिक्षा सर्वसुलभ रहेको।

**(ख) चुनौतीहरू:-**

१. ४ देखि १२ वर्ष उमेरका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षाको पहुँच पुर्याउन।
२. आधारभूत शिक्षाको गुणस्तर सुधार गर्न र सस्थागत क्षमतामा सुधार ल्याउन।
३. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन।
४. शिक्षक विद्यार्थी अनुपात मिलाउन।
५. स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न।
६. विद्यार्थी न्यून भएका आधारभूत विद्यालयहरूलाई नजिकैको अर्को विद्यालयमा गाभेर नयाँ संरचना बनाउन।
७. शिक्षा नियमावली २०५९ ले तोकेको सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीअनुसारको शिक्षक दरबन्दीको व्यवस्था गर्न।
८. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु।
९. भौतिक पूर्वाधार विकास, सूचना तथा प्रविधिको पहुँच विस्तार गर्न आवश्यक बजेट स्रोतको व्यवस्थापन गर्न।
१०. विद्यालय व्यवस्थापन समितिलाई क्रियाशील बनाई उनीहरूको काम, कर्त्तव्य र अधिकारप्रति जागरुक बनाउन।
११. विद्यालयलाई बालमैत्री बनाउनु।
१२. पोषण, स्वास्थ्य, दिवा खाजा र विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्थापन गर्नु।
१३. सबै अभिभावकलाई विद्यालयप्रति अपनत्वको भावना जगाई विद्यालय विकासमा सहभागीता वढाउन।
१४. सरोकारवाला वर्गलाई बालबालिकाहरुको सिकाईप्रति जवाफदेही र उत्तरदायी बनाउन।

३.२.४ उद्देश्य

१. ५ देखि १२ वर्ष उमेरका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षामा समतामूलक पहुँच र सहभागिताको सुनिश्चितता गर्नु।
२. आधारभुत शिक्षाको गुणस्तरमा वृद्दि गर्नु।
३. आधारभूत तह पूरा गर्ने सिकारुका संख्यामा अपेक्षित सुधार ल्याउनु।
४. बालबालिकाको सिकाईमा सुधार ल्याउन भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री बनाउनु।
५. स्थानीय मातृभाषाहरुमा पठनपाठनको व्यवस्था मिलाउनु।

६. आधारभूत शिक्षालाई प्रविधिमैत्री बनाउनु ।

७. आधारभूत शिक्षामा लगानी बढाउनु।

३.२.५ रणनीतिहरू

१. विद्यालय उमेरका बालबालिकाहरुको यथार्थ विवरण सङ्कलन गरी भर्ना अभियान सञ्चालन गरी पहुँच सुनिश्चित गरिनेछ ।

२. विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई वैकल्पिक, अनौपचारिकतथा लक्षित कार्यक्रमको व्यवस्था गर्ने ।

३. सरोकारवाला वर्गलाई आधारभूत शिक्षाप्रति जवाफदेही र उत्तरदायी बनाउने ।

४. कक्षा १ देखि ३ सम्मको शिक्षण सिकाइ सामग्रीहरूको व्यवस्थापन तथा क्रमिक सिकाइ रणनीतिको आधारमा बालबालिकाहरूको सिक्नका लागि पढने अवधारणालाई निरन्तरता दिइनेछ ।

५. मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोग गर्दै तत्काल पृष्ठपोषण (Feedback) प्रदान गर्ने र सुधारको उपायहरू अबलम्बन गर्दै शैक्षिक गुणस्तरमा सुधार गरिनेछ।

६. शिक्षकलाई निरन्तर विद्यार्थी मूल्याङ्कन, कक्षा कार्य, सिर्जनात्मक कार्य र उपचारात्मक शिक्षण गर्न प्रेरित गर्न प्रोत्साहन गरिनेछ ।

७. आधारभूत तहका शिक्षकहरूको क्षमता विकासका लागि मागमा आधारित तथा छोटो अवधिका तालिम सञ्चालन गरिनेछ ।

८. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरि सहज र उपयोगी बनाइनेछ ।

९. विद्यालयको भौतिक, शैक्षिक र प्रशासनीक सदृढीकरणका लागि गैह्रसरकारी संघसंस्थाहरूसँग सहकार्य र समन्वय गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०. वि .व्य .स., शिअसंका पदाधिकारीहरूको क्षमता विकास र अभिभावकलाई अभिमुखिकरण गरिनेछ ।

११. सिकाइका लागि आवश्यक न्यूनतम सिकाइ वातावरण तय गर्न भौतिक, शैक्षिक र सामाजिक पक्षको व्यवस्थापनमा जोड दिइनेछ ।

३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**(क) उपलब्धि**

प्रत्यक बालबालिकाको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई सिकाइ उपलब्धि वृद्धि भएको हुने ।

**(ख) प्रमुख नतिजाहरू**

१. आधारभूत तहको उमेर समूहका सबै बालबालिकाहरूले आधारभूत शिक्षा पाउनेछन् ।

२. विद्यालय नक्साङ्कन र विद्यार्थी सङ्ख्याको आधारमा विद्यालय र शिक्षक दरबन्दी कायम हुनेछ ।

३. आधारभूत तह पूरा गरेका सबै बालबालिकाहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुनेछन् ।

४. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका विषम परिस्थितिप्रति सचेत र सजग हुनेछ ।

५. आधारभूत शिक्षाको बारेमा सबै पक्ष र सरोकारवालाहरू समुदाय), परिवार, सरकारी तथा गैहसरकारी संघसंस्था, विद्यालय ( लाई जिम्मेवार हुनेछन् ।

६. विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय औसत उपलब्धिसँग बराबर हुनेछ ।

७. पालिकाभरका सबै शैक्षिक प्रदायक संस्थाहरूमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुनेछ ।

८. आधारभूत तह पूरा गरेका विद्यार्थीहरू विज्ञान, सूचना प्रविधि, वातावरण र स्वास्थ्यसम्बन्धी आधारभूत ज्ञान र जीवनोपयोगी सीपको विकास गरेको हुनेछ ।

९. बालबालिकामा दैनिक जीवनमा आईपर्ने व्यावहारिक समस्याको पहिचान, विश्लेषण तथा समाधान गर्न सक्ने क्षमताको विकास हुनेछ ।

**(ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**तालिका नं. ३.३**

**आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| **१** | विद्यालयमा नक्साङ्कन, पुनर्वितरण र समायोजन | सङ्ख्या | २ | | | | | २ | ४ | गाउँपालिका |
| **२** | विद्यालयमा मापदण्डअनुसार शिक्षक व्यवस्था | सङ्ख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | निरन्तर | गाउँपालिका र सङ्घले निर्धारित मापदण्डअनुसार पऱ्याउने |
| **३** | आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याउन कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय, गा.पा. |
| ४ | विद्यालयहरूमा न्यूनतम भौतिक पूर्वाधार निर्माण(भवन, | सङ्ख्या | १ | २ | २ | २ | ३ | १० | १५ | नेपाल सरकार,स्थानीय तह,विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजाघर) | | | | | | | | | |
| ५ | बालबालिकाको अभिलेखन | वटा | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| ६ | अभिभावकलाई अभिमुखिकरण र सचेतना गोष्ठी सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका र विद्यालय |
| ७ | भर्ना कार्यक्रम | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | गाउँपालिका र विद्यालय |
| ८ | स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन | वटा | १ | | | | | | १ | गाउँपालिका |
| ९ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | प्रतिशत | २५ | २५ | २५ | २५ | १०० | १०० | १०० | गाउँपालिका |
| १० | पोषण र स्वास्थ्य कार्यक्रम | प्रतिशत | २५ | ५० | ५० | १०० | १०० | १०० | १०० | गाउँपालिका र विद्यालय |
| ११ | आधारभूत तहको परीक्षालाई थप व्यवस्थित गर्ने | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | प्रत्येक वर्ष गाउँपालिकाले गर्ने |
| १२ | आधारभूत तह शिक्षक तालिम सञ्चालन | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० | गा.पा. |
| १३ | उत्कृष्ट कार्य सम्पादन गरी उत्कृष्ट नतिजा हासिल गर्ने शिक्षकहरूलाई पुरस्कार र सम्मान कार्यक्रम | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिकाले निश्चित मापदण्ड र आधार बनाई वर्षेनी प्रदान गर्ने |
| १४ | आधारभूत तहका कक्षा ३, ५ र ८ को पालिकास्तरीय | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिकाले निश्चित मापदण्ड र |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्न सफल विद्यार्थीहरूलाई पुरस्कार र सम्मान कार्यक्रम | | | | | | | | | आधार बनाई वर्षेनी प्रदान गर्ने |
| १५ | स्थानीय मातृभाषाका पाठ्यक्रम, पाठ्पुस्तक निर्माण र कार्यान्वयन गर्ने । | संख्या | १ | | | | | १ | २ | गाउँपालिका |
| १६ | प्रारम्भिक कक्षाको शिक्षणका क्रमिक सिकाइ रणनितिको निरन्तरता सहित प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्री सहयोग कार्यक्रम | विद्यालय | ३५ | | | | | | ३५ | नेपाल सरकार, प्रदेश, गाउँपालिका |
| १७ | बालबालिकाहरुको पठन सहित सिकाइ सुधारमा योगदान पुर्याउने उत्कृष्ट अभिभाबक सम्मान कार्यक्रम | जना | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| १८ | कक्षा १ ३ मा कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठाइ तथा गणितिय सीप परिक्षण सञ्चालन | विद्यालय | ३५ | | | | | | ३५ | गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदशनी मेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका तथा विद्यालय |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार कक्षा ९ देखि १२ सम्म गरी चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ । यो उच्च शिक्षाको आधारशिला पनि हो । यस तहमा १३ वर्ष देखि १६ वर्ष उमेर समूहका किशोर किशोरीहरु अध्ययन गर्दछन् ।
नेपालको संविधान २०७२ को भाग ३ धारा ३१ उपधारा २ बमोजिम प्रत्येक नागरिकलाई राज्यबाट माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने भनी मौलिक हकको रूपमा सुनिश्चित गरिएको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा राज्यले प्रदान गर्ने दायित्व राज्यको हुने भनी उल्लेख गरेको छ । संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको छ । शिक्षा ऐन २०२८ ले कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षाको रूपमा समावेश गरेको छ भने सो कक्षाहरूलाई पनि विद्यालय शिक्षाको लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले बालमनोविज्ञान, सिकारुको उमेर र सिकाइ क्षमतास्तरको आधारमा तहगत रूपमा कक्षा ९ र १० लाई माध्यमिक शिक्षाको तह ४ र कक्षा ११ र १२ लाई माध्यमिक शिक्षाको तह ५ भनी जम्मा २ तहमा विभाजन गरेको छ । माध्यमिक तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनुपर्दछ । विद्यालय क्षेत्र विकास योजना (SSDP) ले माध्यमिक शिक्षालाई प्रयोगात्मक बनाउन सघाउ पुऱ्याउने खालका उपायहरू अपनाएको छ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सीपसहितको नागरिक विकास र उच्च शिक्षाको तयारी गराउने आधार पनि हो । राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचारजस्ता गुणसहितको प्रतिष्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने र नेपाली कला, सौन्दर्य र मौलिकताको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार पार्ने भनी विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम २०७६ ले राष्ट्रिय उद्देश्य किटान गरेको छ । पन्ध्रौँ योजना (२०७६/७७-२०८०/८१) को आधारपत्रमा शिक्षासम्बन्धी हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरी आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षा निःशुल्क पाउने व्यवस्थामा जोड दिइएको छ । शिक्षालाई रोजगारमूलक बनाउँदै लैजान सीपमूलक तथा व्यावसायिक शिक्षाको विस्तारमा जोड दिई लगानी वृद्धि गर्ने, जनशक्तिलाई अन्तर्राष्ट्रिय स्तरमा समकक्षी र प्रतिष्पर्धी बनाउने, प्राविधिक शिक्षालाई हरेक स्थानीय तहसम्म सर्वसुलभ गराउने कुरा यस आधार पत्रमा उल्लेख गरिएको छ ।
आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ । वराहपोखरी गाउँपालिकाले माध्यमिक

तहको शिक्षालाई प्रभावकारी, प्रविधियुक्त, श्रम र सीपमूलक, रचनात्मक, व्यावहारिक, सबैको पहुँचयोग्य, निःशुल्क, बालमैत्री र समावेशी बनाउने नीति लिएको छ।

माध्यमिक तहमा साधारण, प्राविधिक र परम्परागत धारका शिक्षा कार्यक्रम सञ्चालन भएता पनि वराहपोखरी गाउँपालिकामा साधारण धारको शिक्षा मात्र अध्ययन अध्यापन गराइन्छ। यस पालिकामा प्राविधिक धारका विद्यालयहरु स्थापना र सञ्चालन गर्नुपर्ने तड्कारो आवश्यकता रहेको देखिन्छ।

### ३.३.२ वर्तमान अवस्था

वराहपोखरी गाउँपालिकामा ६ वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन्। वडा नं. ४ मा २ वटा मा.वि. सञ्चालनमा छन् भने वडा नं. ६ मा एउटा पनि माध्यमिक विद्यालय छैनन्।

माध्यमिक तहको वर्तमान अवस्था देहाय बमोजिम रहेको छ:-

| तह | सुचांक | आव बर्ष २०७७ |
|---|---|---|
| माध्यमिक तह | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | ७५.८ |
| | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर* (%) | ११६.१ |
| | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ४८.६ |
| | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ११९.२ |
| | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउ दर (%) | ४७.९ |

यस गाउँपालिकामा माध्यमकि तहको कक्षा ९ र १० मा खुद भर्ना दर ७५.८ प्रतिशत रहेको छ। त्यसैगरी कुल भर्ना दर ११६.१ प्रतिशत रहेको देखिन्छ। माध्यमिक तह (कक्षा ९-१२ ) विद्यार्थीहरुको खुद भर्ना दर ४८.६ प्रतिशत रहेको छ भने उक्त तहमा ११९.२ प्रतिशत कुल भर्ना दर रहेको पाईन्छ। कक्षा १ मा भर्ना भएका बालबालिकाहरु मध्ये कक्षा १० पुग्ने टिकाउ दर ४७.९ प्रतिशत रहेकोले माध्यमिक तहका विद्यार्थीहरुको टिकाउ दर ५० प्रतिशत भन्दा माथि नपुगेको देखिन्छ।

**तालिका नं. ३.४**

**माध्यमिक शिक्षाको विद्यालय, विद्यार्थी सङ्ख्या र शिक्षकको अवस्था**

| विद्यालय सङ्ख्या | | विद्यार्थी सङ्ख्या | | | | | | शिक्षक सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सञ्चालित कक्षा | | **कक्षा ९—१०** | | | **कक्षा ११—१२** | | | **कक्षा ९—१०** | | | **कक्षा ११—१२** | | |
| कक्षा ९—१० | **कक्षा ११—१२** | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** |
| ४ | २ | ३२४ | २४९ | ५७३ | ११८ | ११५ | २३३ | १ | २७ | २८ | १ | २ | ३ |

यस गाउँपालिकामा ६ वटा मा.वि. छन् । IEMIS Report 2077 अनुसार कक्षा ९-१० मा विद्यार्थी संख्या ५७३ रहेको छ भने शिक्षक संख्या २८ रहेको छ । पालिकावाट १२ वटा दरवन्दीका लागि अनुदानको व्यवस्था गरेको छ । कक्षा ९-१० मा शिक्षक विद्यार्थीको अनुपात १:२० रहेको छ । २ वटा विद्यालयहरुमा संचालित कक्षा ११-१२ मा विद्यार्थी संख्या २३३ रहेको छ । कक्षा ११-१२ मा जम्मा शिक्षक दरवन्दी ३ रहेको छ । कक्षा ११-१२ मा शिक्षक विद्यार्थीको अनुपात १:७७ रहेको छ जसमध्ये पालिकाबाट शंखेश्वरी मा.वि. मा १ वटा शिक्षकका लागि अनुदान दिएको छ ।

३.३.३ अवसर र चुनौतीहरू

**(क) अवसरहरू**

१. माध्यमिक तहको शिक्षालाई सर्वसुलभ र निःशुल्क बनाउन स्थानीय तहलाई स्वायत्तता रहनु ।
२. संवैधानिक प्रावधान अनुसार स्थानीय तहको अधिकारको सूचीमा माध्यमिक तहको शिक्षालाई समावेश गरिनु ।
३. आवश्यकताको पहिचान गरी आधारभूत तहका विद्यालयलाई माध्यमिक तह सञ्चालनका लागि अनुमति प्रदान गर्न सकिने ।
४. स्थानीय तहले भौतिक पूर्वाधार विकासमा लगानी गरी सोको उचित प्रबर्धन गर्ने र सिकाइमा आवश्यक सुधार ल्याउने व्यवस्था भएको ।
५. शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन शिक्षकलाई तालिम, गोष्ठी र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न सकिने ।
६. करार शिक्षक नियुक्ति गर्न र दरबन्दी मिलान गर्न सकिने ।
७. आन्तरिक परीक्षा सञ्चालन, मूल्याङ्कन, पृष्ठपोषण प्रदान गर्न सकिने ।
८. विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याई सबैलाई माध्यमिक शिक्षाको प्रत्याभूति दिलाउन सकिने।
९. स्थानीय तहमा वित्तिय, भौतिक, शैक्षिक र निर्णयगत स्वायत्तता रहनु ।

**(ख) चुनौतीहरू**

१. माध्यमिक शिक्षा सबैको पहुँचमा ल्याउन ।
२. यस तहमा कक्षा छाड्ने र दोहोर्‍याउने दर शून्यमा झार्न ।
३. शिक्षक विद्यार्थी अनुपात समुचित रुपमा मिलाउन ।
४. विषयगत रूपमा शिक्षक दरबन्दीको व्यवस्था गर्न ।
५. शिक्षा नियमावली २०५९ ले तोकेको सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीअनुसारको शिक्षक दरबन्दीको व्यवस्था गर्न ।
६. भौतिक पूर्वाधार विकास, सूचना तथा प्रविधिको पहुँच विस्तार गर्न आवश्यक बजेट स्रोतको व्यवस्थापन गर्न ।
७. शिक्षक र विद्यार्थीलाई प्रविधिमा पहुँच विस्तार गर्न ।
८. प्राविधिक र जीवनोपयोगी सीपसम्बन्धी विषयको पढाइ सुचारु गर्न ।
९. गणित र अङ्ग्रेजी विषयको सिकाइ उपलब्धि दर औषतभन्दा माथि उकास्न ।
१०. कक्षा १० र कक्षा १२ परीक्षाको नतिजा शतप्रतिशत उत्तीर्ण गराउने र औसत उपलब्धि राष्ट्रिय मापदण्डभन्दा राम्रो ल्याउने ।
११. विद्यालय व्यवस्थापन समितिलाई क्रियाशील बनाई उनीहरूको काम, कत्र्तव्य र अधिकारप्रति जागरुक बनाउन ।
१२. सबै अभिभावकलाई विद्यालयप्रति अपनत्वको भावना जगाउन ।

१३. सामाजिक, नीतिगत तथा राजनीतिक अस्थिरताले माध्यमिक शिक्षा दबावपूर्ण रहन सक्ने ।

### ३.३.४ उद्देश्य

१. माध्यमिक तहमा निर्धारित उमेर समूहका बालबालिकालाई शिक्षाको पहुँचमा अभिवद्धि गर्नु ।

२. शैक्षिक गुणस्तर अभिवृद्धि गरी गरीखाने सीपयुक्त जनशक्ति उत्पादन गर्नु।

३. मा.वि. तहमा सवै सिकारुको समतामूलक सहभागिता सुनिश्चित गर्नु ।

४. पाठ्यक्रमले निर्धारण गरेको न्यूनतम सिकाइ उपलब्धि हासिल गराउनु।

५. माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई समावेश गर्नु ।

६. सिकाइप्रति विद्यालयको व्यवस्थापन तथा प्रवन्धलाई उत्तरदायी बनाउनु ।

७. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री समावेशी र सुरक्षित बनाउनु ।

८. माध्यमिक तहमा टिकाउदर बढाउनु तथा कक्षा छोड्ने दर घटाउनु ।

९. शिक्षक विद्यार्थी अनुपात मिलाउनु।

१०. यस गाउँपालिकामा सचालित मा.वि.हरुमध्ये कम्तीमा ३ मा.वि.लाई नमुना मा.वि.बनाउनु।

११. मा.वि.तहमा आवश्यकता अनुसार दरबन्दी मिलान गर्नु।

### ३.३.५ रणनीति

१ माध्यमिक तहका सवै बालबालिकाहरूलाई भर्ना तथा घरदैलो अभियान मार्फत पहुँच बढाइनेछ ।

२ सिकाइलाई वास्तविक जीवन तथा व्यवहारसँग सम्वन्धित गराउन विषयवस्तु अनुसारको प्रयोगात्मक अभ्यास, परियोजना कार्य वा सामुदायिक कार्यलाई विद्यालयको प्रयोगात्मक मूल्याङ्नकसँग जोडिनेछ ।

३ विषयगत शिक्षकको मागलाई स्थानीय सरकार मार्फत सम्बोधन गरिनेछ ।

४ माध्यमिक तहका शिक्षकहरूको क्षमता विकासका लागि मागमा आधारित तथा छोटो अवधिका तालिम सञ्चालन गरिनेछ ।

५ विद्यालय शिक्षादेखि नै विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला आदिजस्ता विषयहरूको सिकाइलाई अन्तरसम्बन्धित गरिंदै लगिनेछ ।

६ बालक्लवहरू मार्फत समुदायमा भातृत्व आपसी सहयोगको भावनाको विकास गरिनेछ ।

७ खोज तथा अनुसन्धानमा आधारित विद्यार्थीकेन्द्रित र क्षेत्र भ्रमण विधिलाई प्राथमिकता दिई श्रम बजारका खपत हुने जनशक्तिको आधारशीला तयार गरिनेछ ।

८ माध्यमिक शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सहज र उपयोगी वनाइनेछ ।

९ सिकाइलाई दैनिक जीवनसँग सम्वन्धित गरी व्यवहार कुशल सीपलाई एकीकृत गरिनेछ ।

१० डिजिटलाइजेसन गरी शिक्षण सिकाइ सञ्चालन गरिने छ ।

११ माध्यमिक शिक्षालाई सक्षमतामा आधारित बनाई कार्यन्वयनमा ल्याईनेछ ।

१२ यस तहमा शिक्षक विद्यार्थी अनुपातका आधारमा दरबन्दी मिलान गरिदै लगिनेछ।

३.३.६ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलापहरु र लक्ष्यहरु

यस गाउँपालिकाले माध्यमिक शिक्षामा सक्षम, तह अनुकूल, राष्ट्रिय उद्देश्य अनुकूल तथा विषयगत उपलब्धि अभिवृद्धि गरी पाठ्यक्रमले राखेका अपेक्षा पुरा हुने र गुणस्तरीय शिक्षा प्रदान गर्ने छ। माध्यमिक शिक्षामा गाउँपालिकाभरिका सबै बालबालिकाहरूको पहुँच सुनिश्चित भई निःशुल्क, प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि हुने।

नतिजा

१. निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना दर र टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छाड्ने दर कक्षा दोहोर्‍याउने दरमा कमी आउनेछ।
२. माध्यमिक तहको उमेर समूहका सबै बालबालिकाहरूले सोतहको शिक्षा पाउनेछन्।
३. विद्यालय नक्साङ्कन र विद्यार्थी सङ्ख्याको आधारमा विद्यालय र शिक्षक दरबन्दी कायम हुनेछ।
४. माध्यमिक तह पूरा गरेका सबै बालबालिकाहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुनेछन्।
५. विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय औषत उपलब्धिसँग बराबर हुनेछ।
६. विद्यालयको प्रशासनिक कार्य गर्ने गरी योग्यता र क्मा आधारित प्र.अ. व्यवस्थापन हुनेछ।
७. गाउँपालिकाभरिका माध्यमिक तह सञ्चालितमध्ये कम्तिमा २ वटा मा.वि.लाई नमुना मा.वि.वनाइने छ।
८. माध्यमिक तहका सबै विषयगत शिक्षकको व्यवस्था शिक्षा नियमावलीमा तोकेको मापदण्डअनुसार व्यवस्था भएको हुनेछ।
९. सबै माध्यमिक विद्यालयहरूमा न्यूनतम पूर्वाधारयूक्त भएको हुनेछ।
१०. यस गा.पा.भित्र सञ्चालित मा.वि.हरुमा आवश्यक्ता अनुसार दरबन्दी मिलान भएको हुनेछ।

**(ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**तालिका नं. ३.५**

**माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| **१** | विद्यालयमा नक्साङ्कन, दरबन्दी पुनर्वितरण र थप | सङ्ख्या | १ | | | | | १ | ३ | गाउँपालिका |
| २ | निःशुल्क माध्यमिक शिक्षाको लागि कार्यविधि निर्माण र कार्यान्वयन | सङ्ख्या | १ | | | | | १ | २ | गाउँपालिका र सङ्घ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | माध्यमिक तह उमेर समूहका सबै बालबालिकालाई विद्यालयको विद्यालयको पहुँचमा ल्याउन कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | गा.पा.रविद्यालयहरु |
| ४ | विद्यालयमा भौतिक पूर्वाधार निर्माण | सङ्ख्या | ३ | ४ | ४ | ३ | ४ | १८ | ३५ | आवश्यकताका आधारमा |
| ५ | माध्यमिक तह उमेरका बालबालिकाको अभिलेखीकरण | वटा | १ | १ | १ | १ | १ | ५ | १२ | गाउँपालिका |
| ६ | नमूना माध्यमिक विद्यालय विस्तार | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | ७ | गाउँपालिका र विद्यालय |
| ७ | कक्षा ११-१२ मा विज्ञान तथा प्रविधि विषयको पढाइ सञ्चालन | सङ्ख्या | | १ | | | | १ | १ | गाउँपालिका र विद्यालय |
| ८ | अभिभावकलाई अभिमुखिकरण र सचेतना गोष्ठी सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका र विद्यालय |
| ९ | सूचना, कम्प्युटर र प्रविधिको क्षमता विकास कार्यक्रम | प्रतिशत | २५ | २५ | ५० | ५० | १०० | १०० | १०० | गाउँपालिका |
| १० | क्षमतामा आधारित प्रधानाध्यापकको व्यवस्था | प्रतिशत | ५० | ५० | १०० | १०० | १०० | १०० | १०० | गा.पा. |
| ११ | शिक्षक तालिम सञ्चालन | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० | प्रत्येक वर्ष माग र आवश्यकताको आधारमा सञ्चालन गरिने |
| १२ | माध्यमिक तहका उत्कृष्ट कार्यसम्पादन गरी उत्कृष्ट नतिजा हासिल गर्ने शिक्षकहरूलाई पुरस्कार र सम्मान कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | ११ | गाउँपालिकाले निश्चित मापदण्ड र आधार बनाई वर्षेनी प्रदान गर्ने |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **१३** | माध्यमिक तहका कक्षा १० र १२ मा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरूलाई पुरस्कार र सम्मान कार्यक्रम | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिकाले निश्चित मापदण्ड र आधार बनाई वर्षेनी प्रदान गर्ने |
| **१४** | विद्यालयमा नक्साङ्कन, दरबन्दी पुनर्वितरण र थप गर्न पहल गर्ने | प्रत्येक वर्ष | १ | | | | | १ | २ | गाउँपालिका |
| **१५** | प्राविधिक विद्यालय सञ्चालन | संख्या | | १ | | | | १ | २ | गाउँपालिका |
| **१६** | अतिरिक्त क्रियाकलाप सञ्चालन | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ५ | १२ | विद्यालय र गाउँपालिका |

## ३.४ पाठ्यक्रम र मूल्याङ्कन

३.४.१ परिचय

(क) पाठ्यक्रमको परिचय

पाठ्यक्रम शैक्षणिक क्रियाकलापको व्यवस्थित योजना हो । यो सिकाईको मेरुढण्ड हो । पाठ्यक्रमकै आधारमा समग्र शैक्षणिक गतिविधिहरु सञ्चालन गरिन्छ । पाठ्यक्रमले विद्यार्थीको मानसिक, सामाजिक, संवेगात्मक र शारीरिक लगायतका सर्वाङ्गीण विकास गरी उसका लागि आवश्यक पर्ने ज्ञान, सीप, क्षमता प्रदान गर्न मार्ग प्रशस्त गर्नुका साथै व्यावहारिक जीवनमा आईपर्ने समस्या समाधान गर्न सहयोग पुऱ्याउने भएकोले शिक्षण प्रक्रियामा यसको विशिष्ट स्थान रहेको हुन्छ । पाठ्यक्रमले समग्र विद्यालय शिक्षाको दृष्टिकोण, नीति र उद्देश्यलाई प्रतिनिधित्व गर्दछ, शिक्षण सिकाइ प्रक्रियालाई दीशानिर्देश गर्दछ । यसले विद्यालयमा विद्यार्थीलाई के पढा

उने, कसरी पढाउने, किन पढाउने, कति पढाउने जस्ता कुराहरूको खाका प्रदान गर्दछ । यसैको आधारमा विद्यालयको समग्र गतिविधिहरू सञ्चालन हुन्छन् । तसर्थ, पाठ्यक्रम शिक्षा पद्धतिलाई सञ्चालन गर्ने मुख्य मार्गदर्शन हो, आधारशिला हो, शैक्षिक कार्यक्रमको रूपरेखा हो ।

पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरू, सिकाइ प्रक्रियाहरू एवम् विषयवस्तुहरू तथा ज्ञानको प्रकृति समेतलाई मध्यनजर गरी प्रत्येक बालकको क्षमता, रुचि, आवश्यकता र सम्भावनाहरूलाई पहिचान गरेर विस्तृत योजना प्रस्तुत गर्दछ । पाठ्यक्रम विकास निरन्तर प्रक्रिया हो जुन व्यक्ति, समाज र राष्ट्रको आवश्यकता र चाहनाअनरूप परिवर्तन भईरहन्छ । पाठ्यक्रमले ज्ञान र अनुभवलाई पुननिर्माण गर्दै व्यक्तिमा व्यक्तिगत र समाजमा सामाजिक निपुणतामा अभिवृद्धि ल्याउँछ । पाठ्यक्रमले बालबालिकाको वातावरण, ज्ञान र अनुभवको क्षेत्र तथा सामाजिक परिवेशलाई समेट्दछ । समयको परिवर्तनसँगै स्वभाविक रूपमा व्यक्ति र समाजका आकाङ्क्षाहरू पनि परिवर्तन हुन्छन् ।

हरेकराष्ट्र र समाजका आवश्यकताहरू फरक फरक हुन्छन् । समाजको प्रकृति र बनावट, समुदायको स्रोत साधन, समाजले अँगालेको शैक्षिक प्रविधि, विद्यालय व्यवस्था, मूल्य मान्यता, उपलब्ध शैक्षिक जनशक्ति, विज्ञान र प्रविधिको विकास, व्यावसाय र रोजगार आदिका कारणहरूले पाठ्यक्रममा सुधार वा परिमार्जन गरिनुपर्दछ र सोही अनुसार स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ । केन्द्रमा निर्माण गरेको

पाठ्यक्रमले सबै क्षेत्र र स्थानीय तहको आवश्यकतालाई समेट्न कदापि सक्दैन। सामाजिक विभिन्नताहरूलाई समेट्न र प्रोत्साहन गर्न स्थानीय पाठ्यक्रमको प्रावधान पाठ्यक्रम विकास केन्द्रले गरेको छ। कक्षा १ देखि ८ (आधारभूत तह) मा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम लागू गर्नुपर्ने प्रावधान हाम्रो वर्तमान पाठ्यक्रमले राखेको छ। प्राथमिक तहको सामाजिक अध्ययन, सिर्जनात्मक तथा शारीरिक क्रियाकलाप विषयमा २०% स्थानीय तहले निर्माण गर्ने व्यवस्था छ। कतिपय स्थानीय तहहरुमा स्थानीय पाठ्यक्रमको लागी बजेट विनियोजन भए पनि निर्माण गर्न सकिएको अवस्था छैन।

**(ख) मूल्याङ्कनको परिचय**

मूल्याङ्कन कार्यक्रमको प्रभावकारिता जाच्ने कसी हो। यसले समग्र शैक्षिक गतिविधिको स्थान पत्ता लगाई सुधारका लागि मार्गदर्शन गर्छ। पाठ्यक्रमले तोकेको उद्देश्य कति मात्रामा पूरा भए भनि लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। पाठ्यक्रमद्धारा निर्धारित उद्देश्य प्राप्तिका लागि शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरिन्छ। शिक्षण सिकाइ क्रियाकलापको परिणामस्वरूप प्राप्त भएका उपलब्धिहरू वा विद्यार्थीको व्यवहारमा आएका परिवर्तनहरू उद्देश्यअनुरूप छन् वा छैनन् र निर्धारित उद्देश्यहरू के कति मात्रामा पूरा भए भनी लेखाजोखा गर्ने प्रक्रिया मूल्याङ्कन हो। यसबाट उद्देश्य पूरा हुन नसकेका विद्यार्थीको सिकाइमा सुधार गर्न निर्देशित गर्दछ भने उद्देश्य प्राप्त भएमा थप सिकाइका लागि विद्यार्थीलाई प्रोत्साहित गर्न जोड दिन्छ। मूल्याङ्कनले विद्यार्थीको समस्या र कमजोरीहरूका सन्दर्भमा आवश्यक पृष्ठपोषण प्रदान गर्छ र आगामी दिनहरूमा उनीहरूले सुधार गर्नुपर्ने पक्षहरूको बारेमा जानकारी दिन्छ। वराहपोखरी गाउँपालिकामा रहेका शिक्षालयहरूमा पाठ्यक्रम प्रारूपले निर्धारण गरेको मूल्याङ्कन प्रणालीलाई अवलम्बन गर्दै आएको अवस्था छ।

वराहपोखरी गाउँपालिकाभित्र प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म (विद्यालय तह) को लागि पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेको पाठ्यक्रमका विविध पक्षहरू, स्थानीय पाठ्यक्रमको विकास र यसको कार्यान्वयनतथा मूल्याङ्कनसम्बन्धी वर्तमान अवस्था तथा चुनौतीहरू पहिचान गर्दै विद्यालय तहको पाठ्यक्रमलाई अझ सान्दर्भिक बनाउन यसको प्रभावकारी कार्यान्वयन गर्न पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी यस योजनाका उद्देश्यहरू, रणनीतिहरू, अपेक्षित प्रमुख नतिजा, मुख्य-मुख्य कार्यक्रमहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ३.४.२ पाठ्यक्रमको वर्तमान अवस्था

नेपालमा वि.सं. २०२८ सालको राष्ट्रिय शिक्षा पद्धति योजनाले राष्ट्रिय शिक्षा प्रणालीको स्थापना र शिक्षाको गुणात्मक र स्तरयुक्त विकासमा जोड दिएको थियो र विद्यालय तहको पाठ्यक्रम, पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीको विकास र कार्यान्वयन गर्न पाठ्यक्रम विकास केन्द्रको स्थापना भयो। यसका अतिरिक्त नेपालको शैक्षणिक प्रणालीमा थुप्रै पाठ्यक्रमहरू निर्माण भई कार्यान्वयन भए। विद्यालय तहको पाठ्यक्रम विकास गरी कार्यान्वयन गर्दै सुधार र अद्यावधिक गर्ने क्रममा वि.सं. २०६३ सालमा नेपालमा पहिलो पटक विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप मूल दस्तावेजको रूपमा कार्यान्वयन भयो। देश, काल र परिस्थितिअनुसार पाठ्यक्रम पनि परिमार्जन गर्दै ज्ञानको विकास तथा विस्तार, प्रविधिमा हुने परिवर्तन र स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवर्तित शैक्षिक मुद्दाहरूलाई सम्बोधन गर्न सक्ने गतिशील दस्तावेजको रूपमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तयार भई हाल कार्यान्वयनको चरणमा रहेको छ। यो पाठ्यक्रम प्रारूप वि.सं. २०७७ सालमा कक्षा १ र ११ मा कार्यान्वयन भयो भने वि.सं. २०७८ सालमा कक्षा २, ३ र १२ मा लागू भयो। वि.सं. २०८० सालसम्मका सबै कक्षाहरूमा लागू भईसक्नेछ।

वराहपोखरी गाउँपालिकाले पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरद्धारा प्रकाशन गरी नेपाल सरकारद्धारा स्वीकृत पाठ्यक्रम मुख्य रूपमा लागू गर्दै आएको छ। गाउँपालिकाद्धारा कक्षा १ देखि ८ (आधारभूत तह) को लागि १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी परीक्षणको लागि अन्तिम तयारीमा रहेको छ।

गाउँपालिकाद्धारा निर्मित स्थानीय विषयले यस पालिकाको समग्र वस्तुस्थिति झल्काई शैक्षिक विकेन्द्रीकरणलाई प्रवर्धन गर्दछ। पाठ्यक्रमलाई समसामयिक, सान्दर्भिक, लचिलो, सन्तुलित, खुला र स्थानीय मूल्यमान्यताअनुरूप लोकतान्त्रिक बनाउन स्थानीय पाठ्यक्रमको आवश्यकता परेको हो।

अन्य विषयको हकमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसारको पाठ्यक्रम संरचनालाई लागू गरिएको छ। आधारभूत तहको कक्षा ६–८ मा संस्कृत/गुरुकुल/वेद विद्याश्रम शिक्षा र गोन्पा तथा विहार/मदरसा शिक्षा गरी तीन धारको पाठ्यक्रम संरचना र माध्यमिक तहको ९–१२ सम्म साधारण शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र परम्परागत शिक्षा गरी तीन धारका पाठ्यक्रम संरचना निर्धारण गरिएता पनि साधारण धारलाई मात्र वराहपोखरी गाउँपालिकामा लागू भएको अवस्था छ।

विद्यालय शिक्षाको तहगत संरचना र उमेर नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ। एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा शिक्षापछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ भने कक्षा कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ। माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने छ। माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास समेटिएको छ। बालमनोविज्ञान, सिकारुको उमेर तथा सिकाइ क्षमतास्तरका आधारमा विद्यालय शिक्षाको तहगत र कक्षागत खाका देहायबमोजिम रहेको छ।

**तालिका नं. : ३.६**

**वर्तमान विद्यालय शिक्षाको तहगत र कक्षागत खाका (राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्धारण गरेअनुसार)**

| क्र.सं. | तह | कक्षा | उमेर समूह | विषयहरू | सिकाइ क्षमतास्तर |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बाल विकास र शिक्षा | प्रारम्भिक बाल विकास र शिक्षा | ४ वर्ष | ☞ आधारभूत सीप सिकाइ क्षेत्रअनुसार : यस तहमा बालबालिकाको शारीरिक, संवेगात्मक, सामाजिक, नैतिक, बौद्धिक, मानसिक, स्वास्थ्य, सुरक्षा, पोषण र सिर्जनात्मक सीपहरू हासिल गर्नेछन्।<br>☞ विषयगत सीप सिकाइका क्षेत्रअन्तर्गत : भाषिक सीप, पूर्वगणितीय सीप, दृष्यकला, कार्यतरिका, सिर्जनशीलता, वरपरको वातावरण, सामाजिक सीप हासिल गर्नेछन्। | |
| २. | आधारभूत शिक्षा | कक्षा१–३ | ५ वर्षदेखि ७ वर्षसम्म | ☞ भाषिक सीप विकाससम्बन्धी क्रियाकलाप (नेपाली)<br>☞ गणितीय सीप विकासम्बन्धी क्रियाकलाप<br>☞ विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | तह १ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ☞ सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप<br>☞ मातृभाषाको सीप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | |
| | | कक्षा४–५ | ८ देखि ९ वर्षसम्म | ☞ नेपाली<br>☞ अङ्ग्रेजी<br>☞ गणित<br>☞ विज्ञान तथा प्रविधि<br>☞ सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा<br>☞ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला<br>☞ मातृभाषा/स्थानीय विषय | तह २ |
| | | कक्षा६–८ | १० देखि १२ वर्षसम्म | ☞ नेपाली<br>☞ अङ्ग्रेजी<br>☞ गणित<br>☞ विज्ञान तथा प्रविधि<br>☞ सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा<br>☞ स्वास्थ्यतथा शारीरिक शिक्षा<br>☞ मातृभाषा/स्थानीय विषय | तह ३ |
| ३. | माध्यमिक शिक्षा | कक्षा९–१० | १३ देखि १४ वर्षसम्म | ☞ नेपाली<br>☞ अङ्ग्रेजी<br>☞ गणित<br>☞ विज्ञान तथा प्रविधि<br>☞ सामाजिक अध्ययन<br>☞ ऐच्छिक प्रथम<br>☞ ऐच्छिक द्वितीय | तह ४ |
| | | कक्षा११–१२ | १५ देखि १६ वर्षसम्म | ☞ नेपाली<br>☞ अङ्ग्रेजी<br>☞ सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा<br>☞ ऐच्छिक प्रथम<br>☞ ऐच्छिक द्वितीय<br>☞ ऐच्छिक तृतीय | तह ५ |

३.४.३ पाठ्यक्रम तथा मूल्याङ्कनका अवसर र चुनौतीहरू

**(क) अवसरहरू**

१ आधारभूत तह कक्षा १-८ मा स्थानीय तहको आवश्यकता र पहुँचको आधारमा आफ्नो स्थानीय पाठ्यक्रम निर्माण र लागू गर्न।
२ सामाजिक अध्ययन र सिर्जनात्मक कला विषयमा २०% स्थानीय विषयवस्तु निर्माण गर्न सकिने प्रावधान हुनु।
३ नयाँ नयाँ प्रविधि र शिक्षण प्रक्रियाका नवीनतम् अवधारणाहरूको विकासले पाठ्यक्रम कार्यान्वयन सहज र प्रविधियुक्त बन्दै जानु।
४ केन्द्रीय स्तरमा पाठ्यक्रम आवधिक रूपमा परिमार्जन हुँदा आवश्यकता, ज्ञान र प्रविधिको नयाँ विषयवस्तुहरू तथा क्षेत्रहरू फराकिलो बन्दै जानु।
५ पाठ्यक्रम निर्माण कार्यमा विकेन्द्रीकरण र अधिकार निक्षेपणको अवस्था रहेको।
६ पाठ्यक्रम निर्माण, कार्यान्वयन र प्रबोधिकरणमा राज्यको लगानी र लगाव बढ्दै जानु।
७ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तहलाई क्रमशः जिम्मेवार र जवाफदेही बनाएको अवस्था।
८ पाठ्यक्रम निर्माण, कार्यान्वयन र प्रबोधिकरणमा प्रशस्तै नीतिगत र कानुनी आधार प्राप्त रहेको।
९ स्थानीय तहले मातृभाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी लागू गर्न सकिने व्यवस्था रहेको।

**(ख)चुनौतीहरू**

१ स्थानीय पाठ्यक्रम निर्माण गर्न दक्ष र विज्ञहरुको व्यवस्था गर्नु।
२ स्थानीय पाठ्यक्रमको आवश्यकता पहिचान पद्धति र संयन्त्र पहिचान गरी सोहीअनुरूप निर्माण गरी कार्यान्वयन गर्नु।
३ स्थानीय पाठ्यक्रम निर्माणमा राजनीतिक प्रतिवद्धता र अपनत्व बढाउन।
४ देश, काल र परिवेश अनुसारको विषयवस्तु समावेश गरी पाठ्यक्रम निर्माण गर्न।
५ संस्थागत क्षमता विकास र तत्परतामा बढोत्तरी गर्नु।
६ स्थानीय आवश्यकताका विषय शिक्षण गर्ने शिक्षकको अभाव।
७ स्थानीय पाठ्यक्रम अनुसार शिक्षक निर्देशिकाको विकास गर्न।
८ विद्यार्थीलाई डिजिटल सन्दर्भ सामग्रीको विकास गरी उपलब्ध गराउनु।
९ सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखिकरण र क्षमता विकास।
१० पाठ्यक्रम र मूल्याङ्कनसम्बन्धी अध्ययन र अनुसन्धानप्रति चासो र लगानी शून्य रहनु।
११ स्थानीय पाठ्यक्रम निर्माण गर्दा भौगोलिक, सांस्कृतिक र सामाजिक विविधतालाई सम्बोधन गर्न कठिनाइ हुनु।
१२ सरकारको पर्याप्त लगानी, अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण नहुनु।
१३ पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धमा स्थानीय सरकारको अझैनियमित लगानी र आर्थिक पाटो अस्पष्ट रहनु।
१४ निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी र उचित प्रयोग नहुनु।
१५ परीक्षाबाहेकका मूल्याङ्कनका साधनको प्रयोग नगरिनु। सोको प्रयोगमा अधिकांश शिक्षक अझै अलमलमा रहनु।
१६ नेतृत्व र जिम्मेवार पक्ष यसप्रति उदासिन र कार्यदक्षतामा कमी भएमा समग्र योजना नै असफल हुन सक्ने।
१७ अग्रेजी भाषातर्फ अभिभावकहरुको रुचि घटाउनु।

३.४.४ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी राखेका उद्देश्यहरु निम्नलिखित रहेका छन् :-

१ निर्धारित पाठ्यक्रमको प्रभावकारी कार्यन्वयन गर्न ।
२ स्थानीय परिवेश र आवश्यक्ता अनुसार खास तहमा स्थानीय पाठ्क्रम विकास तथा कार्यन्वयन गर्नु ।
३ पाठ्यक्रम तथा पाठ्यपुस्तकको कार्यन्वयनमा रुकरुपमा ल्याउनु ।
४ विद्यालय तहको मूल्याङ्कन प्रक्रियालाई वस्तुगत बनाउनु ।
५ पाठ्यक्रम निर्माताहरुको क्षमता विकासमा सुधार ल्याउनु ।
६ पाठ्यक्रमलाई सान्दर्भिक, व्यवहारिक, कार्यान्वयनयोग्य, प्रभावकारी बनाउनु ।
७ सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गराउने खालका पाठ्यक्रम निर्माण गर्नु ।
८ विद्यार्थी सिकाइ, विद्यालय शिक्षा र शिक्षण सिकाइ क्रियाकलापविधिलाई विद्यार्थीमैत्री र क्रमशः प्रविधियुक्त बनाउनु ।
९ राष्ट्रिय र स्थानीय आवश्यकता तथा अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेका प्रतिबद्धताहरूलाई सम्बोधन गर्नु ।
१० विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) तय गरेका लक्ष्य तथा उद्देश्यलाई हासिल गर्नु ।
११ पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय तहको भूमिकालाई सुनिश्चित गर्नु ।
१२ पाठ्यक्रमसम्बद्ध समसामयिक पक्षहरूका मुद्दा, चुनौतीहरू पहिचान र विश्लेषण गर्नु।
१३ निरन्तर विद्यार्थी मूल्याङ्कनका सबै पक्षहरूलाई समावेश गर्नु ।

### ३.४.५ रणनीति

पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धी निर्धारण गरिएका उद्देश्यहरु प्राप्त गर्न देहाय बमोजिमका रणनीतिहरु निर्माण र कार्यन्वयन गरिनेछः-

१. कक्षा ८ को पालिकास्तरीय मूल्याङ्कन प्रक्रियालाई गाउँपालिकाको पालिका स्तरीय परीक्षा सञ्चालन कार्यविधिमा उल्लेख भए बमोजिम सञ्चालन गरिनेछ ।
२. स्थानीय विषयवस्तुलाई समावेश गरी ठाउँ सुहाउदो स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
३. स्थानीय पाठ्यक्रम निर्माण गर्दा आफ्नै पालिकासँग सम्बन्धित पर्यटन, कृषि, वातावरण, सामाजिक, आर्थिक, भौगोलिक तथा सास्कृतिक सन्दर्भहरुलाई समावेश गरिनेछ ।
४. सामाजिक, आर्थिक, राजनैतिक, सूचना सञ्चार प्रविधिको विकास र परिवर्तन, ज्ञानको स्वरूप र शैक्षिक अवस्थाको आधारमा पाठ्यक्रमलाई समसामयिक र व्यवहारिक बनाउँदै लगिनेछ ।
५. निर्णयात्मक मूल्याङ्कन र निर्माणात्मक मूल्याङ्कन दुवै प्रक्रियालाई प्रभावकारी ढङ्गले कार्यान्वयनको लागि व्यावहारिक आधारशिला खडा गर्ने ।
६. विपद्, महामारी र सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिनका लागि स्थानीय तहमा कार्यान्वयन गर्न सकिने खालका क्रियाकलाप समेटी पाठ्यक्रम समायोजन ढाँचा निर्माण गर्ने ।
७. पाठ्यक्रम निर्माण, कार्यान्वयन र प्रबोधिकरणसम्बन्धी तालिम र गोष्ठीहरू सञ्चालन गर्ने ।
८. निर्माणात्मक, निर्णयात्मक, प्रयोगात्मक र निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा सञ्चालन गर्नेसम्बन्धी एउटा निश्चित खाका÷प्रारूप निर्माण गर्ने र सोको अनिवार्य प्रयोग र कार्यान्वयन गर्ने गराउने ।
९. आधारभूत तहका कक्षा ३, ५ र ८ मा पालिकास्तरीय वार्षिक परीक्षा सञ्चालन गरी मूल्याङ्कनको आधारमा गाउँपालिकाभरीमा उत्कृष्ट विद्यालय, विद्यार्थी र विद्यालयलाई पुरस्कार प्रदान गर्ने र सम्मान गर्ने ।

१०. गाउँपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयहरूलाई परीक्षा र मूल्याङ्कन कार्य गर्नका लागि आवश्यक भौतिक पूर्वाधार खडा गरिदिने ।

### ३.४.६ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

**(क) उपलब्धि**

वराहपोखरी गाउँपालिकाले आफ्नै मौलिक विषयवस्तुहरु समावेश गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण तथा कार्यन्वयन गरी मूल्याङ्कन प्रक्रियालाई वस्तुगत बनाई पाठ्यक्रमले राखेका अपेक्षा पुरा गर्न सबै सिकारुहरुलाई सक्षम बनाएको हुनेछ ।

**(ख)नतिजा**

१. वराहपोखरी गाउँपालिकाले कक्षा १-८ सम्म १०० पूर्णाङ्कको पाठ्यक्रम निर्माण गरी कार्यन्वयनमा ल्याउने । उक्त कार्यको लगि स्थानीय विषयवस्तु समावेश गर्ने ।
२. आवश्यकतानुसार पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई प्रत्येक वर्ष अद्यावधिक भएको हुने ।
३. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामाग्री निर्माणमा स्थानीय जनशक्तिको क्षमता विकास भएको हुने ।
४. शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्गमैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष र प्रभावकारी हुने ।
५. प्रत्येक विद्यालयले निर्माणात्मक र निरन्तर मूल्याङ्कनको साधनहरू उचित तवरले प्रयोग गरेको हुने ।
६. विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई निरन्तर मूल्याङ्कनका मापदण्डमा आधारित गर्ने ।

**(ग) प्रमुख क्रियाकलापहरूतथा लक्ष्यहरू**

तालिका नं. ३.७ : पाठ्यक्रम तथ मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| स्थानीय पाठ्यक्रम सम्बन्धी | | | | | | | | | | |
| १. | स्थानीय पाठ्यक्रम निर्माण, प्रबोधिकरण र कार्यान्वयन | सङ्ख्या | | १ | १ | | | २ | ४ | गाउँपालिका शिक्षा शाखा |
| २. | पाठ्यसामग्री विकास र अभिमुखिकरण तालिम सञ्चालन | सङ्ख्या | १ | १ | | | | २ | ४ | गाउँपालिका शिक्षा शाखा |
| ३. | शिक्षक निर्देशिका विकास र प्रबोधिकरण | सङ्ख्या | १ | १ | | | | २ | ४ | गाउँपालिका शिक्षा शाखा |
| ४. | स्थानीय पाठ्यक्रम परिमार्जन | सङ्ख्या | | | | १ | १ | २ | ४ | गाउँपालिका शिक्षा शाखा |
| मूल्याङ्कन सम्बन्धी | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५. | निरन्तर विद्यार्थी मूल्याङ्कन र निर्माणात्मक मूल्याङ्कनसम्बन्धी तालिम सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | आवश्यकताका आधारमा सङ्ख्या थपघट गर्न सकिने |
| ६. | मूल्याङ्कन प्रणालीमा सूचना तथा सञ्चारको पहुँच स्थापना | वटा | | १ | १ | | | २ | ४ | सबै विद्यालयहरूमा गाउँपालिकाले व्यवस्था गर्ने |
| ७. | कक्षाकोठामा आधारित परीक्षण तथा मूल्याङ्कनका आधार तथा नमूनाको विकास र प्रबोधिकरण (पृष्ठपोषण र अभिलेखनसमेत) | वटा | १ | | | | | १ | २ | गाउँपालिकाले सबै विद्यालयलाई समेट्न सक्ने खालका सामग्रीको विकास गर्ने |
| ८. | मूल्याङ्कन प्रणालीसँग सम्बन्धित डिजिटल सामग्रीको विकास | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| ९. | परीक्षा तथा मूल्याङ्कनसम्बन्धी अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण आदिको प्राविधिक सहायताको लागि स्थानीय विज्ञ प्राविधिक संयन्त्रको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिकाद्वारा १० सदस्यीय प्राविधिक सहयोग संयन्त्र बनाउने |

## ३.५ शिक्षक व्यवस्थापन तथा विकास

### ३.५.१ परिचय

शिक्षक देश विकासका मेरुदण्ड मानिने बालबालिकाहरुको भविष्य निर्माता हुन् । शैक्षिक उपलब्धी हासिल गराउन सहजिकरण गर्ने सहजकर्ता, मूल्याङ्कनकर्ताको भूमिका शिक्षकले नै पाएको हुन्छ । त्यसैले शिक्षण सिकाइ प्रक्रियामा शिक्षकको स्थान उच्च रहेको हुन्छ । शिक्षण सिकाइ प्रक्रियामा पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, शिक्षण पद्धति आदिको प्रभावकारी स्थान रहेता पनि शिक्षकले उपयुक्त वातावरण सिर्जना गरी सबैको उचित प्रयोग गरी विद्यार्थीलाई आवश्यक ज्ञान र सीप प्रदान गर्न सकेमा मात्र शिक्षण सिकाइले सार्थकता पाउँछ । त्यसैले, शिक्षण प्रक्रियाको केन्द्रीय व्यक्ति नै शिक्षक हो । प्राचीन समयमा शिक्षकको सम्मान सर्वोपरी हुने गर्दथ्यो । उनीहरूको जीवनमार्ग समाजको सबै वर्गमा अनुकरणीय हुन्थ्यो । आज पनि शिक्षकको स्थान समाजमा सम्मानजनक र महत्वपूर्ण रहेकै छ । समाजमा रहको अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई योग्य बनाउन शिक्षकको जिम्मामा विद्यालय पठाउँछन् । शिक्षकले विद्यार्थीलाई अक्षरारम्भदेखि उच्च शिक्षासम्म सिकाइमा सहयोग गरेको हुन्छ । शिक्षकले विद्यार्थीमा अध्ययनप्रति जिज्ञासा उत्पन्न गराउँछ, पढ्न प्रेरणा दिन्छ, नयाँ नयाँ ज्ञान, सिप र धारणा सिकाउँछ, परिश्रम गर्न सिकाउँछ र भविष्यको मार्गदर्शन गराउँछ ।

शिक्षक समाजका लागी आदर्श व्यक्ति हो । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य र सक्षम हुनुपर्दछ । शिक्षक व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुनुपर्दछ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणको लागि शैक्षणिक सामग्री निर्माण र प्रयोग, विद्यार्थी मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान जस्ता कार्यहरू सहज र व्यवस्थित ढङ्गले सम्पन्न गर्नुपर्ने हुन्छ । शिक्षकमा विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ कार्यमा दक्षता र आफैमा नमूना व्यक्तित्वको रूपमा रहनुपर्दछ जसले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पारिरहेको हुन्छ । शैक्षिक जनशक्ति विकास केन्द्रले २०७२ सालमा शिक्षकको ८ वटा सक्षमताहरू निर्धारण गरेको छ । सो सक्षमताहरूलाई यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ । जस अनुसार विषयवस्तुको ज्ञान, शिक्षण

सिकाइका तौरतरिका सम्बन्धी ज्ञान, बालबालिका वा सिकारु सम्बन्धी ज्ञान, सिकाइ वातावरण तथा कक्षा व्यवस्थापन, सञ्चार तथा सहकार्य, निरन्तर सिकाइ र पेसागत विकास, कानुनी आधार तथा पेशागत आचारसंहिता र सूचना तथा सञ्चार प्रविधि रहेका छन् ।

वर्तमान अवस्थामा शिक्षक तयार पार्ने काम विश्वविद्यालयहरू तथा विद्यालयहरू (साविकको उच्च मावि) ले गरिरहेका छन् । साविकको प्लस टु, स्नातक र स्नातकोत्तरमा शिक्षा सङ्कायमा कुनै एक मुख्य विषय लिएपछि र अन्य सङ्काय अध्ययन गरेकाले एक वर्षे बी.एड. उत्तीर्ण गरेका व्यक्ति शिक्षक सेवा आयोगले लिने अध्यापन अनुमति पत्रको परीक्षामा उम्मेद्वार हुन पाउने व्यवस्था रहेको छ । यसरी हेर्दा शिक्षा सङ्कायलाई शिक्षक बन्ने मूलढोकाको रूपमा लिन सकिन्छ । यद्यपि शिक्षकको अभाव हुने भएकोले अङ्ग्रेजी, गणित, विज्ञान, लेखा कम्प्युटर, सिभिल ईन्जिनियर, पशुपालन वा बाली विज्ञान विषयमा स्नातक गरेका व्यक्तिले माध्यमिक तहको अस्थायी अध्यापन अनुमति पत्र वा शिक्षक पदको लागि लिईने परीक्षामा उम्मेद्वार बन्न सक्ने व्यवस्था शिक्षक सेवा आयोग नियमावलीमा छ । अन्य सङ्काय पढेकाले पनि अध्यापन पेशालाई अँगाल्न सक्छन् तर एक वर्षे बी.एड्. अनिवार्य रूपमा उत्तीर्ण गर्नुपर्ने वा १० महिने तालिम लिनुपर्ने हुन्छ । शिक्षा ऐनको सातौ संशोधन २०५८ ले शिक्षक बन्न शिक्षक बन्नलाई अध्यापन अनुमति पत्र अनिवार्य गरेको थियो ।

यस योजनामा गाउँपालिकाको समग्र गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षकलाई सिकाइका लागि सधैं तत्पर रहने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षकको पेशागत विकासलाई सुदृढ बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार र जवाफदेही बनाउने, औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ । यस योजनामा शिक्षक व्यवस्थापन र विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस वराहपोखरी गाउँपालिकाले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्न अपनाईने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ३.५.२ वर्तमान अवस्था

वराहपोखरी गाउँपालिकामा ३५ वटा विद्यालयहरू सञ्चालित छन् । यी विद्यालयहरूमा स्थायी दरबन्दी, अस्थायी दरबन्दी करार, राहत, गाउँपालिका शिक्षण सिकाइ अनुदान र विद्यालयको स्रोतबाट राखेको निजी शिक्षक गरी ५ प्रकारका शिक्षकहरू कार्यरत रहेका छन् । स्थायी दरबन्दी शिक्षकहरूमा शिक्षक सेवा आयोगले खुला र आन्तरिक प्रतिष्पर्धा गराई नियुक्त भएका शिक्षकहरू छन् । अस्थायी करार, राहत, शिक्षण सिकाइ अनुदान कोटा गाउँपालिकाले वितरण गरेको कम्प्यूतर शिक्षक अनुदान कोटा शिक्षकमा रिक्त रहेको दरबन्दीमा विद्यालयले विज्ञापन आव्हान गरी विद्यालयले नै गठन गरेको शिक्षक छनोट समिति र गाउँपालिका शिक्षा शाखाको सहकार्यद्धारा शिक्षक सेवा आयोगको मापदण्ड अनुसार लिखित तथा अन्तरवार्ता दुवै परीक्षामा सफल भएका उम्मेदवारलाई करारमा नियुक्ति गरिन्छ । शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार शिक्षक हुनका लागि अध्यापन अनुमति पत्र अनिवार्य हुनुपर्ने, बढुवाको लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेशाको सुरक्षालगायतका कारणले शिक्षण पेशा पनि आकर्षक पेशाको रूपमा स्थापित भईरहेको अवस्था छ । शिक्षक सेवा आयोगद्वारा समय समयमा आन्तरिक र खुला विज्ञापन गरी परीक्षामा उत्कृष्ट भएका उम्मेद्वारलाई नियुक्ति गर्ने भएको हुँदा योग्य र सिर्जनशील युवाहरू यस पेशाप्रति आकर्षित भईरहेको पाईन्छ । शिक्षक सेवा आयोगले वार्षिक कार्यतालिका निर्धारण गरी नियमित रूपमा शिक्षक सेवा आयोगको विज्ञापन गरेमा शिक्षण पेसामा क्षमतावान् र उत्कृष्ट नवप्रतिभाशाली व्यक्तिहरू यस पेशामा संलग्न हुने मौका पाउने थिए । शिक्षक सेवा आयोगद्वारा नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति र पदस्थापन गर्ने

कार्यको थालनी भएको छ । यद्यपि नियमित रूपमा खुला प्रतियोगिता गरी स्थायी नियुक्ति गर्न सकेमा शिक्षण पेसा थप आकर्षण बढ्नेछ ।

## शिक्षक तयारी

शिक्षक कलाकार हो । आफ्नो शैक्षणिक कलाबाट कुशल रुपमा विषयवस्तुहरु विद्यार्थीहरुमा संप्रेषण गरी सिकाई उपलब्धी हासिल गराउने जिम्मेवारी शिक्षकमा रहन्छ । शिक्षक र विद्यार्थीबीच विषयवस्तुमा कति गहन रूपमा अन्तरक्रिया र सबलीकरण भयो, त्यति नै निर्दिष्ट उद्देश्य हासिल हुन्छ र गुणस्तरीय र प्रभावकारी सिकाइ हुन्छ । शिक्षकले सधै विद्यार्थीको सिकाइलाई महत्व दिँदै उसको सकारात्मक र गुणात्मक विकासमा अनवरत रूपले सहयोगी भूमिका खेल्नुपर्दछ । एउटा चिनियाँ उखानले भनेझै शिक्षक जति जोसिलो र सक्रिय हुन्छ त्यति नै विद्यार्थीको सिकाइप्रतिको लगाव पनि अभिवृद्धि हुन्छ । शिक्षक निष्क्रिय र अठोटविहिन भएमा विद्यार्थीमा रहेको अनेकन् सम्भावनाका आयामहरू त्यत्तिकै मरेर जान्छ र उनीहरूको अमूल्य जीवन व्यर्थ बन्छ । शिक्षकले प्रत्येक विद्यार्थीको क्षमता र चाहनालाई गहिरो तवरले बुझेर अध्यापन गर्नु वर्तमान समयको प्रमुख आवश्यकता रहेको छ । यदि शिक्षकले आजको युगले मागेको मूलभूत विषयहरू विद्यार्थीलाई प्रदान गर्न सक्दैन भने एक जना विद्यार्थी मात्र होइन एक राष्ट्र नै अधोगतितिर जाने भएको हुँदा देश विकासको मुख्य आधारशिलाको रूपमा शिक्षालाई लिईन्छ । यसर्थ शिक्षक योग्य, सिर्जनशील, तालिमप्राप्त, नवप्रवर्तक, स्रोतपूर्ण, बहुआयामिक आदिजस्ता विशिष्ट गुणहरू हुनुपर्दछ जुन अन्य पेशामा आबद्ध व्यक्तिमा नहुँदा पनि फरक पर्दैन । शिक्षक आफैमा सबथोक त होइन तर सबैको प्रतिभा अवस्था रूची र क्षमताको सम्बोधन गर्न सक्ने हुनुपर्दछ ।

शिक्षक सेवा आयोग नियमावली २०५७ ले शिक्षक पदका लागि लिईने परीक्षामा उम्मेद्वार बन्न तहगत रूपमा शैक्षिक योग्यता र तालिमको निर्धारण गरेको छ । नेपालका विभिन्न विश्वविद्यालयहरूबाट प्रदान गरिने बी.एड्. र एम्.एड्. कोर्ष पूरा गरेपछि अध्यापन अनुमति पत्र लिनका लागि योग्य मानिन्छ । शिक्षा ऐन २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ ले व्यवस्थाअनुसार प्राथमिक (कक्षा १-५) र निम्न माध्यमिक तह (कक्षा ६-८) को लागि शिक्षक बन्न बराबर योग्यता तोकेको छ । यस तहका लागि प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ वा सोसरह र तालिम प्राप्त हुनुपर्दछ । त्यस्तै माध्यमिक तह (कक्षा ९-१०) का लागि स्नातक वा सोसरह उत्तीर्ण व्यक्ति माध्यमिक शिक्षकको लागि उम्मेद्वार बन्न सक्ने भनी निर्धारण गरिएको छ । यसै गरी हाल लागू भईरहेको विद्यालय शिक्षा पाठ्क्रमले कक्षा ११ र १२ लाई पनि विद्यालय तहमा नै समाहित गरेअनुरूप माध्यमिक तह (कक्षा ११-१२) को शिक्षक बन्नका लागि स्नातकोत्तर वा सोसरह उत्तीर्ण गरेको व्यक्ति हुनुपर्नेछ । शिक्षक बन्नका लागि शैक्षिक योग्यतका अलवा अन्य पक्षहरूको पनि ज्ञान हुनुपर्ने कुरा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम २०७६ द्वारा ८ वटा शिक्षकका सक्षमताहरू आवश्यक पर्दछ भनी उल्लेख गरेको छ । ती सक्षमताहरू यसप्रकार रहेका छन् :

- विषयवस्तुको ज्ञान
- शिक्षण सिकाइको तौरतरिकासम्बन्धी ज्ञान
- बालबालिका वा सिकारूसम्बन्धी ज्ञान
- सिकाइ वातावरण तथा कक्षा व्यवस्थापनसम्बन्धी ज्ञान
- सञ्चार तथा सहकार्य
- निरन्तर सिकाइ र पेशागत विकास
- कानूनी आधार तथा पेसागत आचारसंहिता

☞ सूचना तथा सञ्चार प्रविधि

## शिक्षण सिकाइ क्रियाकलाप

शिक्षक, विद्यार्थी र विषयवस्तुबीचको त्रिपक्षिय अन्तरक्रिया नै शिक्षण सिकाइ हो । सिक्षण सिकाइमा शिक्षकले सहजकर्ताको भुमिका निर्वाह गर्नुपर्छ र बालमैत्री वातावरण अनुकूल शैक्षणिक गतिविधि सञ्चालन गर्नुपर्छ । शिक्षकले कक्षाभित्र वा बाहिर गर्ने सम्पूर्ण क्रियाकलापहरू नै शिक्षण सिकाइ क्रियाकलाप हुन् । विषयवस्तुलाई कसरी विद्यार्थीसमक्ष पुऱ्याउने वा प्रस्तुत गर्ने भन्ने कला शिक्षण सिकाइ क्रियाकलाप हो । विषयवस्तुलाई प्रभावकारी ढङ्गले प्रस्तुत गरेमा मात्र विद्यार्थीले सजिलै ज्ञान, सीप र धारणा हासिल गर्छन् । शैक्षणिक वातावरणसँग सम्बन्धित शिक्षक, विद्यार्थी, पाठ्यवस्तु शैक्षिक सामग्री आदिका बीचको योजनाबद्ध र नियन्त्रित सम्बन्धबाट शिक्षण सिकाइ क्रियाकलापहरूको चयन गर्नुपर्ने हुन्छ । विद्यार्थीले सिकेनन् भने शिक्षकले पढाएको व्यर्थ रहन्छ । अतः सिकाइलाई सार्थक र दीगो बनाउनका लागि विद्यार्थीको स्तर, विषयवस्तुको प्रकृति, विद्यार्थीको विभिन्नता, उनीहरूको पूर्वज्ञान आदिलाई समेट्ने गरी शिक्षण सिकाइ प्रक्रिया अबलम्बन गर्नुपर्ने हुन्छ । वर्तमान विद्यालय तहको पाठ्यक्रमले शिक्षण सिकाइ प्रक्रियालाई विद्यार्थी केन्द्रीत,  प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित, सामाजिक वा सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ । विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४-२०७७/०७८) ले शैक्षणिक अभ्यासको सुधारमार्फत नै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुन्छ भन्ने मान्यता बोकेको पाईन्छ । गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलापबाट शिक्षाको स्तरमा सुधारको अपेक्षा गर्न सकिन्छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय सिकाइ सहजीकरण क्रियाकलाप र सामग्रीको व्यवस्थाबारे निम्न मुख्य बुँदाहरू उल्लेख गरेको छ :

१. सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधिको प्रयोगलाई जोड दिईनेछ ।
२. विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्रभ्रमण, समस्या समाधान, खोजमा आधारित अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरणका विधिका रूपमा कार्यान्वयनमा ल्याउनेछ ।
३. सबै प्रकारका सिकाइ आवश्यकता र चाहना (अपाङ्गता भएका, अशक्त, असहाय, कमजोर आदि) भएका विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाईनेछ ।
४. खोजमुखी, अन्तरक्रियात्मक तथा प्रवर्तनात्मक सिकाइ क्रियाकलापमा जोड दिईनेछ ।
५. प्रयोगात्मक कार्य (Practical Work)सञ्चालनलाई सिकाइ सहजीकरण क्रियाकलापको अभिन्न अङ्गको रूपमा स्थापित गरिनेछ ।
६. अतिरिक्त क्रियाकलाप/सहकार्यकलापलाई सिकाइ सहजीकरण क्रियाकलापसँग आबद्ध गरी विद्यार्थीको चौतर्फी विकासमा ध्यान दिईनेछ ।
७. सिकाइ सहजीकरणका लागि आवश्यक पर्ने न्यूनतम सामग्री विद्यालयमा अनिवार्य रहनुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याईनेछ ।

## शिक्षक पेशागत सहयोग पद्धति

एउटा शिक्षकमा विषयवस्तु, शैक्षिक सामाग्री, शिक्षण विधि, उपयुक्त शैक्षणिक क्रियाकलाप तथा मूल्याङ्कण प्रणालीको ज्ञान आवश्यक हुन्छ । एउटा योग्य शिक्षक भन्नाले विविध शिक्षण विधिहरूको प्रयोग गरी शिक्षण गर्न सक्ने, विद्यार्थीहरूको सिकाइको अवसरमा पहुँच उपलब्ध गराउन सक्ने, उनीहरूको सिकाइ प्रक्रियाबाटै विद्यार्थीहरूको सिकाइ सीप अभिवृद्धिमा मद्दत पुऱ्याउन सक्ने र जीवनपर्यन्त

सिकाइका लागि साधन र स्रोतको पहुँचको व्यवस्था मिलाउन सक्ने व्यक्ति मानिन्छ । वास्तवमा एक जना शिक्षकले आफूमा भएको ज्ञान, सीप र क्षमतालाई परिष्कृत वा पुनर्ताजगी गर्न वा आफूमा भएको अभाव पूर्ति गर्ने वा कमजोरी हटाउन शिक्षक पेसागत सहयोगका विभिन्न उपागमहरूको प्रयोग गरिनुपर्दछ । शिक्षकको पेशागत सहयोग पद्धतिका लागी कक्षा अवलोकन, छलफल, मेन्टरिङ, अनुगमन, सुपरीवेक्षण र पृष्ठपोषण आदानप्रदान, सहपाठीसँगको अन्तरक्रिया, प्रतिबिम्वित अभ्यास, शिक्षक सम्मेलन जस्ता तौर तरिका अभ्यासमा ल्याईएका छन् । यस्ता पद्धतिबाट शिक्षकले आफ्ना कमिकमजोरीहरु सुधार गरी पेशाले मागे अनुसारको दक्षता विकास गर्न सकन्छ ।

नेपालमा शैक्षिक विकासलाई गति दिनका लागि नेपाल सरकारको अनुमतिमा विभिन्न परियोजनाहरू सञ्चालन भएका छन् जसले शिक्षकको पेशागत सहयोग पद्धतिमा सहयोग गर्ने विषयलाई मुख्य उद्देश्यभित्र राखिएको पाईन्छ । नेपालमा शिक्षक पेशागत सहयोगका लागि वि.सं. २०२८ सालमा लागू भएको राष्ट्रिय शिक्षा पद्धति योजना (NESP) ले लिडर र फिडर विद्यालय (Leader and Feeder School) को अवधारणा आएको थियो । यसले प्राथमिक शिक्षकलाई अनिवार्य तालिमको व्यवस्था गरेको थियो । त्यस्तै सुपरीवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक र माध्यमिक विद्यालय निरीक्षकको व्यवस्था गरिएको थियो । वि.सं. २०३८ सालमा ग्रामीण विकासका लागि शिक्षा परियोजना (सेती परियोजना) को मुख्य उद्देश्य शिक्षकलगायत अन्य सम्बद्ध पक्षलाई तालिम दिने रहेको थियो । यसले गुणस्तरीय शिक्षाको प्रमुख आधार तालिम प्राप्त शिक्षक हो भन्ने कुरालाई सर्वप्रथम आत्मसात् गरेको थियो । यस परियोजनाले सञ्चालन गरेको तालिमहरूमा प्राथमिक शिक्षक आधारभूत तालिम, १० महिने शिक्षक तालिम, विद्यालय निरीक्षक तालिम, स्रोतव्यक्तिलाई तालिम, विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई समेत तालिम प्रदान गरेको थियो । वि.सं. २०४१ देखि २०४९ सालसम्म दुई चरणमा ८ वर्षसम्म प्राथमिक शिक्षा परियोजना (PEP) सञ्चालन भएको थियो जसको मूल उद्देश्यमध्ये प्राथमिक विद्यालयका शिक्षकलाई तालिम दिनु र विद्यालय निरीक्षण तथा अनुगमण प्रणालीमा सुधार ल्याउनु रहेको थियो । यसै परियोजनाले स्रोतकेन्द्रको अवधारणा ल्याएको थियो । जसअन्तर्गत माध्यमिक तहका बी.एड्. उत्तीर्ण शिक्षकलाई स्रोतव्यक्तिका रूपमा जिल्ला शिक्षा कार्यालयबाट नियुक्ति गरी विद्यालय निरीक्षकको भूमिकामा काम गर्नु पर्दथ्यो । स्रोतकेन्द्रलाई तालिम तथा गोष्ठी सञ्चालन गर्ने, परीक्षाको समन्वय गर्ने, विद्यालयको वार्षिक कार्यतालिका र योजना तयार गर्ने, विद्यालयको नियमित अनुगमन तथा निरीक्षण गर्ने र स्थानीय समुदायलाई विद्यालय विकासमा समाहित हुन प्रेरित गर्ने जस्ता कार्यहरू तोकिएको थियो । वि.सं. २०४८ सालदेखि २०५२ सालसम्म गरी जम्मा पाँच वर्ष एसियाली विकास बैंङ्कको सहयोगमा प्राथमिक शिक्षा विकास परियोजना (PEDP) सञ्चालन भएको थियो । यस परियोजनाको मुख्य उद्देश्यअनुरूप शिक्षकहरूलाई तालिम प्रदान गर्न छुट्टै संस्थाको रूपमा शैक्षिक जनशक्ति विकास केन्द्र तथा प्राथमिक शिक्षक तालिम केन्द्रको स्थापना भएको थियो । यस्तै यस परियोजनाले तालिमका लागि पाठ्यक्रम र पाठ्यसामग्री तयार गर्ने र विद्यालयका प्रधानाध्यापक र शिक्षकहरूलाई तालिम दिने कार्य गरेको थियो । वि.सं. २०४९ देखि २०५५ सालसम्म आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम र द्वितीय (Basic and Primary Education Plan I & II) ले स्रोतकेन्द्रहरूको विकास र विस्तार गरी शिक्षक तालिमको व्यवस्था गरेको थियो ।

आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम र द्वितीय (Basic and Primary Education Plan I & II) को समाप्तिपछि परियोजनालाई अझ व्यापक र परिणाममुखी बनाई देशभर सञ्चालन गर्ने उद्देश्यका साथ विद्यालय क्षेत्र सुधार योजना (SSRP) वि.सं. २०६१ देखि २०७१ सम्मलागू भयो । यस योजनाले प्राथमिक विद्यालयका शिक्षकमा मात्रै केन्द्रित नभई विद्यालय तहका सम्पूर्ण कक्षाहरूमा शिक्षाको गुणस्तर सुधार गर्न विद्यालयका सम्पूर्ण शिक्षकहरूलाई तालिमप्राप्त गराउने मुख्य उद्देश्य रहेको थियो ।

SSRP को सञ्चालनपश्चातको उपलब्धि र सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन निर्माण भएको विद्यालय क्षेत्र विकास योजना(SSDP) हाल कार्यान्वयनको चरणमा रहेको छ । यो वि.सं. २०७३ साउनदेखि २०८० असारसम्म सञ्चालनमा रहने छ । यस योजनाले शिक्षकको पेशागत विकास तथा व्यवस्थापनलाई अन्तरसम्बन्धित विषयमध्येको प्रमुख क्षेत्रमा समेटेको छ । यस योजनाले शिक्षक पेशागत सहयोग स्रोतकेन्द्र, अगुवा स्रोतकेन्द्र, शैक्षिक तालिम केन्द्र र जिल्ला शिक्षा कार्यालयबाट प्रदान गर्ने प्रबन्ध मिलाएको थियो । सो निकायहरूबाट विद्यालयको निरीक्षण, सुपरीवेक्षण, अनुगमन, कक्षा अवलोकन, कार्यशाला, तालिम, अन्तरक्रिया, बैठक, सेमिनार आदिको सञ्चालन भएसँगै एक प्रकारको शिक्षक पेसागत सहायता प्रणालीको विकास भएको थियो । नेपाल सङ्घीय शासन प्रणालीमा प्रवेश गरेसँगै उल्लिखित सबै संरचनाहरू खारेज भए । हाल केन्द्रमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेशमा सामाजिक विकास मन्त्रालय र शिक्षा विकास निर्देशनालय, जिल्लामा शिक्षा विकास तथा समन्वय एकाइ र स्थानीय तहमा शिक्षा शाखाले शिक्षकको पेशागत सहयोग प्रबन्ध गर्न सक्ने प्रावधान विकास भएको छ । स्थानीय तहले आफ्नो स्थान विशेषको आवश्यकता र औचित्य अध्ययन गरी शिक्षक पेशागत सहयोगको संयन्त्र बनाएर लागू गर्न सक्ने अवसर रहेको छ भने आवश्यक बजेटको अपर्याप्तता र सबै तह र विषयका शिक्षकहरूलाई एकै पटकमा पेशागत सहयोगको निर्धारण गरी सोको प्रभावकारी कार्यान्वयन गर्नु चुनौती रहेको छ । शिक्षक पेशागत सहयोग प्रणालीलाई प्रभावकारी, व्यवहारिक (down-to-earth) र कार्यान्वयनयोग्य बनाउन सबैभन्दा बढी स्थानीय तह र प्रधानाध्यापक जिम्मेवार र सक्रिय हुनुपर्ने देखिन्छ ।

हाल वराहपोखरी गाउँपालिकाले शिक्षक पेशागत सहयोग पद्धति अन्तर्गत IEMIS तालिम, क्षमता विकास तालिम, प्रधानाध्यापक तालिम, विद्यालय अनुगमन तथा पृष्ठपोषण, गोष्ठी, विषयगत शिक्षक तालिमहरू सञ्चालन गर्दै आईरहेको छ ।

### शिक्षक क्षमता विकास कार्यक्रम

शिक्षकको क्षमता विकास कार्यक्रमबाट सक्षम, योग्य, दक्ष र उत्प्रेरित शिक्षक उत्पादन हुन सक्छ र उ शिक्षण कार्य प्रति जिम्मेवार भई शिक्षण सिकाईमा सुधार ल्याउन सक्छ । शिक्षक बहुप्रतिभाशाली र कठिन परिस्थितिमा पनि सहज रूपमा शिक्षण सिकाइ क्रियाकलाप गर्न सक्ने प्रतिभाशाली हुनुपर्दछ । यस्ता गुणहरू विकास गर्न शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गरिनु पर्छ । यसका लागि शिक्षकलाई विभिन्न पेशागत विकासका अवसरहरू निरन्तर रूपमा प्रदान गरिरहनुपर्ने हुन्छ । तालिम, कार्यशाला,सेमिनार, गोष्ठी, कार्यमूलक अनुसन्धान, मेन्टरिङ, अवलोकन भ्रमण, शिक्षकहरूको सिकाइ सञ्जाल आदिबाट शिक्षकको पेशागत विकास सम्भव हुन्छ ।

नेपालमा शिक्षकको पेशागत विकास गर्नका लागि २०२८ सालदेखि हालसम्म विभिन्न परियोजना र कार्यक्रमहरू सञ्चालन भए । शिक्षकहरूको लागि पेशागत तालिमका माध्यमबाट मानव संसाधन विकास गर्न र गुणस्तरीय शिक्षाका लागि शिक्षकहरूको कार्यदक्षतामा वृद्धि गर्ने हेतुले वि.सं. २०५० सालमा केन्द्रीय स्तरको संस्थाको रूपमा शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको थियो । मानव संसाधन विकास कार्यक्रमहरूको विकास तथा कार्यान्वयन गर्ने विभागीय संस्थाको जिम्मेवारी पाई शैक्षिक जनशक्ति तालिम, अनुसन्धान र नीति र कार्यक्रमहरू कार्यान्वयन गर्ने क्षेत्रमा यस केन्द्रमा नेतृत्वदायी भूमिका निर्वाह गरेको थियो । यस केन्द्र मातहतमा २९ वटा शैक्षिक तालिम केन्द्रहरू सञ्चालन भएका थिए भने तालिम केन्द्र नभएको जिल्लाहरूमा अगुवा स्रोतकेन्द्रको व्यवस्था गरिएको थियो । नेपालको संविधान २०७२ लागू भएपछि देश सङ्घीय शासन संरचनामा गएपश्चात् शैक्षिक जनशक्ति विकास केन्द्र खारेज भई शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा गाभियो । वि.सं. २०७५ साल साउन १० गतेको मन्त्रीपरिषदको निर्णयानुसार सङ्घीयता कार्यान्वयन गर्न २९ वटा तालिम केन्द्रहरू खारेज गरी प्रत्येक प्रदेशमा ७ वटा शिक्षा तालिम केन्द्रहरू स्थापना

गरिएको छ । यसर्थ प्रादेशिक रूपमा केवल एउटा मात्र तालिम केन्द्र रहँदा दूरदराजमा गएर शिक्षक तालिम प्रदान गर्न कठिनाइँ भएको छ । स्थानीय तहबाट केही आवश्यकतामा आधारित तालिमहरू सञ्चालन भएतापनि प्रादेशिक र सङ्घीय तहबाट सञ्चालन गरिने तालिमहरू शहरकेन्द्रीत भएको र गाउँ गाउँमा रहेका विद्यालयहरूको लागि आकाशको फलझै सावित हुन पुगेको अवस्था छ । सरकारी स्तरबाट सञ्चालित तालिमहरू प्रभावकारी नभएको, कक्षाकोठामा प्रयोग हुन नसकेको र आवश्यक मोनिटरिङ र सुपरीवेक्षण नभएको भन्ने व्यापक गुनासाहरूलाई निराकरण गर्नु मुख्य चुनौती रहेको छ ।

## शिक्षक उत्तरदायित्व

शिक्षक शिक्षण सिकाईको केन्द्रिय व्यक्ति हो । शिक्षण सिकाई कति प्रभावकारी हुने भन्ने शिक्षकको शैक्षणिक कार्यकलापमा निर्भार रहन्छ । शिक्षकले अनुकरणीय व्यवहार प्रदर्शन गर्नु पर्छ । असल आचरण राख्नु पर्छ । शिक्षकलाई शतप्रतिशत विश्वास गरेर सम्पूर्ण अभिभावकहरूले उनीहरूको बालबालिका विद्यालय पठाएको हुन्छ । उत्तरदायित्व भन्नाले आफूले सम्हालेको दायित्वप्रति उत्तर दिने अवस्था हो । कुनै पनि व्यक्ति आफूले निर्वाह गरेको भूमिका वा सम्पादन गरेको कार्यहरूप्रति पूर्ण जिम्मेवारी वहन गर्ने वा सो सम्बन्धमा उत्तर दिनुपर्ने तत्परता रहनुपर्दछ । शिक्षक विद्यार्थीको सिकाई प्रति उत्तरदायी हुनुपर्दछ ।

शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय, सरोकारवाला वर्ग तथा प्रशासनप्रति उत्तरदायी हुनुपर्दछ । आफूले जिम्मा पाएको विषयवस्तुलाई प्रभावकारी ढङ्गले विद्यार्थीसमक्ष पुऱ्याउनु मुख्य दायित्व वा जिम्मेवारी लिनुपर्छ । उत्तरदायित्वलाई कार्य प्रतिबद्धताको रूपमा पनि लिन सकिन्छ । एक जना शिक्षकले आफूले पाएको कार्यलाई समर्पित भएर पूरा गर्दछ भने धेरै हदसम्म उसले आफ्नो उत्तरदायित्व निर्वाह गरेको मानिन्छ ।शिक्षकलाई कानूनी रूपमा नै उत्तरदायी बनाउन शिक्षा नियमावली २०५९ को नियम १३३ मा शिक्षकले पालना गर्नुपर्ने आचारसंहिताहरू तोकिएको छ भने नियम ९४ मा काम कर्त्तव्य र अधिकारको सूची पनि उल्लेख गरिएको छ । वराहपोखरी गाउँपालिकाको शिक्षा ऐन २०७६ को परिच्छेद ९ मा प्रधानाध्यापक र शिक्षकको काम, कर्त्तव्य र अधिकार तोकिएको छ ।

शिक्षकले शिक्षण पेशालाई पेशागत आदर्शलाई मूल मन्त्र मानेर काम गर्नुपर्ने हुन्छ । व्यक्तिगत स्वार्थ, निजी फाइदा र थिती बिगार्ने पहलका विपक्षमा उभिन्छु भन्ने संकल्प गर्न सक्ने व्यक्तित्व हुनुपर्छ । कुनै पनि समस्या वा चुनौतीको सामना गर्नका लागि मौलिक समाधानको कल्पना गर्न नसक्ने र शक्तिकेन्द्रहरूका आडमा विवेकहीन उन्मादको प्रदर्शन गर्ने व्यक्ति शिक्षक पदका लागि घातकसिद्ध हुनेछ । व्यक्तित्व र व्यक्तिगत विभिन्नतालाई चिन्ने गुण हुनुपर्छ । साझा लक्ष्य प्राप्तिका लागि के काम गर्नु आवश्यक छ र त्यो कसले के गर्न सक्छ भन्ने प्रश्नको उत्तर निमेषभरमै दिने र विद्यार्थीहरूबाट उच्च गुणस्तरको नतिजा प्राप्त गरेरै छोड्ने कौशलसमेत उनमा हुनुपर्छ ।

शिक्षकहरु आफ्नो पेशाप्रति अपेक्षित रुपमा उत्तरदायी नभएको पाईन्छ ।वर्तमान परीप्रेक्ष्यमा कतिपय शिक्षकहरू आफ्नो पेशाभन्दा फरक कार्यमा पनि संलग्न रहनु, नियुक्ति भएको समयदेखि नै घर पायक र सुविधाजनक स्थानमा सरूवा गर्नमा सक्रिय रहनु, शिक्षण सिकाइ र मूल्याङ्कनमा बेवास्ता गर्नु, पुरस्कार र दण्डको व्यवस्था नहुनु, प्रधानाध्यापक आर्थिक विषयमा पारदर्शी नहुनु, नियमित अनुगमन र सुपरीवेक्षण तथा पृष्ठपोषणको व्यवस्था नहुनु आदिजस्ता कार्यले शिक्षण पेशा अमर्यादित बन्दै गएको छ । स्थानीय सरकारले नीतिगत व्यवस्था गरी राम्रोलाई पुरस्कार र खराबलाई दण्डको व्यवस्था गर्न सके शिक्षकहरुलाई पेशाप्रति उत्तरदायी बनाउन सकिने अवस्था रहेको छ ।

## शिक्षकको आपूर्ति र वितरण

विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षक विद्यार्थी अनुपात मिलाउन जरुरी हुन्छ। विद्यार्थी सङ्ख्या, भौगोलिकता र पढाइ हुने विषय अनुसार सरकारले विद्यालयमा शिक्षकको आपूर्ति र वितरण गरेमा मात्र शैक्षिक अवस्थामा सुधार गर्न सकिन्छ। शिक्षकको आपूर्ति र वितरणको लागि शिक्षा नियमावली २०५९ (शंसोधनसहित) को नियम ९२ मा विद्यालयमा रहने शिक्षक दरबन्दीको बारेमा उल्लेख गरिएको छ। सो नियममा व्यवस्था भएबमोजिम पूर्व प्राथमिक विद्यालयमा कम्तिमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तिमा २ जना र सोभन्दा बढी भएमा कम्तिमा ३ जना शिक्षक रहने व्यवस्था रहेको छ। यसै गरी कक्षा ६ देखि ८ सम्म सञ्चालित विद्यालयमा चार जना तथा कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालयमा कम्तिमा ७ जना शिक्षक रहने भनी उल्लेख छ। माध्यमिक तहको कक्षा ९ देखि कक्षा १२ सम्म सञ्चालित विद्यालयमा कम्तिमा ८ जना, कक्षा ६ देखि १० सम्म सञ्चालित विद्यालयमा कम्तिमा कम्तिमा ९ जना र कक्षा १ देखि १० सम्म सञ्चालन भएका विद्यालयमा थप ३ जना प्राथमिक तहको शिक्षक रहने व्यवस्था उल्लेख गरिएको छ। निम्न माध्यमिक र माध्यमिक विद्यालयमा तहगत र विषयगत रूपमा पनि दरबन्दी मिलाएर शिक्षक नियुक्ति गर्नुपर्ने प्रावधान रहेको छ।

यसरी माथि उल्लेख गरेअनुरूप शिक्षा नियमावलीमा शिक्षकको आपूर्ति र वितरणको कागजी रूपमा उल्लेख गरिएको भए तापनि वास्तविक रूपमा भने कार्यान्वयन हुन सकेको छैन। वि.सं. २०५७ सालदेखि नेपाल सरकारले कुनै पनि तहमा स्वीकृत शिक्षक दरबन्दी थप गरेको छैन। राहत र शिक्षण सिकाइ अनुदान कोटा आदिका नाममा केही विद्यालयहरूलाई शिक्षक नियुक्ति गर्न वार्षिक रूपमा एकमुष्ट रकम उपलब्ध गर्दै आएको अवस्था छ। तर स्वीकृत दरबन्दीको वितरण नभएको २ दशक नाघिसकेको छ। शिक्षा मन्त्रालयद्वारा शिक्षक दरबन्दी मिलान तथा समायोजन गरी सबै विद्यालयमा शिक्षक विद्यार्थी अनुपात मिलाउने कार्यको थालनी भए पनि उक्त कार्यले गति लिन सकेको छैन।

यस वराहपोखरी गाउँपालिकामा सबै तह गरी जम्मा ३५ वटा विद्यालयहरू सञ्चालनमा रहेको छ। जसमध्ये माध्यमिक तह (कक्षा १-१२) सञ्चालन भएको २ वटामध्ये १ वटा माध्यमिक विद्यालयलाई साविकको उच्च मावि कोटा राहत अनुदान दरबन्दीको २ जना प्राप्त छ भने माध्यमिक विद्यालयहरुमध्य गाउँपालिकाद्वारा अनुदान दरबन्दी १ वटा प्रदान गरिएको छ। माध्यमिक तह (कक्षा १-१०) सञ्चालित ४ वटा विद्यालयमध्ये २ वटामा मात्र स्वीकृत ४ जना माध्यमिक तहको दरबन्दी रहेको छ भने बाँकी २ वटामा हालसम्म ३/३ जना शिक्षण सहयोग अनुदान अनुदान शिक्षक दरबन्दी रहेको अवस्था छ। यस गाउँपालिकामा बालकन्या माध्यमिक विद्यालयले मात्र शिक्षा नियमावलीले तोकेको व्यवस्थालाई माध्यमिक तहको शिक्षक दरबन्दीको सङ्ख्या प्राप्त गरेको अवस्था छ।

यस गाउँपालिकाभित्र रहेका आधारभूत तह (कक्षा १ देखि ८) साविकको प्राथमिक र निम्न माध्यमिक विद्यालयहरूमा पनि शिक्षकको आपूर्ति र वितरण शिक्षा नियमावलीले निर्धारण गरेको मापदण्डभन्दा न्यून रहेको छ। धेरैजसो विद्यालयहरू राहत अनुदान र नीजि स्रोत शिक्षक नियुक्ति गरिएको छ। नीजि शिक्षकलाई नियुक्ति गर्नुपरेकोले विद्यालयमा आर्थिक भार परेको छ।

## शिक्षक व्यवस्थापन र विकासका चुनौतीहरू

- ☞ शिक्षण पेशालाई प्रमुख रोजाइको पेशाको रूपमा स्थापित गर्नु।
- ☞ सरूवा र बढुवा प्रणालीलाई व्यवहारिक, स्वच्छ र वस्तुपरक बनाउनु। शैक्षिक सत्रको अन्त्यमा मात्रै शिक्षकको सरूवा गर्ने
- ☞ स्थानीय स्तरमा योग्य र सक्षम शिक्षक उत्पादन गर्नु।
- ☞ सुगम र दुर्गम क्षेत्रमा शिक्षकले गरेको सेवाको आधारमा छुट्टाछुट्टै कार्यसम्पादनको आधार तय गर्नु।
- ☞ विद्यार्थी सङ्ख्या, विषय र भौगोलिक आधारमा शिक्षकको व्यवस्थापन गर्नु।

- ☞ शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु ।
- ☞ पाठ्यक्रमले तोकेको शिक्षण सिकाइ क्रियाकलाप, शैक्षिक सामग्री र ग्रामीण भेगमा विद्यमान शैक्षिक र भौतिक अवस्थाबीच तालमेल मिलाई शिक्षण सिकाइ प्रकृयालाई प्रभावकारी बनाउनु ।
- ☞ प्रभावकारी शिक्षक तालिमको लागि प्याकेज निर्माण गरी तालिम सञ्चालन गर्नु र तालिमको कक्षाकोठामा प्रयोगको अनुगमन र निरीक्षण गर्नु ।
- ☞ विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षकले वहन गरेको उत्तरदायित्व, शैक्षिक सामग्री रप्रविधिको प्रयोग र पाठयोजनाको निर्माण र प्रयोगको अवस्थालाई कार्य सम्पादन मूल्याङ्कनको मुख्य आधार बनाउनु ।
- ☞ अस्थायी करार शिक्षकको पनि प्रत्येक शैक्षिक सत्रमा कार्य सम्पादन मूल्याङ्कन गरी सोहीअनुरूप सेवा सुविधा तोक्नु ।
- ☞ रिक्त शिक्षक पदको लागि तुरून्त शिक्षकको व्यवस्था गर्नु ।
- ☞ न्यून विद्यार्थी भएका प्राथमिक विद्यालयहरूलाई नजिकको विद्यालयमा गाभी भौतिक र मानवीय स्रोतको सदुपयोग गर्नु ।

### ३.५.३ उद्देश्य

वराहपोखरी गाउँपालिका शिक्षा योजनामा शिक्षक व्यवस्थापन र विकासका लागि देहायानुसारका उद्देश्यहरू निर्धारण गरिएको छ :

१. शैक्षणिक सुधारका लागि आवश्यक संख्यामा शिक्षकहरुको व्यवस्थापन गर्नु ।
२. शिक्षक नियुक्ति प्रणालीलाई प्रभावकारिता तथा सुदृढ बनाउदै लैजानु ।
३. विद्यालय सुपरिवेक्षण, पाठ्यक्रम तथा शिक्षकको पेशागत सहयोगको लागि स्थानीय तहमा एउटा असल प्रणालीको विकास तथा कार्यान्वयन गर्नु ।
४. शिक्षकहरुको पेशागत क्षमता विकासको लागी स्थानीय स्तरमा यसयुक्त संयन्त्रको विकास तथा कार्यन्वयन गर्नु ।
५. सबै तहका शिक्षकहरूको विषयगत र पेशागत क्षमताको विकास गर्नु ।
६. शिक्षकलाई वर्तमान युगको माग अनुसारको सूचना सञ्चार प्रविधिसँग परिचित गराउनु ।
७. कठिन परिस्थिति र महामारीको समयमा पनि सिकाइलाई निरन्तरता प्रदान गर्न सक्ने सक्षम र स्रोतपूर्ण शिक्षकको विकास गर्नु ।
८. पालिकाभरिका शिक्षकहरूको नेटवर्किङ/सञ्जालीकरण गरी उनीहरूको शिक्षण अनुभव, ज्ञान सीप र सामग्रीको एकापसमा आदानप्रदान (Sharing) गर्नु ।

### ३.५.४ रणनीतिहरू

१. कक्षा १ देखी ३ सम्मका शिक्षणमा सहजीकरण गर्ने शिक्षकहरुको पेशागत विकास तथा सहयोग प्रणालीका विगतको अभ्यासलाई निरन्तर दिइदै उपयुक्त प्रणालीलाई कार्यान्वयन गरिने छ ।

२. विद्यार्थी संख्या र विद्यालयको आवश्यकताको आधारमा शिक्षक दरबन्दी सिर्जना तथा वितरण गरिनेछ ।
३. पालिकाकोले वितरण गरेको कम्प्यूटर शिक्षकहरुलाई तालिम प्रदान गरी सक्षमता अभिवृद्धि गरिनेछ ।
४. गाउँपालिकाभित्रका शिक्षकलाई आवश्यक शिक्षण र पेशागत तालिम प्रदान गरिनेछ ।
५. शिक्षक विद्यार्थी र भूगोलको आधारमा शिक्षक दरबन्दी मिलान र पुनःर्वितरण गरिनेछ ।

६. वर्षको एक पटक शिक्षक दरबन्दी रिक्त हुने आँकडा तयार पारी सोको आधारमा करार शिक्षक पदपूर्तिको लागि परीक्षा लिई सूची तयार पार्ने र सो सूचीको आधारमा रिक्त हुने बित्तिकै सो सूचीको शिक्षकलाई नियुक्ति गरिनेछ ।

७. तालिमप्राप्त भईसकेका शिक्षकहरूको अभिलेख हेरी उनीहरूले तालिमबाट पाएका सीपलाई कक्षाकोठामा उपयोग गरे/नगरेको मोनिटरिङ र सुपरीवेक्षण गर्ने र सोको आधारमा सेवा सुविधाको व्यवस्था गरिनेछ ।

८. सूचना सञ्चार र प्रविधिको शिक्षणमा प्रभावकारी प्रयोगको लागि तालिम आयोजना गर्ने । क्रमशः एक शिक्षक एक ल्यापटपको प्रबन्ध मिलाईनेछ ।

९. शिक्षणमा प्रविधिको प्रयोगलाई बढावा दिन उत्प्रेरित र उर्जाशील शिक्षकहरू छनोट गरी प्रोत्साहन गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०. कठिन परिस्थिति र विभिन्न प्रकारका महामारीको समयमा पनि सिकाइलाई निरन्तरता दिई शैक्षिक क्षति हुनबाट जोगाउन शिक्षक र विद्यालयलाई सामग्री र तालिमको व्यवस्था गरिनेछ ।

११. पालिकाभरीका शिक्षकहरूबीच सामाजिक सञ्जाल र ईमेल ईन्टरनेटको माध्यमबाट नेटवर्किङको विकास र पहुँच पुऱ्याउन शैक्षिक सत्रको सुरु हुनुभन्दा अगाडि शिक्षक सम्मेलन वा गोष्ठीको आयोजना गरिनेछ ।

१२. शिक्षक नियुक्ति, सरूवा, तालिम तथा पेशागत विकास आदिमा सहभागी गराउँदा विद्यार्थीको सिकाइलाई अवरोध नहुने गरी समयतालिका निर्धारण गर्ने पद्दतिको विकास गरिनेछ ।

१३. आवश्यकता अनुसार मातृभाषी शिक्षकको व्यवस्गा गरिनेछ ।

### ३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**(क) उपलब्धि**

योग्य, प्रविधिको प्रयोग गर्न सक्षम, विद्यार्थीको सिकाई उपलब्धिप्रति उत्तरदायी र जिम्मेवार शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुने ।

**(ख) नतिजा**

१. विद्यार्थी संख्या अनुसार शिक्षक दरबन्दी मिलेको हुने ।

२. गाउँपालिकाभित्रका सम्पूर्ण शिक्षकहरू तालिमप्राप्त, प्रविधिको प्रयोग गर्न सक्ने र शिक्षक छनौट प्रक्रियाद्वारा छानिएका प्रतिष्पर्धि शिक्षकको व्यवस्था हुने ।

३. शिक्षकलाई पर्याप्त विषयगत र शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने गरी पुनर्संरचना तथा सुधार हुने ।

४. स्थानीय तहमा शिक्षक पेशागत सहयोग र विकास प्रणालीको विकास भएको अवस्था रहने ।

५. शिक्षक विद्यार्थी अनुपात भौगोलिक दूरता र विद्यार्थी सङ्ख्याको आधारमा मिलान गर्ने ।

६. रिक्त रहने करार शिक्षक पदको लागि अग्रिम शिक्षकको परीक्षा सञ्चालन गरी करार पदपूर्ति सूची तयार गरी सोबाट रिक्त हुने बित्तिकै शिक्षक पदपूर्ति गरिने र यसबाट शिक्षक अभावको समस्या हल हुने र सिकाइ निरन्तरतामा कायम रहने ।

७. शिक्षा मन्त्रालयबाट स्वीकृत भई कार्यान्वयन प्रक्रियामा रहेको शिक्षक दरबन्दी मिलान तथा समायोजनका आधारहरू (२०७३) का आधारमा वराहपोखरी गाउँपालिकामा तोकिएको थप हुने शिक्षक दरबन्दीको व्यवस्था हुने ।

८. शिक्षकको बढुवा, सरूवा र वृत्तिविकासमा पारदर्शिता, पूर्वानुमानयोग्य र वस्तुपरक आधारहरू तय गरी त्यसलाई पद्दति (System) को रूपमा सधैंको लागि विकास भएको अवस्थामा पुऱ्याउने र सरूवा गर्दा शैक्षिक सत्रको सुरू या अन्तमा मात्र गरिने।

९. महामारी र अफठ्यारो परिस्थितिहरूमा पनि सुरक्षित उपाय अपनाई शिक्षण सिकाइलाई निरन्तरता दिन सक्ने उर्जाशील र सक्षम शिक्षक तयार गरिने।

**(ग) प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू**

**तालिका ३.८**

**शिक्षक व्यवस्थापन तथा विकाससम्बन्धी प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षण सेवाप्रति आकर्षण र नियुक्ति | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | शिक्षकलाई शैक्षिक सत्र सुरू हुनुपूर्व प्रत्येक वर्ष पुनर्ताजगी तालिमको व्यवस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| २. | प्रत्येक वर्ष सबै तह र मुख्य विषयका उत्कृष्ट शिक्षकलाई पुरस्कार र सम्मानको व्यवस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | गाउँपालिका |
| ३. | अन्य कर्मचारीभन्दा कम्तिमा ५% थप तलबको व्यवस्था। क्रमशः १० प्रतिशतसम्म पुऱ्याउने। | प्रतिशत | २.५ | २.५ | २.५ | २.५ | २.५ | ७.५ | १० | गाउँपालिका |
| ४. | गाउँपालिकाले नियुक्त गर्ने करार शिक्षकको नियुक्ति र व्यवस्थापनको लागि छुट्टै उपयसक्त कार्याविधि र निर्देशिका निर्माण गर्ने | सङ्ख्या | १ | | | | | १ | २ | गाउँपालिका |
| शिक्षक तयारी | | | | | | | | | | |
| ५. | गाउँपालिकास्तरीय शिक्षक सक्षमता कार्यढाँचा विकास गर्ने | सङ्ख्या | १ | | | | | १ | २ | गाउँपालिका |
| ६. | नव नियुक्त भएका शिक्षकहरूलाई नवप्रवेशी शिक्षक तालिमको व्यवस्था | सङ्ख्या | निरन्तर | | | | | | | गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७. | तालिमलाई व्यवस्थित, वस्तुनिष्ठ र व्यवहारिक बनाउन सकिने खालको तालिम प्याकेजको निर्माण गरी सोअनुसार तालिम दिने व्यवस्था | सङ्ख्या | १ | | | | | १ | २ | गाउँपालिक ा |
| ८. | शिक्षक तयारी कोर्षको विकास गर्ने | सङ्ख्या | १ | | | | | १ | १ | गाउँपालिक ा |
| शिक्षण सिकाइ | | | | | | | | | | |
| ९. | सबै परिस्थितिमा शिक्षण सिकाइलाई निरन्तरताको सुनिश्चित गर्न मापदण्ड र कार्यढाँचा तयार पार्ने | सङ्ख्या | १ | | | | | १ | १ | गाउँपालिक ा |
| १०. | विभिन्न कारणले सिकाइमा पछि परेका विद्यार्थीहरूको लागि उपचारात्मक शिक्षण (Remedial Teaching) सिकाइ पद्दति लागू गर्ने | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिक ा |
| ११. | दृष्टिविहिन, अपाङ्ग, सुस्तमनस्थिति र कमजोर श्रवणशक्ति भएका विद्यार्थीहरूलाई उनीहरूको अवस्था अनुकूल हुने गरी सिकाइ गर्ने वातावरण प्रदान गर्ने | सङ्ख्या | निरन्तर | | | | | | | गाउँपालिक ा |
| १२. | शिक्षकलाई वर्तमान युगको माग अनुसारको सूचना सञ्चार प्रविधिसँग सम्बन्धित तालिम प्रदान | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिक ा |
| १३. | पालिकाभरिका शिक्षकहरूको नेटवर्किङ/सञ्जालीकरण गरी उनीहरूको शिक्षण अनुभव, ज्ञान सीप र सामग्रीको एकापसमा आदानप्रदान (Sharing) गर्ने व्यवस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिक ा |
| १४. | निरन्तर विद्यार्थी मूल्याङ्कनलाई सबै विद्यालयमा अनिवार्य रूपमा लागू गरी त्यसको प्रभावकारिताको समय समयमा मूल्याङ्कन गर्ने | सङ्ख्या | १ | | | | | १ | २ | गाउँपालिक ा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५. | प्रत्येक विद्यालयमा ईन्टरनेट जडान गर्ने | सङ्ख्या | ५ | ५ | ५ | ५ | ० | २० | ३५ | गाउँपालिका |
| १६. | प्रत्येक विद्यालयमा कम्तिमा १ वटा प्रिन्टर, प्रोजेक्टर र कम्प्युटरको उपलब्धता | सङ्ख्या | ५ | ५ | ५ | १० | १० | ३५ | ३५ | गाउँपालिका |
| १७. | विद्यार्थी केन्द्रीत, परियोजनामा आधारित, समूह कार्यमा आधारित, प्रयोगात्मक कार्यमा आधारित शिक्षण तौरतरिका र शिक्षण सामग्री विकास गर्ने | सबै विद्यालय | १ | | | | | १ | २ | विद्यालय र गाउँपालिका |
| १८. | प्रत्येक माध्यमिक विद्यालयहरूमा ICT ल्याब, बुक कर्नर र शिक्षण सिकाइ सामग्री व्यवस्थापन कक्षको निर्माण गर्ने | सङ्ख्या | ५ | ५ | ५ | १० | १० | ३५ | ३५ | गाउँपालिका |
| १९. | सबै माध्यमिक विद्यालयहरूमा अङ्ग्रेजी, गणित र विज्ञान विषयहरूका लागि छुट्टाछुट्टै सन्दर्भ सामग्री, शिक्षण सामग्री र प्रयोगात्मक कक्षको निर्माण गर्ने | सङ्ख्या | २ | २ | २ | | | ६ | १२ | गाउँपालिका |
| २०. | गाउँपालिकाभरीका अनुभवी र दक्ष शिक्षकहरूबाट प्रत्येक विद्यालयमा वर्षमा कम्तिमा १ पटक शिक्षण गराउन प्रबन्ध गर्ने | सङ्ख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | गाउँपालिका |
| २१. | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परीक्षाको नतिजा विश्लेषण गर्ने | सबै शिक्षक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| शिक्षक पेशागत सहयोग पद्दति | | | | | | | | | | |
| २२. | कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको ई-सञ्जाल वा समूह निर्माण गर्ने | सङ्ख्या | | | | | | | | गाउँपालिका |
| २३. | अवलोकन भ्रमण गराउने | जना | १० | १० | १० | १० | १० | ५० | | गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २४. | सिकाइ आदानप्रदान, क्षमता विकास, ज्ञानको सञ्जालीकरण, प्रविधि हस्तान्तरणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूबीच सञ्जाल विकास गर्ने | सङ्ख्या | ३ | | | | | ३ | ६ | गाउँपालिका |
| २५. | सहपाठी कक्षा अवलोकनको व्यवस्था गर्ने | सङ्ख्या | ३० | | | | | ३० | ३५ | गाउँपालिका |
| २६. | शिक्षण सिकाइसम्बन्धी Online Conference सञ्चालन गर्ने | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० | गाउँपालिका |
| २७. | प्रारम्भिक बाल विकास शिक्षिकाहरूलाई तालिम सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| शिक्षक उत्तरदायित्व | | | | | | | | | | |
| २८. | विद्यार्थीको सिकाइ उपलब्धीको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने | पद्दति | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| २९. | रिपोर्ट कार्ड वितरणको व्यवस्था गर्ने | सबै विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| ३०. | शिक्षक सरूवालाई वस्तुनिष्ठ र पूर्वानुमानयोग्य बनाउनु | पद्दति | १ | | | | | १ | २ | गाउँपालिका |
| ३१. | शिक्षण सिकाइप्रति प्रत्येक शिक्षकलाई जिम्मेवार बनाउने | पद्दति | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| शिक्षक आपूर्ति र वितरण | | | | | | | | | | |
| ३२. | विद्यार्थी सङ्ख्या र भौगोलिक अवस्थाका आधारमा शिक्षकको पुनर्वितरण गर्ने | सङ्ख्या | १ | | | | | १ | २ | गाउँपालिका |
| ३३. | जगेडा शिक्षकको व्यवस्था गर्ने | आवश्यकता अनुसार | १ | | | | | १ | २ | गाउँपालिका |
| ३४. | शिक्षक वैङ्क स्थापना गर्ने | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |

## ३.६ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ (Non-formal Education and Life-long Learning)

### ३.६.१ परिचय

शिक्षा सामाजिक विकासको एक प्रक्रिया हो । शिक्षालाई ग्रहण गर्ने स्वरूप वा प्रकृति फरक फरक हुन्छ र समयको गति र मानव समाजको विकाससँगसँगै शिक्षाको स्वरूप पनि बदलिँदै जान्छ । औपचारिक शिक्षाको पहुँचमा सबै व्यक्ति पुगेका छैनन्।औपचारिक शिक्षाबाट बञ्चित वर्गलाई विभिन्न माध्ययमबाट शिक्षण सिकाई प्रदान गर्ने शिक्षा नै अनौपचारिक तथा जिवन पर्यन्त शिक्षा हो । मानव समाजको सुरुमा शिक्षा ग्रहण गर्ने तरिका अनौपचारिक थियो । सिकारुको रुचि, चाहना र आवश्यकतामा आधारित भएर विद्यालय बाहिर रहेर प्रदान गरिने शिक्षा नै अनौपचारिक शिक्षा हो । निश्चित उद्देश्य लिएको तर औपचारिक शिक्षामा जस्तो बन्देज नहुने, व्यक्तिगत विकास आत्मनिर्भरता र मानवीय दक्षताको विकासमा सहयोगी हुने, प्रमाणपत्रधारी शिक्षकको आवश्यकता नपर्ने शिक्षा अनौपचारिक शिक्षा हो । सीपमूलक साक्षरता शिक्षा, प्रौढ शिक्षा, महिला शिक्षा आदि अनौपचारिक शिक्षाको उदाहरण हुन् ।

शिक्षा कोक्रोबाट सुरु भई चितामा अन्त्य हुन्छ । मानिसले शिक्षा लिने थलो विद्यालय मात्र होइन। विद्यालय बाहिर पनि धेरै कुराहरू सिकिरहेको हुन्छ । कुनै पनि व्यक्ति केही पनि नसिकी कुनै पनि क्षण रहन सक्दैन वा हरेक क्षण व्यक्तिले केही न केही सिकाइ सिकिरहेको हुन्छ । यस्तो सिकाइलाई आजीवन सिकाइ भनिन्छ । आजीवन सिकाइ पनि अनौपचारिक शिक्षाकै एक अङ्ग हो । निरक्षरका लागि साक्षर, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासको लागि अनौपचारिक तथा आजीवन नेपालको सन्दर्भमा अति आवश्यक छ ।

नेपालको संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सिद्धान्त, दीगो विकासका लक्ष्यका ४ नं. बुँदा, पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१) को दीर्घकालीन सोच-"समृद्ध नेपाल, सुखी नेपाली" र यसले तय गरेको राष्ट्रिय रणनीति-सुलभ र गुणस्तरीय शिक्षाको सुनिश्चितता आदिको कार्यान्वयन गर्न औपचारिक शिक्षाले समेट्न नसकेको अवस्थामा अनौपचारिक र आजीवन सिकाइले काम गर्दछ । वराहपोखरी गाउँपालिका साक्षर पालिका घोषणा भइसकेको सन्दर्भमा सो कार्यक्रमलाई सफल बनाउनका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार गर्न, व्यवसायिक सिप प्रदान गर्न तथा आय आर्जनको अवसर अभिवृद्धि गर्न अनौपचारिक तथा जिवनपर्यन्त शिक्षाको क्षमता विकास गर्नुपर्छ

### ३.६.२ वर्तमान अवस्था

अनौपचारिक तथा आजीवन सिकाइका क्षेत्रमा विभिन्न प्रयासहरु भइरहेका छन् । विशेष गरी विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) कार्यान्वयन अवधिमा अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ अन्तर्गत निरन्तर शिक्षा तथा साक्षरता कार्यक्रमहरूमा पहुँचको वृद्धि भएको र साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रममा सुधार हुने नतिजाको अपेक्षा गरिएको छ । राष्ट्रिय शिक्षा नीति-२०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिष्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ ।

वराहपोखरी गाउँपालिकाअन्तर्गत शिक्षा शाखाले अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ । वराहपोखरी गाउँपालिकामा अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइसम्बन्धी कार्य गर्न हाल २ वटा सामुदायिक सिकाइ केन्द्र (Community Learning Center-CLC) हरू स्थापना भई सञ्चालनमा रहेका छन् । स्थानीय तहले आफ्नो क्षेत्रका सबै व्यक्तिहरूलाई साक्षर र सीपयुक्त बनाउन सामुदायिक सिकाइ केन्द्रलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका निम्नलिखित चुनौतीहरू देखिएका छन् :

१. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्नु ।
२. अनौपचारिक, खुला तथा वैकल्पिक सिकाइको अवसरलाई एकीकृत सिकाइ प्रणालीका रूपमा संस्थागत गर्नु ।
३. सिकारुको आवश्यकतानुसारको समकक्षतामा आधारित कार्यक्रम विकास र कार्यान्वयन ।
४. आवश्यकतामा आधारित आजीवन सिकाइसँग सम्बन्धित सिकाइ सामग्री विकास र कार्यान्वयन ।
५. प्राप्त उपलब्धिहरूको गुणस्तरको लेखाजोखा गर्नु ।
६. संस्थागत क्षमता विकासका लागि पर्याप्त स्रोतको व्यवस्था ।

३.६.३ उद्देश्य

सबै वराहपोखरी गाउँपालिकाबासीलाई आवश्यक्ताको आधारमा साक्षरता शिक्षा, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु यस पालिकाकको अनौपचारिक तथा जिवनोपयोगी शिक्षाको उद्देश्य रहेको छ । यस योजनाले निर्दिष्ट गरेका उद्देश्यहरू यसप्रकार रहेको छ :

१. निरन्तर सिकाईको लागी अवसरको पहुँचमा समतामुलक सहभागिता वृद्धि गर्नु ।
२. वराहपोखरी गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिकाको रूपमा स्थापित गर्ने ।
३. बालबालिकाको सिकाइको लागि अभिभावकहरुको चेतना ल्याउनु ।
४. अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइलाई व्यवसायिक बनाउने र दक्षता हासिल गराई रोजगारका अवसरहरूमा समावेश गराउनु ।

३.६.४ रणनीतिहरू

यस योजनाका उल्लिखित उद्देश्यहरू हासिल गर्नका लागि निम्नलिखित रणनीति (Strategies) अबलम्बन गरिनेछ :

१. निरन्तर सिकाइमा पहुँच बढाउन वास्तविक सिकाइ आवश्यकता भएका व्यक्तिहरुको पहिचान गर्ने ।
२. साक्षर वराहपोखरी गाउँपालिकाको रूपमा स्थापित गर्न सबै सरोकारहरू जस्तैः सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार संस्थाहरू,नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, राजनैतिक दल र अन्य साझेदारहरू परिचालन गरिनेछ ।
३. अनौपचारिक तथा आजीवन सिकाइ कार्यक्रमलाई सबैको पहुँचमा अभिवृद्धि गर्न रेडियो, मोबाइल, अनलाईन, अफलाईन, सामुदायिक पुस्तकालय तथा सहभागी मैत्री सामग्रीको विकास र विस्तार गर्ने ।
४. अनौपचारिक तथा आजीवन सिकाइलाई व्यावसायिक र पेशागत रूपमा विकास गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
५. सामुदायिक सिकाइ केन्द्रका परिचालिकाहरुलाई मोबाईल साक्षरता जस्ता क्षेत्रमा परिचालन गरिनेछ ।
६. आवश्यकतामुखी पाठ्यक्रम निर्माण गरिनेछ ।

३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**(क) उपलब्धि (Outcome)**

औपचारिक शिक्षाको अवसरबाट वञ्चित वर्गले अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर पाउनेछन् ।

**(ख) प्रमुख नतिजाहरू (Key Results)**

१. यस पालिकाभित्र मोबाईल साक्षरतामा वृद्धि हुने ।

२. साक्षर वराहपोखरी गाउँपालिकालाई सुदृढ पार्दै पालिकाभरिका नवसाक्षरहरूका लागि आवश्यकतामा आधारित निरन्तर शिक्षाका कार्यक्रमको प्रबन्ध हुने ।
३. सिकारुहरूको आवश्यकतानुसार सिकाइ सामग्रीहरूको विकास हुने ।
४. सामुदायिक सिकाइ केन्द्रहरू आजीवन सिकाइका लागि केन्द्र (Hub) को रूपमा विकास भएको हुने ।
५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान र सीपको प्रमाणीकरण भई समकक्षता प्राप्त हुने ।

**(ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

**तालिका ३.९**

**अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी अभिमुखीकरण तालिम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| २. | पालिकामा लागत सहभागिताको प्रारूप तयार | सङ्ख्या | १ | | | | | १ | २ | गाउँपालिका |
| ३. | नव निरक्षरहरूको विवरण तयार | प्रतिशत | १ | १ | | | | २ | ४ | गाउँपालिका |
| ४. | आवश्यकतानुसार प्रत्येक वडामा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| ५. | स्थानीय मागका आधारमा सामुदायिक सिकाइ केन्द्र थप | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| ६. | प्रत्येक वडामा कम्तिमा एउटा सामुदायिक पुस्तकालयको व्यवस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| ७. | सामुदायिक केन्द्रमा सूचना सञ्चार प्रविधिको पहुँच स्थापना | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| ८. | सिकाइ सहजीकरणको लागि सहजकर्ताको व्यवस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| ९. | सङ्घ र प्रदेशसँग समन्वय संयन्त्र विकास गर्ने | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| १०. | आजीवन सिकाइका लागि मोड्युल तथा सामग्री विकास | सङ्ख्या | १ | | | | | १ | २ | गाउँपालिका |

# परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

## ४.१ परिचय

यस परिच्छेदमा शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्ति जस्ता आवश्यकीय सोवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालयको भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तरसम्बन्धित विषयहरु समावेश गरिएको छ। यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेषण गरी चुनौतीहरु पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियाकलाप तथा लक्ष्यहरु उल्लेख गरिएको छ।

## ४.२ समावेशी तथा समता

### ४.२.१ परिचय

वराहपोखरी गाउँपालिका सामाजिक, सांस्कृतिक, भाषिक विविधता भएको स्थानीय तह हो। यस गाउँपालिकामा मुख्य गरी राई, तामाङ, क्षेत्री, नेवार, ब्राम्हाण, सुनुवार, शेर्पा, कामी, दमाई, सार्की, भुजेल, गुरुङ, मगर आदि जातजातिको समावेशी किसिमको बसोबास रहेको छ। ५१.७ % महिला र ४८.३% पुरुषको जनसङ्ख्या रहेको यस गाउँपालिकामा कुल साक्षरता दरमा महिलाको हिस्सा केवल ४५% रहेको अवस्था छ।

### ४.२.२ वर्तमान अवस्था

लैंगिक अनुपात ०.९३ रहेको यस गाउँपालिकामा गाउँ कार्यपालिका, वडा समिति, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति लगायत विभिनन संघसंस्थामा महिला तथा दलितको सहभागिता उल्लेख्य रहेको छ।

शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहायबमोजिमका चुनौतीहरु पहिचान गरिएको छः

१. विद्यालयहरुमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने।
२. लैंगिक मूल प्रवाहीकरणमा महिलाको सहभागिता सुनिश्चित गर्नु।
३. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पु¥याउने।
४. विद्यालय शिक्षालाई विभेदरहित र बालमैत्री बनाउने।

### ४.२.३ उद्देश्यहरु

१. शिक्षामा लक्षित वर्गको पहुचमा वृद्धि गर्नु।
२. विद्यालय शिक्षामा कुनैपनि प्रकारका भेदभाव नराखी स्वागतयोग्य सिकाइ वातावरण सुनिश्चित गर्नु।
३. शैक्षिक सुशासन कायम गर्नु।
४. विद्यालयले संचालन गर्ने शैक्षणिक कार्यकलापहरुमा समावेशिता तथा समताको सुनिश्चित गर्नु।
५. विद्यालयलाई लैङ्गिकमैत्री, अपाङ्गमैत्री तथा बालमैत्री बनाउने।

### ४.२.४ रणनीतिहरु

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता यकिन गरी सबै प्रकारका बालबालिकाहरुलाई विद्यालय आउने वातावरण मिलाइनेछ।

२. सामाजिक, आर्थिक, भाषिक, शैक्षिक आदि क्षेत्रमा बिना भेदभाव सिकारुहरुलाई सिक्न प्रोत्साहन गरिनेछ।
३. विद्यालयहरुमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने छ।
४. विद्यालयमा बालमैत्री वातावरण सिर्जना गरिने छ।
५. विद्यालयले संचालन गर्ने अतिरिक्त कार्यकलापहरुमा सिकारुहरुको समान सहभागीता सुनिश्चित गरिनेछ।
६. आधारभूत तहमा मातृभाषामा सिक्ने अवसर प्रदान गरिने छ।
७. लैंगिकमैत्री, अपाङ्गमैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण गरिने छ।
८. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ।
९. प्रत्यक विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था गरिने छ।

४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

१. विद्यालय शिक्षामा सबै बालबालिकाहरुको समतामूलक पहुँच र सहभागिता, गुणस्तर र सान्दर्भिक्ता तथा संस्थागत क्षमता अभिवृद्धि गरी गुणस्तरीय शिक्षा निश्चित हुने।

**ख) नतिजा**

१. सामाजिक, भाषिक, धार्मिक, सांस्कृतिक, आर्थिक आदि पक्षमा बालबालिकाहरुले कुनै प्रकारको भेदभाव सहनुपर्ने छैन।
२. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सबै बालबालिकाहरुलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने।
३. सबै क्षमताका बालबालिकाहरुको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर अभिवृद्धि गर्ने।
४. विद्यालयहरुमा अपाङ्गमैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने।
५. बालबालिकाहरुका विविध समस्या समाधान गर्न मनोसामाजिक परामर्श प्रदान गरिने।

**ग) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

तालिका नं. ४.१

शैक्षिक समता र समावेशीकरणका प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | अवस्था र आवश्यकता पहिचान | पटक | १ | १ | | | | ४ | गा.पा. |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सहभागीता | निरन्तर | १ | १ | १ | १ | १ | १० | गा.पा.तथा विद्यालय |
| ३ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | | | | | | | गा.पा. |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | आवसीय विद्यालय मार्फत छात्रवृत्ति | निरन्तर | | | | | | | |
| ५ | विद्यालयहरुमा वालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | संख्या | | | | | | ३५ | गा.पा.रविदेयालय |
| ६ | मातृभाषामा सिकाइको अवसर प्रदान गरिने | निरन्तर | १ | १ | | | | | गा.पा.विद्यालय |
| ७ | मनोसामाजिक परामर्श | निरन्तर | १ | १ | | | | | विद्यालय |
| ८ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | आवश्यकता अनुसार | १ | | | | | | गा.पा. |

## ४.३ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.३.१ परिचय

पोषणबिना व्यक्तिको शारीरिक तथा मानसिक विकास अपेक्षित रुपमा हुन सक्दैन। त्यस कारण नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको निशुल्क र अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि बनेको निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा ऐन २०७५ एवम् नियमावली २०७७ ले दिवा खाजाको प्रावधानलाई कानूनीरुपमा स्थापित गरेको छ। आर्थिक वर्ष २०७७/०७८ देखि सामुदायिक विद्यालयका पूर्व प्राथमिकदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीलाई दिवा खाजाको व्यवस्था गरिएको छ। नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौँ योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरुमा दिवा खाजालाई प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरुलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरु हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ।

पोषणले बालबालिकाको शारीरिक , मानसिक, बौद्धिक तथा संवेगात्मक अवस्था तन्दुरुस्त हुने भएकोले शैक्षिक उपलब्धिमा समेत यसले सकारात्मक प्रभाव पर्दछ। बालबालिकाहरुलाई सँधै पोषणयुक्त खानाको व्यवस्था हुनुपर्दछ। बालबालिकाको स्वास्थ्य परीक्षण, अर्धवार्षिक रुपमा जुकाको औषधि, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गरेको अवस्था छ।

विद्यालयमा हुने सरसफाइ तथा स्वस्थ वातावरणले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ। यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक प्रभाव पार्ने गर्दछ।

### ४.३.२ वर्तमान अवस्था

आ.व. २०७७/०७८ देखि नेपाल सरकाले दिवा खाजा कार्यक्रम शुरु गरेपछि यस गाउँपालिकाका पूर्व प्राथमिक देखि कक्षा ५ सम्मका २२७७ जना विद्यार्थीहरु लाभान्वित भएका छन्। उक्त कार्यक्रमका लागि आ.व. २०७७/०७८ मा रु. २७,११,४०१।– खर्च भएको थियो। यस पालिकाभित्रका प्राय सबै विद्यालयहरुले दिवा खाजाको व्यवस्था विद्यालयमा नै खुवाउने व्यवस्था मिलाइको छ। शैक्षिक सत्र २०७७ बाट शंखेश्वरी मा.वि. वराहपोखरीमा विद्यालय नर्स सेवा कार्यक्रमसमेत सुरु भएको अवस्था रहेको छ। जसले गर्दा त्यस विद्यालयका करिब ६५० विद्यार्थीहरु प्राथमिक स्वास्थ्य सेवाबाट लाभान्वित भएका छन्। शैक्षिक सत्र २०७७ बाट गाउँपालिकाका सबै माध्यमिक विद्यालयहरुलाई निशुल्क सेनिटरी प्याड वितरण हुँदै आएकोबाट पालिकाभरिका विद्यालयमा अध्ययनरत किशोरीहरुलाई महिनावारी स्वास्थ्यसँग सम्बन्धित सेवा पुगेको छ। नजिकको स्वास्थ्य संस्थाबाट प्रत्येक ६/६ महिनामा जुकाको औषधि वितरण हुँदै

आएको छ भने विद्यालयका १३ वर्ष माथिका किशोरीहरुलाई फोलिक एसिड तथा आइरन चक्की समेत वर्षको १३ हप्ताको दरले वितरण हुँदै आएको छ।

दिवा खाजासहित स्वास्थ्य तथा पोषणको कार्यक्रममा निम्नलिखित चुनौतीहरु पहिचान गरिएको छः

१. बालबालिकाहरुलाई विद्यालयमा नै दिवा खाजा तयार गरी खुवाउनु।
२. सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्नु।
३. दिवा खाजाको राष्ट्रिय मापदण्डले निर्णारण गरे अनुसारको पौष्टिक तत्व भएको खाजाको सुनिश्चितता गर्नु।
४. स्थानीय क्षेत्रमा उत्पादित खाद्य्य वस्तुलाई दिवा खजताको रुपमा खुवाउने प्रबन्ध गर्नु।

४.३.३ उद्देश्य

१. बालबालिकाहरुलाई स्वस्थ्य तथा पोषणयुक्त आहारको सुनिश्चित गर्नु।
२. विद्यालयमा खुवाइने दिवा खाजा कार्यक्रमको कार्यन्वयनमा प्रभावकारिता ल्याउनु।
३. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
४. सिकारुहरुको स्वास्थ्य, पोषण तथा सफाई सम्बन्धी सकारात्मक आचरण विकासमा सुधार ल्याउनु।

४.३.४ रणनीतिहरु

योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ।

१. दिवा खाजाको राष्ट्रिय मापदण्डले निर्धारण गरेको पौष्टिक आहार प्राप्त गर्न स्थानीय तहमै उत्पादित खाद्य्यवस्तु दिवा खाजाको रुपमा ख्वाउने वातावरण मिलाइनेछ।
२. शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई समेटी विद्यालय स्वास्थ्य तथा पोषण रणनीति तयार गरिने छ।
३. प्रत्येक विद्यालयमा नै ०-५ कक्षाका विद्यार्थीहरुलाई सफा, ताजा र पोषिलो खाजा तयार पारी खुवाउने व्यवस्था मिलाइनेछ।
४. प्रत्येक विद्यालयमा प्राथमिक स्वास्थ्य सम्बन्धी स्वास्थ्य सामाग्री वितरण गरिनेछ।
५. अभिभावक शिक्षा तथा आमा समूहमार्फत पोषण कार्यक्रम लागू गरिनेछ।

४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि तथा नतिजाहरु**

१. स्थानीय स्तरमा उत्पादित स्वच्छ, ताजा र पोषणयुक्त खाद्य्यवस्तु विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकालाई दिवा खाजाको रुपमा खुवाइने।
२. नि.मा.वि. तथा मा.वि. मा एक-एक जना विद्यालय नर्सको व्यवस्था गरी बालबालिकाहरुलाई प्राथमिक स्वास्थ्य सेवा प्रवाह गरिने।
३. प्राथमिक तहका कलिला बालबालिकाहरुका लागि आधारभूत औषधि उपचारका सामाग्रीहरु प्राप्त हुने।
४. सरसफाईसम्बन्धी आवश्यक पूर्वाधारको विकास हुने।
५. बालबालिकाहरु शारीरिक, मानसिक र संवेगात्मक रुपमा विद्यालय आउन तयार हुने वातावरण तयार हुने।

**ख) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

तालिका नं. ४.२

दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय स्वास्थ्य सेवा समिति गठन | संख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | |
| २ | स्थानीय पाठ्यक्रममा पोषणसम्बन्धी विषयवस्तु समावेश गर्ने | पटक | १ | | | | | २ | |
| ३ | सरसफाइसम्बन्धी आवश्यक पुर्वाधार विकास गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ४.४ छात्रवृत्ति

### ४.४.१ परिचय

खास सीमामा आधारित रही बालबालिकाहरुलाई दिइने उत्प्रेरणामूलक प्रोत्साहन छात्रावृत्ति हो । छात्रावृत्ति विद्यालय शिक्षामा विद्यार्थीहरुको सहभागिता वृद्धि गरी सिकाइलाई निरन्तरता दिन तथा विद्यालय वाहिर रहेका, आर्थिक रुपले पिछडिएका,सामाजिक रुपमा पछाडि पारिएका वर्गलाई प्रदान गरिन्छ । छात्रवृत्तिले लक्षित समूदायहरु गरिव, सुविधाविहिन, अपाङ्ग तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरुलाई विद्यालयमा टिकाइ राख्न मद्दत गर्दछ ।

### ४.४.२ वर्तमान अवस्था

नेपाल सरकारले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि गरिब, दलित, अपाङ्ग, छात्रा, पिछडीएका क्षेत्र तथा जनजातीहरुलाई विभिन्न किसिमका छात्रवृत्तिहरु प्रदान गर्दै आएको छ । यस गाउँपालिका अन्तर्गत आधारभूत तहमा अध्ययनरत १५१८ जना छात्रा छात्रवृत्ति, १४२ जनाले दलितछात्रवृत्ति, १ छात्राले क वर्गको अपाङ्गता छात्रावृत्ति तथा ५ जना विद्यार्थीले अपाङ्गता छात्रावृत्ति गरी जम्मा १६६६ जनाले शैक्षिक सत्र २०७७ मा छात्रवृत्ति प्राप्त गरेका थिए । यसका अतिरिक्त विद्यालयहरुले आफ्नो निजि स्रोतबाट जेहन्दार विद्यार्थीहरुलाई, विभिन्न परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्दै आएका छन् । विभिन्न संघ संस्था तथा व्यक्तिहरुले समेत अक्षयकोष निर्माण गरेर, विभिन्न प्रतिष्ठानहरुको निर्माण गरेर जेहन्दार र गरिव परिवारका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रादान गरिदैछ ।

यस गाउँपालिकामा छात्रवृत्तिसम्बन्धी निम्नलिखित चुनौतिहरु पहिचान गरिएको छः

१. छात्रवृत्तिको रकम दर वृद्धि गर्नु ।
२. समन्यायिक आधारमा छात्रावृत्ति प्रदान गर्नु ।
३. छात्रवृत्तिको कारणबाट विद्यालयमा विद्यार्थीको उपस्थिति प्रभावकारी बढाउनु ।
४. समयमै छात्रावृत्ति वितरण गर्नु ।

४.४.३ उद्देश्य

१. विद्यालयमा छात्रवृत्तिलाई लक्षित वर्गसम्म पुर्याई सिकाइमा सुधार ल्याउनु ।

२. छात्रवृत्ति वितरणलाई पारदर्शी बनाउनु ।

३. लक्षित वर्ग पहिचान गरी बालबालिकाहरुलाई सिकाइमा सहभागिता र उपलब्धि बढाउनु ।

४. विद्यालय वाहिर रहेका वालवालिकाहरुलाई विद्यालय शिक्षामा प्रवेश गराउनु।

४.४.४ राणनीति

१. लक्षित वर्ग पहिचान गरी छात्रवृत्ति वितरण गरिने छ ।

२. छात्रवृत्ति वितरणलाई पारदर्शी बनाउन अनुगमन कार्यलाई तिव्र बनाइनेछ ।

३. प्रत्यक विद्यालयमा छात्रवृत्ति वितरण समिति निर्माण गरी उक्त कार्यमा सोही समितिलाई जिम्मेवार बनाइनेछ ।

४. छात्रवृत्ति मार्फत विद्यार्थीहरुलाई प्रोत्साहन गरी विद्यालय शिक्षा हासिल गर्न उपउक्त वातावरण मिलाईनेछ ।

५. विभिन्न कारणले विद्यालय बाहिर रहेका वर्गलाई उचित छात्रवृत्ति प्रदान गर्न गाउँपालिकाबाट बजेट विनियोजन गरी कार्यन्वयन गरिनेछ ।

४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि तथा प्रमुख नतिजाहरु

गरिबी र अभावका कारण कुनैपनि बालबालिकाले शिक्षाको सुनौलो अवसरबाट बञ्चित हुनु नपर्ने।

लक्षित वर्गले निर्धारित छात्रवृत्ति प्राप्त गर्ने सुनिश्चितता हुने ।

छात्रावृत्ति वितरणमा पारदर्शिता कायम हुने ।

विद्यार्थीहरुले विद्यालय बाहिर रहनु नपर्ने तथा सिकाइमा पहुँच सुनिश्चित हुने ।

ख) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

तालिका नं. ४.३

छात्रवृत्ति कार्यक्रमका प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | छात्रवृत्ति छनोट र वितरण कार्यविधि विकास | पटक | १ | १ | १ | १ | १ | १० | गा.पा.तथा सङ्घ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | छात्रवृत्ति व्यवस्थापन समिति गठन | संख्या | १ | | १ | | १ | ५ | विद्यालय |
| ३ | अनुगमन तथा मूल्याङ्कन | संख्या | १ | १ | १ | १ | १ | १० | गा.पा. |

## ४.५ विद्यालयको भौतिक पूर्वाधार विकास

### ४.५.१ परिचय

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रुपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारभ्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १ वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचालय, सफा पिउनेपानी जस्ता कुराहरु आधारभूत संरचना हुन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरुमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिमयुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रुपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ।

### ४.५.२ वर्तमान अवस्था

यस गाउँपालिकामा  ३५ वटा सामुदायिक विद्यालयहरु रहेका छन्। सामुदायिक विद्यालय तर्फ ९० ओटा भवनमा ३३५ कक्षाकोठा रहेको अवस्था छ। शैक्षिक सत्र २०७७ सम्ममा पालिकाभित्रका सबै विद्यालयहरुमा कक्षाकोठाहरु धुलाम्य कक्षाकोठा मुक्त भएको अवस्था छैन। विद्यार्थी तथा शिक्षकहरुका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था प्राय विद्यालयमा रहेको छ भने पालिकाभरिका ४ ओटा माध्यमिक विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला रहेको अवस्था छ। ५ ओटा कम्प्युटर प्रयोगशाला रहेको यस पालिकामा ६ ओटा माध्यमिक विद्यालयहरुमा इन्टरनेट जडान भई सञ्चालनमा रहेको र अन्य विद्यालयहरुका लागि वजेट विनियोजन भई जडान हुने क्रममा रहेको अवस्था छ। विद्यालयको पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरु रहेका छन्:-

१. विद्यालयको पूर्वाधार विकास र विस्तारमा गाउँपालिकाले प्रयाप्त बजेट विनियोजन गर्नु।
२. सञ्चालित सम्पूर्ण विद्यालयहरुमा नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड बमोजिम भवन तथा पूर्वाधार विकास गर्नु।
३. केही विद्यालयहरुमा छुट्टा-छुट्टै छात्र-छात्रा शौचालयको व्यवस्था गर्नु।
४. विद्यालयहरुमा तार-घेरा, खानेपानी तथा मापदण्डअनुसारका कक्षाकोठाको व्यवस्थापन गर्नु।
५. पूर्वाधारलाई बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री बनाउनु।
६. बाँकी रहेका विद्यालयहरुमा ICT Lab, पुस्तकालय, विज्ञान प्रयोगशाला, गणित प्रयोगशाला आदिको प्रबन्ध मिलाउनु।

### ४.५.३ उद्देश्य

१. सबै विद्यालयहरुमा न्यूनतम मापदण्ड अनुसारका कक्षाकोठाहरुको व्यवस्था मिलाउनु।
२. छात्र-छात्राहरुलाई छुट्टाछुट्टै शौचालयको प्रबन्ध मिलाउनु।
३. विद्यालयलाई सुरक्षित बनाउन तार-घेराबारा गर्नु।

४. सिकाइलाई सहजीकरण गर्न आवश्यक ICT Lab, पुस्तकालय, विज्ञान प्रयोगशाला तथा आवश्यक शैक्षिक सामाग्रीको व्यवस्थापन गर्नु ।

### ४.५.४ राणनीतिहरु

१. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरी उचिच व्यवस्थापन गरिनेछ ।

२. छात्र-छात्राहरुका लागि अलग-अलग शौचालय नभएका विद्यालयहरुमा स्थानीय सरकारबाट बजेट विनियोजन गरी व्यवस्था मिलाइनेछ ।

३. विद्यालयलाई सुरक्षित, वातावरणमैत्री बनाउन स्थानीय सरकार तथा साझेदारी संघ-संस्थाहरबाट बजेट छुट्टाई प्रत्येक विद्यालयलाई तार-घेरा गरिनेछ ।

४. आंशिक रुपमा क्षति भएका विद्यालयका संरचनाको मर्मत सम्भार गरिनेछ ।

५. प्रत्येक विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, गणित प्रयोगशाला, कम्प्युटर प्रयोगशाला र पुस्तकालयको प्रवन्ध मिलाउन संघीय सरकारबाट प्राप्त बजेटलाई विद्यालयहरुमा कार्यक्रम नदोहोरिने गरी वितरण गरिनेछ ।

### ४.५.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

**क) उपलब्धि तथा नतिजा**

१. न्यूनतम मापदण्ड भएका विद्यालय भवन, कक्षाकोठाको प्रबन्ध हुने ।

२. प्रत्यक विद्यालयमा अलग अलग छात्र-छात्रा शौचालयको व्यवस्था भएको हुने ।

३. माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरुयोजना तयार हुने ।

४. पूर्वाधार विकासका लागि विद्यालय तह र विद्यार्थी संख्याको आधारमा मापदण्ड विकास हुने ।

५. पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधारको विकासले सरोकारवाला सबै लाभान्वित हुने ।

६. विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री भौतिक पूर्वाधार हुने ।

७. सबै विद्यालयहरुमा घेराबाराको व्यवस्था हुँदा विद्यालयको भौतिक सामग्रीको सुरक्षा हुने ।

ख) प्रमुख क्रियाकलाप र लक्ष्य

तालिका नं. ४.४

विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड | पटक | १ | | | | | १ | |
| २ | पूर्वाधार विकास एवम् विस्तारका लागि १० वर्षे गुरुयोजना | संख्या | १ | | | | | १ | |
| ३ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | १ | १ | १ | १ | १ | १० | |
| ४ | विद्यालयको मर्मत सम्भार | निरन्तर | | १ | १ | १ | १ | १० | |

## ४.६ विद्यालयमा सूचना र प्रविधि

### ४.६.१ परिचय

सूचना जानकारी वा ज्ञान हो । सञ्चार कुनै पनि निर्दिष्ट ज्ञान प्राप्तिका लागि एक व्यक्ति वा समूहबाट अर्को व्यक्ति वा समूहमा सूचना सम्प्रेषण गर्ने माध्यम हो । सञ्चारका साधनहरुलाई मिडिया भनिन्छ । सञ्चारका माध्यम अर्थात मिडियाको अर्थ सञ्चारको प्रवाह गर्दा उपयोगमा ल्याउने औजारका साधनको रुपमा लिइन्छ । सञ्चारका साधनका रुपमा अखबार पत्रपत्रिका, सिनेमा, रेडियो, टेलिभिजन, वेभसाइट, पुस्तक, सिडी, डिभिडी, भिडियो क्यासेट, इमेल, इन्टरनेट जस्ता साधन पर्दछन् । यी सञ्चारका साधनमध्ये आजभोलि सबैभन्दा भरपर्दो नविनतम साधनको रुपमा कम्प्युटर स्थापित भएको छ ।

नेपालको संविधान २०७२ ले निःशुल्क आधारभूत शिक्षा पाउने हक सुनिश्चित गरेको छ साथै माध्यमिक तहसम्म कानुनद्वारा निःशुल्क शिक्षा व्यवस्थित गर्दै जाने व्यवस्था गरेको छ साथै राज्यका नीतिअन्तर्गत देशको उन्नतिका लागि विज्ञान तथा प्रविधिको विकासलाई प्राथमिकता दिने र स्थानीय प्रविधिको विकासलाई जोड दिएको पाइन्छ । तेह्रौं योजना २०७२/०७३) ले सूचना तथा सञ्चार प्रविधिलाई समग्र शिक्षा प्रणालीको अभिन्न अङ्गका रूपमा एकीकृत गर्दै डिजिटल डिभाइडलाई कम गर्दै लगिने उल्लेख गरेको छ । शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ ले पनि नेपालको अन्तरिम संविधानले उल्लेख गरेको प्रावधानलाई आत्मसात गर्दै औपचारिक तथा अनौपचारिक शिक्षालाई व्यवस्थित बनाएको छ ।

शिक्षकले आफूले सिकेका ज्ञान सीप प्रविधि र तरिकालाई सफलतापूर्वक विद्यार्थीको सिकाइमा हस्तान्तरण गर्न प्रविधिको प्रयोग अनिवार्य भइसकेको छ । रेडियो, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर, डिजिटल क्यमेरा तथा इमेल इन्टरनेटजस्तो सूचना तथा सञ्चार प्रविधिका उपकरणहरु शिक्षण सामग्रीका रुपमा परम्परागत सामग्रीभन्दा बढी सान्दर्भिक, उपयुक्त र प्रभाकारी रुपमा प्रयोग गर्न सकिन्छ । चित्र, रङ्ग र ध्वनिको सम्मिश्रण हुने हुनाले यसबाट प्रभावकारी शिक्षा प्रदान गर्न सम्भव हुन्छ । सूचना प्रविधिको द्रुतदर विकास, बढ्दो प्रयोग, यसमा निहीत विषयवस्तुको प्रकृति र घट्दो मूल्यका कारण शिक्षण सिकाइ प्रक्रियामा यसको प्रयोग अर्थपूर्ण हुने देखिन्छ ।

हालको कोभिड–१९ को विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ । नेपाल सरकार शिक्षा मन्त्रालयले जारी गरेको वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार कोभिड १९ वा यस्तै प्रकारको विपद् वा महामारीजस्ता कारणले पठनपाठन गर्न कठीन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरु, स्वअध्ययन, दुर तथा खुला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ । अतः शिक्षण सिकाइमा सूचना तथा सञ्चर प्रविधिको कति उपयोगीता बढेको छ भन्ने कुरा यसैबाट पुष्टि हुन्छ ।

### ४.६.२ वर्तमान अवस्था

वराहपोखरी गाउँपालिकाको ६ वटै माध्यमिक विद्यालयहरुमा इन्टरनेटको जडान भएको छ भने अधारभूत विद्यालयहरुमा इन्टरनेट जडान हुने प्रक्रियामा रहेको छ । यस आर्थिक वर्षमा बाँकी विद्यालयहरुमा पनि इन्टरनेट जडान गर्नको लागि प्रत्येक विद्यालयहरुलाई रु. १२,०००।– का दरले अनुदान निकासा गरिएको छ । गाउँपालिकाभित्रका ३५ विद्यालयहरुमध्ये कम्प्युटर प्रयोगशाला भएका विद्यालयहरु ५ वटामात्र रहेको अवस्था छ । विद्युतको पहुँच पुगेका विद्यालय संख्या ५ ओटा छन् भने विद्युतको पहुँच पुगेका विद्यालयहरु तथा अन्य विद्यालयहरुमा पनि यस आर्थिक वर्षमा कमसेकम एकओटा कम्प्युटर र प्रिन्टर पुर्याउने लक्ष्य रहेको छ ।

गाउँपालिकाभित्रमा जम्मा ३५ ओटा विद्यालयमा ९० ओटा कम्प्युटर, १० ओटा प्रिन्टर, ६ ओटा प्रोजेक्टर, १५ ओटा अडियो सिस्टम, २ ओटा स्मार्टवोर्ड रहेको अवस्था छ । यस पालिकामा भएका शिक्षकहरुमध्ये करिव २० प्रतिशतले कम्प्युटरमा आफैं प्रश्नपत्र तयार पार्न सक्ने, अत्यन्त न्यून शिक्षकहरुले मात्र कक्षाकोठामा कम्प्युटरको प्रयोग गरी शिक्षण गर्ने गरेको तथ्य रहेको छ । मोवाइलको प्रयोग गरी पाठ्यपुस्तक, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीको प्रयोग गर्ने गरेको अवस्था समेत रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने

पालिकाभित्रका शिक्षकहरुमध्ये सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने सङ्ख्या न्यूनमात्र रहेको अवस्था छ।

अधिकांश विद्यालय प्रशासनले सामान्य लेटरप्याड र सर्टिपिगेटहरु कम्प्युटरको प्रयोग गरी बनाउने गरेको पाइए तापनि विद्यालयको सूचना प्रणाली, लेखा प्रणाली, विलिङ सिस्टम, कर प्रणालीमा यसको प्रयोग त्यति नहुने गरेको पाइएको छ।

यस गाउँपालिकाको शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी निम्नलिखित चुनौतीहरु पहिचान गरिएको छ।

सबै विद्यालयहरुमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गर्नु।

विस्तार गरिएका ई–पुस्तकालयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्नु।

सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु।

सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट शिक्षण सिकाइलाई प्रभावकारी बनाउनु।

प्रत्येक विद्यालयलाई इन्टरनेटको पहुँचमा ल्याई शिक्षक तथा विद्यार्थीहरुलाई प्रविधिमा जोड्नु।

४.६.३ उद्देश्यहरु

१. विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाउन सूचना तथा सञ्चार प्रविधिको विस्तार गर्नु।
२. विद्यालय शिक्षासँग सम्बन्धित IEMIS लगायतका तथ्याङ्कलाई प्रविधिको प्रयोग गरी व्यवस्थित गर्नु।
३. विद्यालयमा गरिने विभिन्न शीर्षकका अनुदान निकासा गर्न प्रविधिको प्रयोग गर्नु।
४. ई पुस्तकालयहरुको स्थापना तथा व्यवस्था गर्नु।

४.६.४ राणनीतिहरु

५. सबै विद्यालयहरुमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रवन्ध गरिने।
६. विद्यालयमा गरिने विभिन्न शीर्षकका अनुदान निकासालाई प्रविधिमैत्री बनाइनेछ।
७. IEMIS लगायतका तथ्याङ्कहरुलाई प्रविधिको प्रयोग गरी व्यवस्थित गरिनेछ।
८. सबै विद्यालयमा इन्टरनेटको जडान गरिनेछ र सोको प्रयोगलाई प्रभावकारी बनाइनेछ।
९. सूचना तथा सञ्चार प्रविधिमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्दतिको विकास गरिने छ।
१०. नि.मा.वि. र मा.वि. मा ई पुस्तकालयको स्थापना गरिनेछ।
११. प्रत्येक विद्यालयमा स्मार्टबोर्डको व्यवस्था १० वर्षभित्रमा गरिने लक्ष्य लिइनेछ।
१२. प्रत्येक शिक्षकलाई प्रविधिको प्रयोग गर्न प्रोत्साहन गरिनेछ।

४.६.५ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि तथा नतिजा**

१. यस पालिका अन्तर्गतका प्रत्येक विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गर्न तोकिए बमोजिमको रकम निकासा दिइने।
२. IEMIS लगायतका तथ्याङ्कहरु प्रविधिको माध्यमबाट व्यवस्थित भएको हुने।
३. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भई विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्द्धन हुने।
४. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग भई डिजिटल ल्यावको समेत व्यवस्था भएको हुने

५. विद्यालयको तथ्याङ्क पद्धति पूर्ण रुपमा डिजिटलाइज्ड हुने।

६. सूचना प्रविधिको प्रयोगमा विद्यार्थीहरु, अभिभावकहरु र समग्र समुदायनै चिर परिचित भई त्यसको उपयोग गर्न सक्षम हुने।

**ख) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

**तालिका नं.**

सूचना र प्रविधिका प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | डिजिटल ल्याव स्थापना | संख्या | ६ | ६ | ६ | ६ | ६ | सबै विद्यालय | |
| २ | कक्षाकोठामा प्रविधिको प्रयोग | संख्या | ६ | ६ | ६ | ६ | ६ | सबै विद्यालय | |
| ३ | ईपुस्तकालय अधावधिक र विस्तार | संख्या | ३५ | | | | | सबै विद्यालय | |
| ४ | तथ्याङ्कपद्धति पूर्ण डिजिटलाइज्ड | संख्या | ५ | ५ | ५ | १० | १० | सबै विद्यालय | |
| ५ | शिक्षकहरुको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | | |
| ६ | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन | निरन्तर | | | | | | | |

# परिछेद ५: विद्यालय सुशासन तथा व्यवस्थापन

## ५.१ परिचय

सुशासन भनेको असल वा राम्रो ढंगले गर्ने शासन व्यवस्था हो । शिक्षाप्रति निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई बुझाउँछ । विद्यालयमा योजनाको प्रभावकारी ढंगले कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाहरूको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचनाले, भूमिका तथा कार्यप्रक्रियाहरुले सहभागिता तथा सहमतिमा निर्णय गर्न वा निर्णय कार्यनयन गर्दै विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी विद्यार्थीलाई सिकाइप्रति जवाफदेही बनाइ सुशासनको प्रत्याभूति दिलाउन सकिन्छ । यसमा नेपाल सरकारका तीनै तहका सरकार, सरकारी तथा गैर सरकारी संस्था, विद्यालय सबैको भूमिका प्रमुख हुन्छ । यसका लागि शैक्षिक योजना कार्यान्वयन गर्न संस्थागत क्षमता विकास,योजना कार्यान्वयनको जिम्मेवारी,प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणाली स्थापित गर्नुपर्छ। यसरी सुशासन तथा व्यवस्थापनका लागि योजनाका उद्देश्य ,अपेक्षित नतिजा, कार्यक्रमहरूको स्वरुप संवैधानिक प्रावधानका साथै संघीय संरचनामा विभिन्न तहका सरकारका दायित्व,ज्ञान,प्रविधि,मूल्यमान्यता तथा दृष्टिकोणमा आएका परिवर्तनलाई विचार पुर्याउनु पर्दछ । नेपालको संविधानमा तीन तहका सरकारहरूको एकल तथा साझा अधिकारका सूचीसहित शिक्षकको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ ।
यस परिच्छेदमा सुशासन प्रबन्धहरू गरी शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्न आवश्यक पर्ने, संस्थागत संरचनाका क्षमता विकास योजना, कार्यान्वयन, अनुगमन मूल्यांकन तथा प्रतिवेदन प्रणालीको बारेमा चर्चा गरिएको छ ।

नेपालको शिक्षा क्षेत्रको वर्तमान परिप्रेक्ष्यमा तीनै तहका सरकारमा कर्मचारी व्यवस्थापन र संगठनात्मक स्वरुपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । आजको सूचना तथा प्रविधीको युगमा शैक्षिक गतिविधिलाई प्रभावकारी बनाउन शासकीय संरचना, प्रक्रिया र क्षमतामा सुधार गर्दै सुशासनको प्रत्याभूति प्रदान गर्नुका साथै संस्थागत संरचना र क्षमता विकास गर्न अवश्यक छ ।

यस योजनामा गाउँभित्रका प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, र माध्यमिक शिक्षामा सबै गाउँवासी विद्यालय उमेर समूहका बालबालिकाहरूको पहुँच र सहभागितामा सुनिश्चित गरी गुणस्तरमा सुधार,अनौपचारिक तथा जीवनपर्यन्त अवसरहरूको विस्तार, समता तथा समावेशीताको प्रवर्द्धन गरी जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । शिक्षामा सुधार ल्याउन त्यससंग सरोकारवाला सबैको क्षमता विकास गर्न आवश्यक रहेकाले यस खण्डमा गाउँभित्र सञ्चालित शिक्षा विकास कार्यक्रमहरूको कार्यान्वयनका लागि भएका प्रयासहरूको समीक्षा गर्दै विद्यालय क्षेत्रको योजना प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता तथा प्रक्रियामा देखिएका चुनौतीहरु पहिचान गर्दै तिनीहरूको समाधानका लागि सुशासन प्रवर्द्धन गरी आवश्यक परिवर्तनको प्रस्ताव सहित संरचना, क्षमता र प्रक्रियाको विकासका बारेमा चर्चा गरिएको छ ।

## ५.२ वर्तमान अवस्था

हालको संघीय संरचना अनुसार शिक्षा क्षेत्रको विकासका लागि संघ, प्रदेश, स्थानीय तहमा, तथा स्वायत्त निकायमा विभिन्न सरकारी संस्थाहरु रहेका छन् । संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। यसका मातहतमा केन्द्रीय तहमा पाठ्यक्रम विकास केन्द्र ,शिक्षा तथा मानवस्रोत विकास केन्द्र ,शैक्षिक गुणस्तर परीक्षणकेन्द्र रहेका छन भने शिक्षक सेवा आयोग र राष्ट्रिय परीक्षा बोर्ड स्वायत्त निकायका रूपमा रहेका छन् ।
आजसम्म संघीय शिक्षा ऐन जारी हुन नसकेकोले विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन अन्योलताको अवस्था रहेको छ । संघीय ,प्रादेशिक र स्थानीय तहमा ऐन तथा नियमावली नबनेका कारण प्रदेश र स्थानीय कानुनहरु बन्न सकेका छैनन् यसले शिक्षा क्षेत्रलाई अन्योलग्रस्त बनाएको गुनासो आइरहेको छ ।
प्रदेश स्तरमा प्रदेश शिक्षक तालिम केन्द्र क्रियाशील भए पनि स्थानीय तहमा कुनै पनि शिक्षा तालिम प्रदान गर्ने संस्था नहुनु र स्रोतकेन्द्र पनि खारेज हुनुले शैक्षिक गतिविधि तथा एकरुपता ल्याउनका साथै पुनर्ताजगी तालिम तथा शैक्षिक तालिमका कार्यक्रम सञ्चालनमा आउन

सकेका छैनन् । प्रदेशमा रहेको सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालय र शिक्षा विकास तथा समन्वय इकाई रहेका छन् ।

संघमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ भने स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षाको काम गाउँपालिकाको शिक्षा शाखा गाउँ शिक्षा समिति मार्फत सहजीकरण हुने गरेको छ । गाउँभित्र सञ्चालित सामुदायिक तथा निजी विद्यालयमा संचालन भइरहेका प्राविधिक धार तथा साधारण धारका साथै प्राविधिक तथा व्यवसायिक तालिम परिषद् बाट सम्बन्धन प्राप्त कार्यक्रमहरुलाई व्यवस्थित गर्ने नीतिगत कठिनाइका बाबजुत पनि सहजीकरण र समन्वयात्मक काम स्थानीय सरकारबाट हुँदै आएको छ ।

देश सङ्घीयतामा गएपनि सरकारका विभिन्न तहहरु बीच समन्वय हुन नसक्नु, कानून निर्माणमा भएको ढिलाइ जस्ता कारणले स्थानीय स्तरमा संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्न भिन्नभिन्न विशेषता र क्षमतालाई सम्बोधन हुन आवश्यक देखिन्छ ।

## ५.३ उद्देश्य

यस योजनामा संस्थागत संरचना र क्षमता विकाससम्बन्धी समग्र उद्देश्य स्थानीय संरचना बमोजिम सबै वडाहरु सञ्चालित सामुदायिक, संस्थागत तथा CTEVT बाट सञ्चालित शैक्षिक संस्था सिकाइ केन्द्र तथा बालक्लबहरुमा शिक्षाको शासकीय प्रबन्ध लाई थप सुदृढ गर्दै नतिजामुखी व्यवस्थापन गर्न रहेको छ । यसका उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।

गाउँक्षेत्रमा सञ्चालित शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको अनुगमन, मूल्याङ्कन गर्दै सहकार्य,सहअस्तित्व, समन्वय र सहकार्यको माध्यमद्वारा स्थानीयस्तरको शैक्षिक संयन्त्र निर्माण गरी संस्थागत विकास गर्ने ।

शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अनुसन्धानात्मक कार्य र विद्यार्थीहरूको सिकाइ उपलब्धिका आधारमा सुधार गर्नुपर्ने पक्षको पहिचान गरी गुणस्तर सम्वोधन गर्ने संरचना तथा जनशक्ति तयार गर्ने ।

शिक्षामा सुशासन कायम गर्न उत्तरदायीपूर्ण कार्य सम्पादन, जवाफदेही नतिजाका साथै शिक्षामा पहुँच, समता तथा समावेशीतालाई प्रोत्साहन गर्ने ।

गाउँभित्रका विद्यालय तथा शिक्षासँग सम्बद्ध क्षेत्रमा काम गर्ने शिक्षक, प्रधानाध्यापक, कर्मचारीहरु र संस्थाहरुको क्षमता विकास गर्ने ।

## ५.४ रणनीतिहरु

- सङ्घ तथा प्रदेशको ऐन तथा नियमवाली भित्र रहि स्थानीय तहको शिक्षा ऐन तथा नियमवली बनाई कानुनी प्रबन्धको व्यवस्था गर्ने ।
- गाउँ शिक्षा समितिलाई प्रभावपूर्ण बनाउने
- स्थानीय स्तरको शिक्षा समितिलाई शिक्षा समन्वय तथा विकास इकाइका तथा शिक्षा विकास निर्देशनालयसँग समन्वयात्मक सम्बन्ध स्थापना गर्ने ।
- गाउँमा गाउँ शिक्षा तालिम केन्द्र तथा रोष्टर प्रशिक्षकको व्यवस्था गर्ने ।
- गाउँ शिक्षक छनोट समिति बनाइ गाउँ भित्रका शिक्षकहरुबाट विज्ञ सूची तयार गर्ने ।
- समुदायमा साक्षरता अभिवृद्धि गर्न प्रौढ शिक्षा ,अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका लागि वार्ड स्तरमा आवश्यक संयन्त्र निर्माण गर्ने ।
- आधारभूत तह अन्तर्गत कक्षा ३, कक्षा ५ र कक्षा ८ मा पालिका स्तरको परीक्षा लागि गाउँपालिका स्तरीय परीक्षा बोर्डको अवधारणा विकास गरी कार्यान्वयन गर्ने ।
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता अभिवृद्धि गर्ने ।

- गाउँभित्रका शैक्षिक संस्था तथा त्यससँग सम्बन्धित कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने ।
- स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना तथा संचालन गर्ने ।

## ५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

**(क ) उपलब्धि**

- गाउँभित्र सञ्चालित शैक्षिक संस्थाहरुमा सुशासनको प्रवर्द्धन हुने र बालबालिकाहरूको सिकाइप्रति रुचि बढ्ने ।

**(ख) प्रमुख नतिजाहरु**

- गाउँशिक्षा को शासकीय तथा व्यवस्थापकीय कार्यको लागि आवश्यक पर्ने दक्ष जनशक्ति तथा संरचना तयार हुने ।
- गाउँभित्रका सबै वार्डहरुमा शिक्षाको विकासका लागि आवश्यक योजना तथा योजना कार्यान्वयन संयन्त्र तयार हुने ।
- शिक्षाको शासकीय तथा व्यवस्थापकीय क्षेत्रमा काम गर्ने जनशक्तिको क्षमता विकास गर्ने पद्धतिको विकास भई क्षमता अभिवृद्धि हुने ।
- गाउँभित्र शिक्षा प्रवाह गर्ने संस्थाहरुमा आवद्ध हुने सबैको आ आफ्नो दायित्व, जिम्मेवारी, अधिकारपत्रको बारेमा स्पष्ट हुने ।

**प्रमुख क्रियाकलापहरु र लक्ष्यहरु**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सबै विद्यालयमा गुनासो सुन्ने अधिकारी र गुनासो पेटिकाको ब्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | सबै विद्यालयहरूमा सूचना अधिकारीको व्यवस्था | जना | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | सामाजिक परीक्षण | पटक | २ | २ | २ | २ | २ | १० | २० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | प्रधानाध्यापक सँग कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | सबै प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापनमा संलग्न जनशक्तिलाई व्यवस्थापकीय तालिम | पटक | १ | | १ | | १ | ३ | ६ | |
| ७ | सबै विद्यालयहरूले सम्पादन गरेका कार्यलाई मासिकरुपमा सार्वजनिक कार्यक्रम | पटक | १० | १० | १० | १० | १० | ५० | ५० | |
| ८ | लेखा व्यवस्थापनमा विद्युतीय प्रणालीको विस्तार | विद्यालय | १२ | ६ | ७ | ५ | ५ | ३५ | ३५ | |
| ९ | विद्यालय सँग सरोकार राख्ने पदाधिकारीहरूको आचार संहितामा परिमार्जन र कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | सबै विद्यालयहरूमा आमा समूह गठन गरी विद्यालयको नियमित अनुगमन | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | ३५ | |
| ११ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लागि पूर्व विद्यार्थी समाज गठन | | | | | | | | | |
| १२ | वार्षिक विद्यालय कार्य सम्पादन परीक्षण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | सार्वजनिक विद्यालयको जग्गा जमिनलाई दिगो उपयोग गर्ने कार्यविधि निर्माण | पटक | | | १ | | १ | २ | २ | |

# परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध  राष्ट्र निर्माण गर्नमा शिक्षाको अहम भूमिका हुन्छ। भविष्यका लागि गुणस्तरीय मानव संशाधनको विकास गर्न शिक्षामा लगानी गर्नु आवश्यक छ । शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ।  राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ। शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दिगो विकासको लक्ष्यको लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हो। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको  योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरु उल्लेख गरिएको छ । पहिचान गरीएका चुनौतीहरुको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरु प्रस्तुत गरी स्रोतको आँकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

## ६.२ वर्तमान अवस्था

गाउँपालिकाको कूल वजेट मध्ये धेरै कमको वजेट  शिक्षामा विनियोजन गरेको छ।  शैक्षिक क्षेत्रमा गरिएको लगानीले समग्र  गाउँको शैक्षिक गतिविधिमा थप उर्जा प्रदान गर्ने निश्चत छ। तर शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रुपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरुमा सिमित देखिन्छन्। सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ। नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय वजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरिएको छ। भावी दिनमा शिक्षा क्षेत्रको वजेट वृद्धिमा राज्य र सरकारको ध्यान जानु अनिवार्य रहेको छ।

शिक्षामा राज्यको लगानीको अवस्था

नेपालमा वि.सं. २०४९/५० मा शिक्षामा राज्यको लगानी कूल राष्ट्रिय वजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो। कूल ग्राह्स्थ उत्पादनसँग शिक्षा क्षेत्रको वजेट तुलना गर्दा वि.सं. २०५५ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कूल गार्हस्थ वजेटको औसत ३.७ प्रतिशत रहेको थियो। विगत एक दशक अवधिमा सरकारबाट कूल राष्ट्रिय वजेटको औषत १३.२ प्रतिशत वजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ। नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्वपूर्ण अंश रहेको छ। विगत ५ वर्षको शिक्षा क्षेत्रको वजेटको औषत १०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ। विगत ५ वर्षको शिक्षा क्षेत्रको वजेट देहाय अनुसार रहेको छ।

| आ.व | शिक्षा बजेट | बैदेशिक सहायता रकम | बैदेशिक सहायता प्रतिशत | वार्षिक बजेट वृद्धि प्रतिशत | शिक्षा बजेटमा गार्हस्थ उत्पादनको प्रतिशत | कूल संघीय बजेटमा शिक्षा बजेटको अंश | शिक्षा बजेटमा गार्हस्थ उत्पादनको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| २०७३/७४ | ११,६३६ | १०३४ | ८.८८ | १७.९६ | ४.१ | ११.१ | ४.१ |
| २०७४/७५ | १२,६६४ | १०९६ | ८.६५ | ८.८४ | ४.२ | ९.९ | ४.२ |
| २०७५/७६ | १३,४५१ | १२८७ | ९.५७ | ६.२१ | ४.१ | १०.२ | ४.१ |
| २०७६/७७ | १६,३७६ | १७४६ | १०.६६ | २१.७४ | ४.४ | १०.६ | ४.४ |
| २०७७/७८ | १७,१७१ | २४५१ | १४.२८ | ४.८६ | ४.३ | ११.७ | ४.४ |

स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आ.व. को वजेट पुस्तिका)

माथिको तालिका अनुसार कूल वजेट वार्षिक रुपमा वृद्धि हुँदै गएको देखिन्छ। विगत ५ वर्षमा औसत ११.९ प्रतिशतका दरले शिक्षाको वजेट वृद्धि भएको देखिन्छ तापनि वार्षिक मूल्य वृद्धि दरसँग तुलना गर्ने हो भने औषत वास्तविक वजेट वृद्धि दर ५ प्रतिशतको हाराहारीमा मात्र देखिन्छ। कूल राष्ट्रिय वजेटमा शिक्षा क्षेत्रको ५ वर्षको वजेटको अंश ९.९ प्रतिशतदेखि ११.७ प्रतिशतसम्म रहेको देखिन्छ। आ.व. २०६७/६८ भने यो प्रतिशत १७.१ पुगेको थियो।

**शिक्षामा निजी लगानी**

नेपालमा निजी क्षेत्रबाट सञ्चालित संस्थागत विद्यालयमा पढ्ने विद्यार्थी सङ्ख्याको २५ प्रतिशतभन्दा बढी रहेको छ । प्रारम्भिक बालविकास शिक्षामा ५० प्रतिशत भन्दा बढी बालबालिका निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थामा सरकारी लगानी प्रत्यक्ष रुपमा नभए पनि प्रशासनिक र व्यवस्थापकीय कार्यमा सहयोग तथा सहजीकरण र नियमनका पक्षमा सरकारको भूमिका रहेको छ। यहाँ प्रति विद्यार्थी सार्वजनिक खर्च विभिन्न तहका सरकारले सम्बन्धित तहले शिक्षामा गरेको खर्चका आधारमा निकालिएको छ भने प्रति विद्यार्थी निजी लगानीले सामुदायिक विद्यालयमा अभिभावकले गर्ने विभिन्न प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च र निजी विद्यालयमा पढाउने अभिभावकले तिरेको शुल्क लगायत सबै खर्चहरु समावेश छन्।

| **शिक्षाको तह** | **प्रति विद्यार्थी लगानी रु.** | | **कैफियत** |
|---|---|---|---|
| | सार्वजनिक | निजी | |
| **बालविकास शिक्षा** | ३६०२ | १७,३३६ | |
| **प्राथमिक तह (१-५)** | ११,५३६ | २०,२५४ | |
| **आधारभूत तह (६-८)** | ११,२५१ | १९,९८४ | |
| **माध्यमिक तह (९-१०)** | १०,६८१ | ३१,६९६ | |
| **माध्यमिक तह (११-१२)** | १६,५५६ | ३५,७५२ | |

स्रोतः NCE Nepal (Cited from UNESCO/ILEP and MOE, 2018)

उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरु पहिचान गरीएको छः

१. शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रुपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्ने ।

२. संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तिनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने ।

३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरुप निजी क्षेत्रबाट शिक्षामा गरीने लगानीको व्यवस्थापन र स्वरुप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रुपम विकास गर्ने ।

४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिबद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने ।

५. वैदेशिक सहायतता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको दिगोपना सुनिश्चित गर्ने ।

६. आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधि मैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने ।

७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरुः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्ने ।

८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने ।

९. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रुपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरुको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने ।

१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने ।

११. वित्तीय व्यवस्थापन कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने

१२. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्ने ।

**६.३ उद्देश्य**

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरु देहाय अनुसार रहेको छन् ःः

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।

२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरीएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत वजेट निर्धारण गर्नु ।

४. खर्चको प्रक्रिया, तिनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु ।

## ६.४ रणनीतिहरु

योजनाको वित्तीय व्यवस्था देहाय बमोजिम सम्बन्धी रणनीतिहरु हुनेछन्ः-

१. विद्यालय शिक्षाको लागि कानूनमा तोकिए अनुसारको आर्थिक दायित्व तिनै तहका सरकारहरु विचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने ।

२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने ।

३. सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ ।

४. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल वजेटको वार्षिक रुपमा २० प्रतिशत पु¥याइनेछ ।

५. नेपालको वैदेशिक सहायता नीति अनुरुप शिक्षाको वजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ ।

६. उपागमको अवधारणा अनुसार कार्यक्रम खर्च तथा सेवामूलक व्यवसायका रुपमा विकास गरीनेछ ।

७. सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रुपमा विकास गरिनेछ ।

८. मापदण्डका आधारमा शिक्षामा नीजि तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरीनेछ । भने निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रुपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरीनेछ ।

९. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरीनेछ ।

१०. मापण्डमा आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरीनेछ ।

११. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइने छ ।

## ६.५ स्रोतको अनुमान र विश्लेषण

सामान्यतया स्रोतको अनुमान र विश्लेषण गर्दा अपेक्षा र नीतिका आधार तथा स्रोत उपलब्धताको अनुमान जस्ता दुई मूलभूत प्रक्रिया विचमा सामान्जस्य गर्ने प्रयास हुन्छ । नागरिक अपेक्षा, राष्ट्रिय प्रतिबद्धता, संवैधानिक प्रत्याभूति, शिक्षाका राष्ट्रिय नीति तथा कार्यक्रमलाई उचित रुपमा सम्बोधन गर्न कति छ त्यो पनि सँगसँगै विश्लेषण गरीन्छ । सामान्यतया राष्ट्रिय सामर्थय के कति छ त्यो पनि सँगसँगै विश्लेषण गरिन्छ । यस प्रकार आवश्यकता र सामर्थयको विचमा सामाञ्जस्य कायम गरी योजनाका कार्यक्रमहरु र तिनको प्राथमिकता निर्धारण गरिन्छ ।

## ६.६ प्रस्तावित कार्यक्रम तथा वजेट अनुमान

गाउँपालिकाले विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रमअनुसार १० वर्षका लागि तयार गरेको शिक्षा योजनाको (२०७८–२०८७) वजेट अनुमान गरिएको छ। वजेट अनुमान गर्दा सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम् सक्षमताका मापदण्ड पूरा गरी गुणस्तरीय सेवा सुनिश्चित गर्न लगानी बढाइएको छ। बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालयका सहयोगी कर्मचारीलाई दिंदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिने, सामुदायिक विद्यालय सुधार कार्यक्रम अभियानलाई सञ्चालन गरीने छ। माध्यमिक शिक्षालाई निःशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृद्धि तथा टिकाउ दर बढाउन र व्यावसायिक सिप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने वजेट समावेश गरीएको छ। आधारभूत तहमा ५ वर्षमा सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम् सक्षमताका मापदण्ड पूरा गर्ने भने माध्यमिक तहमा १० वर्ष भित्र सबै विद्यालयमा यो मापदण्ड पुरा गर्ने गरी वजेट प्रस्ताव गरिएको छ। विद्यालयको भौतिक अवस्था सुधार र गुणस्तर सुधारका लागि शिक्षक विकासमा पनि लगानी उल्लेख्य रहेको छ। पाठ्यक्रमको सान्दर्भिकता बढाउने, पाठ्पुस्तक सुधार गर्ने, शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने, आधारभूत तहसम्म दिवा खाजाको प्रबन्ध गर्ने, समता र समावेशितामा सुधार गर्न अपाङ्गता भएका, आर्थिक रुपमा विपन्न तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरुमध्ये केहीलाई आवासीय प्रबन्ध सहित शिक्षा प्रदान गर्ने र अन्यलाई छात्रवृत्तिका लागि पनि उल्लेख्य वजेट प्रस्तावित गरिएको छ।

यसका साथै देहाय बमोजिमका कार्यहरुलाई पनि निरन्तरता दिइनेछ ः

१. विद्यार्थी भर्ना अभियानलाई थप प्रभावकारी ढङ्गबाट सञ्चालन गरी विद्यार्थीको कक्षा छाड्ने दरलाई न्यूनीकरण गर्ने तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आधारभूत तहबाट नै सुधारका प्रयासहरु थप गरिने छ।

२. "वराहपोखरी गाउँपालिकाको इच्छा, गुणस्तरीय र सिपमूलक शिक्षा" भन्ने नारा सहित प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षालाई प्राथमिकता दिँदै प्राविधिक शिक्षण संस्थालाई सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

३. गाउँ भित्रको सामुदायिक विद्यालयहरु मध्ये एस.ई.ई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई पुरस्कार प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।

४. सबै विद्यालयहरुमा कक्षा सञ्चालन परीक्षा सञ्चालन विदाहरुमा एकरुपता ल्याउनको लागि वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरिनेछ।

५. शैक्षिक सुधारका लागि सबै विद्यालयका प्र.अ.हरुको नियमित बैठकलाई निरन्तरता दिँदै विद्यालय अनुगमन तथा सुपरिवेक्षणमा जोड दिइनेछ।

६. विद्यार्थीहरुमा रहेका प्रतिभालाई उजागर गर्न सहयोग पु¥याउने उद्देश्यले शैक्षिक मेला मार्फत हाजिरी जवाफ साँस्कृतिक कार्यक्रम, पठन प्रतियोगिता आदि सञ्चालन गरिने छ।

विद्यालय क्षेत्र अन्तर्गत विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट

| क्र.स. | शिर्षक वा क्षेत्र वा क्रियाकलाप | अनुमानित कुल आवश्यक बजेट | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०७७/७८ देखि २०८१/८२ | बजेट स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | संघिय | प्रदेश | स्थानी | गैसस | जनस | अन्य |
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | ४०००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | १५००००० | | | | | | |
| २ | आधारभुत शिक्षा | ६९५०००० | ७००००० | ७५०००० | ८००००० | ८००००० | ९००००० | ३०००००० | | | | | | |
| ३ | माध्यमिक शिक्षा | ६१००००० | ६००००० | ६००००० | ७००००० | ७००००० | ७००००० | २८००००० | | | | | | |
| ४ | पाठ्यक्रम तथा मूल्यांकन | ३७००००० | ३००००० | ३००००० | ३००००० | ४००००० | ४००००० | २०००००० | | | | | | |
| ५ | शिक्षक ब्यवस्थापन तथा विकास | ४९००००० | ४००००० | ४००००० | ५००००० | ५००००० | ६००००० | २५००००० | | | | | | |
| ६ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ | २७५०००० | २००००० | २००००० | २५०००० | ३००००० | ३००००० | १५००००० | | | | | | |
| ७ | शिक्षासमावेशि तथा समता | १८५०००० | १००००० | १५०००० | १५०००० | २००००० | २५०००० | १०००००० | | | | | | |
| ८ | दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रम | ७२०००००० | ७१००००० | ७३००००० | ७४००००० | ७५००००० | ७७००००० | ३५०००००० | | | | | | |
| ९ | छात्रवृति | १७५००००० | १५००००० | १६००००० | १७००००० | १८००००० | १९००००० | ९०००००० | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१०** | आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा | ७५००००० | ५००००० | ७००००० | ७००००० | ८००००० | ८००००० | ४०००००० | | | | | | |
| **११** | विद्यालयको भौतिक पुर्वधार विकास | ७१०००००० | ६०००००० | ६५००००० | ६५००००० | ७०००००० | ७५००००० | ३७५००००० | | | | | | |
| **१२** | सुचना र प्रविधि | १५३००००० | १२००००० | १३००००० | १४००००० | १६००००० | १८००००० | ८०००००० | | | | | | |
| **१३** | विद्यालय सुशासन तथा ब्यवस्थापन | ३४२००००० | ३०००००० | ३२००००० | ३४००००० | ३५००००० | ३६००००० | १७५००००० | | | | | | |
| **१४** | कार्यान्वयन अनुगमन तथा मुल्यांकन समन्वय तथा सहजीकरण | ३०००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १५००००० | | | | | | |
| | कुल बजेट रु. | २५०७५०००० | २२४००००० | २३८००००० | २४६००००० | २५९००००० | २७२५०००० | १२६८००००० | | | | | | |

# परिच्छेद ७ : कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय तथा सहजीकरण

## ७.१ परिचय

स्थानीय स्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरुमा स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भइरहेको छ ? शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित उपलब्धि हासिल गर्न सफल भएका छन् वा छैन भन्ने सुनिश्चितताको लागि एउटा सयन्त्र निर्माण गरी कार्यकम कार्यन्वयनको लक्ष तथा प्रगतिका बारेमा समयतालिका अनुसार निरिक्षण,पर्यबेक्षण,निगरानी,पूर्ननिरीक्षण, रेखदेख,जाँचबुझ भौतिक रुपमा वा अन्य कुनै साधनको प्रयोग गरी गर्ने गराउने काम अनुगमन हो। यसले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाको जानकारी गराउँछ । यसरी नै मूल्यांकनले शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता,उपयुक्तता, सान्दर्भिकताको, लेखाजोखा तथा जाँचबुझ गरी उक्त कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा जानकारी प्राप्त गरिन्छ । अनुगमन कार्यक्रम कार्यन्वयनको चरणमा गरिन्छ भने मुल्यांकन सम्बन्धी कार्यक्रमहरूको कार्यक्रम सञ्चालनका चरणहरु साथसाथै कार्यसपन्न भएपछि पनि गरिन्छ । स्थानीय स्तरमा संचालन भएको शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायी पूर्ण बनाउनको लागि अनुगमन तथा मूल्यांकन अनिवार्य छ ।

यसमा वराहपोखरी गाउँपालिकाको दशवर्षे शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयनका क्रममा आवश्यक ऐन तथा नियमावलीका आधारमा अनूगमन तथा मूल्यांकनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू,उद्देश्य रणनीति एवं यस शिक्षा क्षेत्रको योजनामा स्थानीय स्तरमा अनुगमन तथा मुल्यांकन प्रणालीको विकासका लागि गाउँपालिका भित्रका सवै वडाहरुमा संचालित सामुदायिक विद्यालय,संस्थागत तथा निजी विद्यालयहरु, बालविकास तथा सिकाइ केन्द्रहरुमा संचालित सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन,ढाँचा,साधन,विषय र प्रतिवेदन प्रस्तुत गरिएको छ ।

## ७.२ वर्तमान अवस्था

अनुभव तथा मूल्यांकनलाई योजनाको अभिन्न अंगका रुपमा लिदै हाल विद्यमान अवस्थामा रहेको गाउँ शिक्षा संयन्त्रलाई आवश्यकता अनुसार चुस्त र दुरुस्त बनाउँदै आवश्यक मानवीय तथा भौतिक व्यवस्थापनमा जोड दिँदै गाउँ प्रमुखको अध्यक्षतामा रहेको गाउँ शिक्षा समितिबाट आवश्यक रूपमा बैठक बसी कार्य प्रगति समीक्षा हुने गर्दछ । यसरी गाउँपालिकाका शिक्षा शाखाबाट पनि शैक्षिक गतिविधि तथा गाउँभित्र रहेका समुदायक,निजी, संस्थागत विद्यालयहरूको अनुगमन र मूल्यांकन भइरहेको छ। अनुगमन तथा मूल्यांकनका लागि विद्यालय क्षेत्र विकास योजना,चालु आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रमलाई आधार लिई सो को विवरण आवश्यकताका आधारमा शिक्षा विकास तथा समन्वय इकाई,शिक्षा विकास निर्देशालय ,सामाजिक विकास मन्त्रालय,शिक्षा तथा मानव श्रोत विकासकेन्द्र तथा शिक्षा विज्ञान तथा प्राविधिक मन्त्रालयमा पुर्याउने प्रबन्धमा गरीएको छ। शिक्षाको वार्षिक कार्यक्रम स्थानीय गाउँ शिक्षा ऐनमा व्यवस्था भएर अनुरूप गाउँ शिक्षा समितिबाट निर्णय गराई कार्यपालिकाले तयार गरेको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए अनुरूप हुने प्रवन्ध गरिएको छ। शैक्षिक व्यवस्थामा सूचना प्रणाली(IEMIS) मार्फत विद्यालय,विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा अन्य पूर्वाधार सम्बन्धी सूचनालिइ विद्यार्थीहरूको शैक्षिक उपलब्धिहरु, शिक्षक तथा विद्यार्थीहरूको सामाजिक तथा भाषिक पृष्ठभूमि तयार गर्दै गाउँको शैक्षिक पाश्वचित्र निर्माणको थालनी भएको छ । हाल आएर स्रोतकेन्द्र र स्रोत व्यक्ति नभएको अवस्था र गाउँशिक्षा योजनामा आवश्यक मानवस्रोत व्यवस्थापन हुन नसकेकोले योजनामा अनुगमन तथा मुल्यांकन कार्यमा केही राम्रा अवसरहरुका साथमा चुनौतीहरु रहेका छन् ।

शैक्षिक कार्यक्रमहरुमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यान्वयन प्रक्रियामा त्रुटिहरु छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरु निर्धारित कार्य तालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्ति तर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित

वा आवधिक रुपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण्, पर्यवेक्षण एवम् जाँबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ । शैक्षिक कार्यक्रमहरुको सान्दर्भिकत, उपयुक्तता, दक्षता प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरीन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ ।

## ७.३ चुनौती र अवसर

उल्लिखित विश्लेषणका आधारमा प्रमुख यस योजनामा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित चुनौतीहरु पहिचान गरीएको छ ।

**(क) चुनौतीहरु**

- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवम् राष्ट्रिय रुपमा उपयोगी मापनयोग्य सूचकहरुको निर्धारण, मापनयोग्य सूचकको निमार्ण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु ।
- अनुगमनलाई मागमा आधारित बनाउनु, अनुगमनमा नियमितता र एकरुपता कायम गर्नु,अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु,
- अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास,
- संघीयता कार्यान्वनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात् विद्यालय निरीक्षण सुपरिवेक्षणको काम पुनर्संगठन गर्नु,
- अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु,
- सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु ।
- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय तथा वडा स्तरमा उपयोगी हुने मापनयोग्य सूचकहरूको निर्धारण, निर्माण तथा सो संग सम्बन्धित दक्षता र सीप भएका जनशक्ति तयार गर्नु ।
- अनुगमन कार्यलाई नियमित, एकरुपता दिन र पर्याप्त स्रोत साधनको प्रबन्ध गर्नु ।
- अनुगमन तथा मूल्यांकनबाट प्राप्त जानकारीहरूको प्रतिवेदन तयार गरी पृष्ठभूमि प्रदान गर्न आवश्यक जनशक्ति अभाव ।
- अनुगमन तथा मूल्याङ्कनका लागि सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु ।
- अनुगमन तथा मूल्याङ्कनलाई निष्पक्ष,नियमित, भरपर्दो र विश्वसनीय बनाउन ।

**(ख) अवसर**

- पालिकाबाट नजिकको शिक्षा विकास समन्वय एकाइ तथा शिक्षा विकास निर्देशनालय भएकाले आवश्यकता अनुसारको जनशक्तिलाई अनुरोध गरी अनुगमन तथा मूल्यांकन गर्न सकिने।
- पालिक भित्र रहेका विद्यालयबाट योग्य तथा दक्ष शिक्षकहरूको सहयोगमा कार्यक्रम गर्न सकिने।
- जनप्रतिनिधिहरु शिक्षा र शैक्षिक कार्यका लागि सकारात्मक हुनु।
- पालिकाबाट वार्ड स्तरीय कार्यक्रम बनाइ सहजै अनुगमन तथा मूल्यांकन गर्न सकिने।
- प्रविधिहरूको विकास हुँदै जानु।
- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय तथा वडा स्तरमा उपयोगी हुने मापनयोग्य सूचकहरूको निर्धारण, निर्माण तथा सो संग सम्बन्धित दक्षता र सीप भएका जनशक्ति तयार गर्नु।
- अनुगमन कार्यलाई नियमित, एकरुपता दिन र पर्याप्त स्रोत साधनको प्रबन्ध गर्नु।
- अनुगमन तथा मूल्यांकनबाट प्राप्त जानकारीहरूको प्रतिवेदन तयार गरी पृष्ठभूमि प्रदान गर्न आवश्यक जनशक्ति अभाव।
- अनुगमन तथा मूल्याङ्कनका लागि सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।
- अनुगमन तथा मूल्याङ्कनलाई निष्पक्ष,नियमित, भरपर्दो र विश्वसनीय बनाउन।

## ७.४ उद्देश्य

- विश्वसनीय एवं प्रभावकारी अनुगमन प्रणालीको विकास गर्नु।
- नतिजामा आधारित अनुगमन र मूल्यांकन प्रणाली विकास गर्नु।
- कार्यक्रम कार्यान्वयनका क्रममा आएका समस्याहरुलाई समयमै पहिचान गरी आवश्यक पृष्ठपोषणका साथ अपेक्षित उपलब्धि प्राप्त गर्नु।
- आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग प्रदान गर्नु।
- शैक्षिक कार्यक्रमहरुको स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु।
- अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखी बनाउनु।
- नयाँ योजना तथा कार्यान्वयन कार्यक्रम तय गर्न सिकाइ प्रणाली विकास गर्नु।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।
- योजनाको लगानीदेखि प्रभव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु।

## ७.५ रणनीतिहरु

- प्रविधिको प्रयोग गरी अनुगमन तथा आम मूल्यांकनलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाइने छ।
- एकीकृत शैक्षिक अनुगमन तथा मुल्यांकन प्रणाली उपयोग गरिनेछ।
- स्थानीय आवश्यकता अनुसार सूचकहरु तयार गरी तिनिहरुलाई सूचना प्रणालीमा समावेश गरिनेछ ।

- गाउँभित्रका विद्यालयहरुलाई प्राविधिक सञ्जालभित्र जोडेर Online अनुगमन तथा मूल्यांकनको शुरुवात गरिनेछ।
- वार्षिक बजेटको निश्चित हिस्सा शिक्षा क्षेत्रको अनुगमन तथा मुल्यांकनलाई छुट्याई नियमित तथा नतिजामूलक बनाउने प्रणालीको विकास गरिनेछ।
- प्रत्येक शैक्षिक सत्रमा सञ्चालित शैक्षिक योजना,कार्यक्रम तथा परियोजनाहरुको नियमित , आवधिक ,मध्यावधिक तथा अन्तिम मुल्यांकन प्रणाली स्थापित गरिनेछ।
- अनुगमन तथा मुल्यांकनलाइ प्रतिवेदनमा आधारित बनाई पुरस्कार र दण्ड गर्ने प्रणाली विकास गरिनेछ।
- संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारविच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागु गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिने छ।
- गाउँका प्रमुख ज्यूको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिने छ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सुचक सहित कार्यान्वयन गरिने छ।
- वर्षको कम्तीमा २ पटक जननिर्वाचित पदाधिकारी बाट विद्यालयको अनुगमन गरिने छ भने युवा तथा खेलकुद शाखाबाट नियमित रुपमा अनुगमन गरिने छ।
- विद्यालय तहमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयन गरिने छ।
- गाउँ शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारिता अध्ययन तथा प्रतिवेदन प्रकाशित गरीने छ । यसका लागि गाउँ स्तरमा विज्ञहरुको अध्ययन टोली गठन गरी परिचालन गरिने छ।

## ७.६ उपलब्धि, नतिजा

**(क) उपलब्धि (Out comes)**

- योजना कार्यान्वयनका क्रममा आएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने।
- आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने।

**(ख) नतिजाहरु (key results)**

- नतिजामा आधारित अनुगमन प्रणाली हुने।
- अनुगमनका आधारमा नतिजा सुधार हुने।
- अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास हुने।
- विद्यार्थी उपलब्धि परिक्षण तथा विद्यालय कार्यसम्पादन परिक्षणलाई थप व्यवस्थित र नियमित भई त्यसका नतिजाका आधारमा सुधार गर्ने परिपाटी विकास हुने।

### ७.७ समन्वय र सहजीकरणः

गाउँपालिकाको शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा फोकल पर्सन, गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति तथा आवश्यक विभिन्न उपसमितिहरु गठन गरी नीति तथा योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको संयन्त्र तयार गरिने छ। यसका साथै गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा गाउँपालिकाको तर्फबाट नियमित अनुगमन तथा निरीक्षण प्रणाली स्थापना गरिने छ। गाउँ शिक्षा योजनाको कार्यान्वयनका लागि तथा विद्यालयका आवश्यकता र समस्या पहिचान, तिनिहरुको प्राथमिकीकरण, विद्यालयको कार्यसम्पादन, अनुगमन तथा मूल्याङ्कन र परीक्षण, विभिन्न बाह्य परीक्षण सञ्चालन, विभिन्न तालिम, कार्यशाला सञ्चालन लगायतका कामका लागि गाउँपालिकाको शिक्षा शाखा, गाउँ शिक्षा समितिका पदाधिकारीहरु जिम्मेवार हुनेछन्।

विद्यालयको आन्तरिक स्रोत पहिचान र परिचालन, विद्यालयका आवश्यकता र प्राथमिकता निर्धारण, शिक्षकहरुलाई कक्षाकोठामै सहयोग पु¥याउने पद्धति विकास गर्न संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा क्रियाकलाप सञ्चालन गरिनेछ। गाउँपालिकाले शिक्षा सहजकर्ताको व्यवस्था मिलाउनेछ। शिक्षा सहजकर्ताहरु विद्यालयमा आवश्यक कुनै पनि क्षमता विकासका क्रियाकलाप सञ्चालन तथा संयोजन गर्नेछन्। गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा गाउँपालिकाको तर्फबाट नियमित अनुगमन तथा निरीक्षण प्रणाली स्थापना गरिने छ। गाउँ शिक्षा योजनाको कार्यान्वयनका लागि तथा विद्यालयका आवश्यकता र समस्या पहिचान, तिनिहरुको प्राथमिकीकरण, विद्यालयको कार्यसम्पादन अनुगमन तथा मूल्याङ्कन र परीक्षण, विभिन्न बाह्य परीक्षण सञ्चालन, विभिन्न तालिम, कार्यशाला सञ्चालन लगायतका कामका लागि गाउँपालिकाको शिक्षा शाखा, गाउँ शिक्षा समितिका पदाधिकारीहरु जिम्मेवार हुनेछन्।

विद्यालयको आन्तरिक स्रोत पहिचान र परिचालन, विद्यालयका आवश्यकता र प्राथमिकता निर्धारण, शिक्षकहरुलाई कक्षाकोठामै सहयोग पुर्याउने पद्धति विकास गर्न संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा क्रियाकलाप सञ्चालन गरिने छ। गाउँपालिकाले शिक्षा सहनकर्ताको व्यवस्था मिलाउनेछ। शिक्षा सहजकर्ताहरु विद्यालय आवश्यक कुनै पनि क्षमता विकासका क्रियाकलाप सञ्चालन तथा संयोजन गर्नेछन्। विद्यालयको अनुगमन तथा मूल्याङ्कन र योजना कार्यान्वयनको लागि देहाय बमोजिमका कार्यहरु गर्न सकिन्छ ः

१. शिक्षा सहजकर्ताले प्रत्येक २ महिनामा हरेक विद्यालयको अनुगमन गर्नेछन्।

२. विद्यालयका समस्याहरु समाधानका लागि संयुक्त प्रयास गरी समस्या समाधानमा कसको के भूमिका हुने पहिचान गरी गाउँपालिकामा समष्टिगत प्रतिवेदन हरेक २ महिनामा पेस गरी छलफल तथा अन्तरक्रिया गर्नेछन्।

३. प्रत्येक तिन महिनामा गाउँपालिकाले योजनाको कार्यान्वयन अवस्था, समस्या र भावी क्रियाकलापका सम्बन्धमा छलफल गर्न वि.व्य.स. अध्यक्ष, प्रअ सहितको सहभागितामा समीक्षा गर्नेछ।

४. शिक्षा सहजकर्ताहरुले शिक्षक, प्रअ तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तथा अन्य शिक्षाका प्राविधिक कामहरु गर्नेछन्।

### ७.८ मुख्य क्रियाकलाप र लक्ष्य

| क्रम सं | क्रियाकलाप | एकाइ | लक्ष्य पहिलो ५ वर्ष | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | एकिकृत शैक्षिक अनुगमन तथा मुल्यांकन | | १ | १ | १ | १ | १ | ५ | |
| २. | नतिजाका आधारमा अनुगमन प्रणाली लागि सूचकहरु तयार गर्ने र अद्यावधिक गर्ने | | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन | | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ४. | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ५. | विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने | | - | २५% | २५% | २५% | २५% | | |
| ६. | वडा स्तरीय अनुगमन प्रणाली विकास तथा कार्यान्वयन | | १० | १० | १० | १० | १० | | |
| ७. | विद्यालय सामाजिक परीक्षण प्रभावकारी तथा नियमित | | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ८. | विद्यालयहरूको लेखापरीक्षण | | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ९ | नियमित रुपमा शिक्षा, युवा खेलकुद शाखाबाट अनुगमन | पटक | ४० | ४० | ४० | ४० | ४० | | स्थानीय तह |
| १० | संयुक्त रुपमा विद्यालय अनुगमन जन प्रतिनिधि शिक्षा शाखा | पटक | २ | २ | २ | २ | २ | | स्थानीय तह |
| ११ | नगर कार्यालयबाट नियमित विद्यालयको अनुगमन | पटक | १० | १० | १० | १० | १० | | स्थानीय तह |
| १२ | गाउँ शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारीता अध्ययन | पटक | | १ | | १ | १ | | |

**द्रष्टव्य**

- माथिको तालिकाको क्रम संख्या १ सँग सम्बन्धित अनुगमन तथा मूल्याङ्कनका लागि वराहपोखरी गाउँपालिका र ६ वटै वडाहरुको संयुक्त प्रयासमा अनुगमन तथा मूल्यांकन सम्बन्धी विशिष्ट जिम्मेवारी पहिचान गरिएमा दोहोरोपन हटेर सबै पक्ष समावेश भई प्रभावकारी अनुगमन तथा मूल्यांकन हुन सहयोग पुग्दछ।
- भौतिक संरचना, शिक्षकको पर्याप्तता तथा योग्यता, समुदायको सहभागिता, प्रविधि मैत्री वातावरण निर्माण, शिक्षक विद्यार्थीमैत्री शैक्षिक वातावरण, पाठ्यपुस्तक तथा छात्रवृत्ति वितरण जस्ता कार्यक्रमहरूको अनुगमन गर्ने मुख्य जिम्मेवारी वराहपोखरी गाउँपालिकाको हुने छ।
- शिक्षण सिकाइ क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन, नेतृत्व र व्यवस्थापन, विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान लगायतका कार्यक्रम कार्यान्वयनको प्रक्रियाको मुख्य जिम्मेवारी पालिकाको हुनेछ।
- शिक्षक विद्यार्थी नियमितता प्रतिशत, सिकाइमा प्रविधिको प्रयोग, भर्नादर, विद्यार्थी टिकाउ, कक्षा दोहोर्याउने दर र तालिमप्राप्त शिक्षक, प्राविधिक तथा नमुना विद्यालय संख्या तथा अवश्यकता लगायतका जस्ता कार्यक्रमको परिमाण अनुगमन पालिका मार्फत हुनेछ।

# परिच्छेद ८ : योजनाको खाका

| मुख्य कार्यसम्पादन सुचक | | | | | |
|---|---|---|---|---|---|
| **क्रस** | **तह** | **सुचांक** | **आव बर्ष २०७७** | **मध्यावधि २०८३** | **पूर्णावधि २०८८** |
| **1.1** | **प्रारम्भिक बाल विकास** | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ३१.८ | ६० | ८० |
| **1.2** | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | ३१.४ | ६५ | ९५ |
| **1.3** | | न्यनतम योग्यता पुरा भएका शिक्षकको प्रतिशत | १०० | १०० | १०० |
| **1.4** | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | ६० | ८५ | १०० |
| **1.5** | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ६३ | ८० | १०० |
| **2.1** | **आधारभुत तह** | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९९ | १०० | १०० |
| **2.2** | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | ११२.६ | | |
| **2.3** | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९८.७ | ९९.५ | १०० |
| **2.4** | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | ११२.९ | १०७ | १०१ |
| **2.5** | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | ९८.४ | ९९.३ | १०० |
| **2.6** | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | १०९.५ | १०५ | १०१ |
| **2.7** | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९८.५ | ९९.२ | १०० |
| **2.8** | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | १११.७ | १०४ | १०० |
| **2.9** | | आधारभूत तह(कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०१ | | |
| **2.10** | | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ६२.१ | ८३ | १०० |
| **2.11** | | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | NA | ६० | ८१ |
| **2.12** | | विद्यालय वाहिर रहेका बालबालिका* (%) कक्षा १-८ | १.५ | ० | ० |
| **3.1** | **माध्यमिक तह** | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | ७५.८ | ८७ | ९८ |
| **3.2** | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर* (%) | ११६.१ | १०८ | १०२ |
| **3.3** | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | २१.३ | ५० | ८० |

| | | | | | |
|---|---|---|---|---|---|
| **3.4** | | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर* (%) | १२६.५ | ११५ | १०५ |
| **3.5** | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ४८.६ | ७७ | ९५ |
| **3.6** | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ११९.२ | ११३ | १०४ |
| **3.7** | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउ दर (%) | ४७.९ | ७५ | ९१ |
| **3.8** | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | NA | ५९ | ७५ |
| **3.9** | | कक्षा १-१२ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १.१ | १.१ | १.१ |
| **4.1** | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | ५ बर्ष माथिको साक्षरता दर | ६६.३१ | ८० | ९५ |
| **4.2** | | ५-२४ बर्षको साक्षरता दर | NA | ८० | १०० |
| **4.3** | | १५ बर्ष माथिको साक्षरता दर | NA | ७० | ९५ |
| **5.1** | **महिला शिक्षक प्रतिशत** | आधारभूत तह (कक्षा१-८) | ४५.६ | ४८.२ | ५० |
| **5.2** | | माध्यमिक तह (कक्षा९-१२) | ८.६ | १५ | ३० |
| **6.1** | **PMEC पुरा गरेका विद्यालयको प्रतिशत** | बालविकास | ५० | ५५ | ६३ |
| **6.2** | | आधारभुत | ५२ | ७० | ८८ |
| **6.3** | | माध्यमिक | ४५ | ६८ | ८९ |
| **7.0** | **स्थानीय तहमा शिक्षाको बजेट प्रतिशत** | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | १.७३ | ४ | १० |
| **8. 1** | **छोड्नेदर** | आधारभूत तह (कक्षा१-५) | ५.३ | ३.१ | ० |
| | | आधारभूत तह (कक्षा६-८) | ८.७ | ४ | ० |
| **8.2** | | माध्यमिक तह (कक्षा ९-१०) | ५.१ | ३.२ | ० |
| **9.1** | **दोर्याउनेदर** | आधारभूत तह (कक्षा १-५) | ७.६ | ३ | ० |
| | | आधारभूत तह (कक्षा ६-८) | १.३ | ०.९ | ० |
| **9.2** | | माध्यमिक तह (कक्षा ९-१०) | ०.०० | ० | ० |
| **10.1** | **सिकाइ उपलब्धी दर** | कक्षा ८ ३.२ बाट ३.६ ग्रेड ल्याउने % | ४५ | ४० | ३० |
| **10.2** | | कक्षा ८ ३.६ बाट ४.० ग्रेड ल्याउने % | ४० | ५० | ६० |
| **10.3** | | कक्षा SEE ३.२ बाट ३.६ ग्रेड ल्याउने % | २० | ३५ | ४५ |
| **10.4** | | कक्षा SEE ३.६ बाट ४.० ग्रेड ल्याउने % | २ | १० | ३० |